# हिमा गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना

## ( २०८२-२०९२ )

श्री सूचना प्रविधि अधिकृतज्यू
सुझाव संकलनको लागी
website मा upload गर्नु हुन।

शिक्षा, युवा तथा खेलकुद शाखा
गाउँ कार्यपालिकाको कार्यालय
हिमा गाउँपालिका
कर्णाली प्रदेश, नेपाल

**प्रकाशन मिति : ५ बैशाख, २०८२**

## शिक्षा क्षेत्रको १० वर्षे योजना निर्माणमा संलग्न बिभिन्न समिति तथा पदाधिकारीहरू

**मूल/ संरक्षक समिति**

श्री लक्ष्मण बहादुर शाही, गाउँपालिका अध्यक्ष्य – संयोजक,

श्री सुर्पना शाही गाउँपालिका उपाध्यक्ष – सदस्य,

श्री रण बहादुर वुढा – सदस्य,

श्री रतन शाही – सदस्य,

श्री जग्ग बहादुर रोकाया – सदस्य,

श्री विक्रम शाही – सदस्य,

श्री कालो शाही – सदस्य,

श्री भिम बहादुर रावत – सदस्य,

श्री दन्त राज रावत, शिक्षा शाखा प्रमुख – सदस्य सचिव,

**सल्लाहकारहरुः**

श्री सुर्पना शाही गाउँपालिका उपाध्यक्ष - संयोजक,

श्री गज बहादुर शाही - सदस्य

श्री खाम्वा शाही – सदस्य

**लेखन समिति /कार्यदल**

श्री महेश रावल - संयोजक,

श्री धन लक्ष्मी धिताल - सदस्य,

श्री यहोदा बम शाही - सदस्य,

श्री वाचु कुमारी रोकाया - सदस्य,

श्री मान बहादुर वुढा - सदस्य,

श्री अर्जुन बहादुर शाही - सदस्य,

श्री प्रेम बहादुर हमाल

**विषयगत लेखन उप समितिः**

**शिक्षा उप-क्षेत्र कार्यदलहरु**

**प्रारम्भिका बालविकास र शिक्षा**

श्री नरेन्द्र बहादुर शाही

श्री कृष्ण बहादुर शाही - सदस्य

श्री दान बहादुर बुढा - सदस्य

**आधारभूत शिक्षा**

श्री डिल्ली प्रसाद आचार्य - संयोजक

श्री जनक बहादुर शाही - सदस्य

श्री अर्जुन बहादुर शाही - सदस्य

**माध्यमिक शिक्षा**

श्री- संयोजक : रंग बहादुर रोकाया

श्री डुगल शाही - सदस्य

श्री अर्जुन बहादुर शाही - सदस्य

**प्राविधिक तथा व्यवसायिक शिक्षा**

श्री ईन्द्र बहादुर महत  - संयोजक
श्री धने सार्की  - सदस्य
श्री परेक रोकाया - सदस्य

**अनौपचारिक शिक्षा र आजीवन सिकाइ**

श्री राम बहादुर रोकाया - संयोजक

श्री धन बहादुर रोकाया - सदस्य

श्री पदम नाथ योगि - सदस्य

**अन्तर सम्बन्धित बिषय र क्षेत्रहरु:**

**पाठ्यक्रम र मुल्याङ्कन**

श्री अनिमा पौडेल - संयोजक

श्री हरीशंकर आचार्य – सदस्य

श्री दिनेश चौलागाई - सदस्य

**शिक्षक व्यवस्थापन र विकास**

श्री काली बहादुर बुढा - संयोजक

श्री निम बहादुर बुढा – सदस्य

श्री जंग बहादुर शाही - सदस्य

**शैक्षिक समता र समावेशीकरण**

श्री राम बहादुर कठायत - संयोजक

श्री रंग बहादुर बुढा- सदस्य

श्री प्रवलाल जैशी - सदस्य

**विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम**

श्री राज्यलक्ष्मी रावल - संयोजक

श्री लोक प्रसाद उपाध्य - सदस्य

श्री नर सिह थापा - सदस्य

**शिक्षामा सूचना तथा सञ्चार प्रविधि**

श्री विरेन्द्र बम - संयोजक

श्री एम राज शाही - सदस्य

श्री भरत शाही - सदस्य

**विपद तथा आपतकालिन अवस्थामा शिक्षा**

श्री लोक प्रसाद उपाध्या - संयोजक

श्री नर बहादुर शाही - सदस्य

श्री कार्तिक रोकाया – सदस्य

**विद्यालयमा भौतिक पूर्वाधार  विकास**

श्री जग बहादुर  - संयोजक
श्री महेश रावत - सदस्य
श्री खम्वा शाही - सदस्य

**सुशासन तथा व्यवस्थापन**

श्री नर सिह थापा     - संयोजक
श्री दिनेश चौलागाई - सदस्य
श्री वसन्त रावत - सदस्य

**लगानी तथा स्रोत व्यवस्थापन**

श्री लोक प्रसाद उपाध्य  - संयोजक
श्री दीपेन्द्र सिह सामन्त - सदस्य
श्री हरी शंकर आचार्य - सदस्य

**अनुगमन तथा मुल्याङ्कन**

श्री दन्तराज रावत  - संयोजक
श्री रतन बहादुर शाही - सदस्य
श्री लोक प्रसाद उपाध्या - सदस्य

**प्राविधिक सहयोग**

प्लान ईन्टरनेशलन नेपाल
पेस नेपाल जुम्ला

## मेरो भनाई

"बिकासका सम्पुर्ण पुर्वाधारहरुको मूल आधार, हिमा गाउँवासि लाई सुखि, र सम्वृधिको सपना पार्नुछ साकार" हाम्रो गाउँपालिकाको शिक्षा क्षेत्रलाई बलियो र दिगो बनाउने लक्ष्यका साथ, हामीले शिक्षा योजना तयार पारेका छौँ। यो योजना बालबालिका, शिक्षक, र विद्यालयलाई आवश्यक स्रोतसाधन तथा पूर्वाधार उपलब्ध गराई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न केन्द्रित छ ।

हामी सबैलाई थाहा छ कि शिक्षित समाजले मात्र प्रगतिको मार्ग प्रशस्त गर्न सक्छ। यस योजनामार्फत हामीले विद्यालय स्तरोन्नति, शिक्षण पद्धतिको सुधार, र आर्थिक तथा अन्य रूपमा कमजोर तथा जोखिममा रहेका बालबालिका तथा विद्यार्थीहरूलाई सहयोगको व्यवस्था गर्नेछौँ, साथै हाम्रो गाउँपालिकाको समृद्धि र भविष्य शिक्षा प्रणालीको सुदृढीकरणसँग जोडिएको छ। यस शिक्षा योजनाले गुणस्तरीय शिक्षामा पहुँच प्रदान गर्न, विद्यार्थीहरूलाई प्रोत्साहन गर्न र शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण योगदान दिनेछ । गुणस्तरीय शिक्षा नै हाम्रो गाउँपालिकाको समृद्धि र परिवर्तनको आधार हो । यो योजनाबाट हाम्रो गाउँपालिकाको जनशक्तिले उज्ज्वल भविष्यको निर्माण गर्न सक्नेछन्। त्यसैले हामी सामुदायिक विद्यालयहरूको स्तर उकास्न, प्रत्येक बालबालिकालाई शिक्षाको अधिकार सुनिश्चित गर्न र आधुनिक शिक्षण पद्धतिको उपयोग गर्न प्रतिबद्ध छौँ। यो योजना गाउँपालिकाको हरेक नागरिकको सहयोगबाट मात्र सफल हुन सक्छ। त्यसैले, यो अभियानलाई सफल बनाउन सबैलाई हातेमालो गरिदिन समेत अनुरोध गर्दछु।

गाउँपालिका लगायत सरोकारवाला सवैको सहयोग र सहभागिताले मात्रै यो योजना सफल हुनेछ। शिक्षामा लगानी भनेको हाम्रो भविष्यमा लगानी हो। त्यसैले सबैलाई यस अभियानमा हातेमालो गर्न आग्रह गर्दछु ।

**श्री लक्ष्मण बहादुर शाही**
**अध्यक्ष**
**हिमा गाउँपालिका**
**जुम्ला**

# विषयसूची


विषय प्रवेश ........ 1
कभूमिका ( ........ 1
खशिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ( ........ 1
गशिक्षा योजना निर्माणका आधारहरु ( ........ 2
घशिक्षा योजना निर्माणको प्रक्रिया ( ........ 2
ङ) योजनाको लेखाजोखा ........ 2
चयोजनाको दस्तावेजको स्वरूप ( ........ 5
छअपेक्षित उपलव्धी ( ........ 6
परिच्छेदः १ परिचय ........ 7
१अवधारणा १ ........ 7
१वर्तमान अवस्था २ ........ 8
१.३ हिमा विराट गाउँपालिकाको परिचय ........ 10
१.४ जनसाङखिकीय संरचना ........ Error! Bookmark not defined.
१.५ सामाजिक साँस्कृतिक अवस्था ........ 19
१.६ चाडपर्व तथा साँस्कृतिक पर्वहरु ........ 19
१.७ आर्थिक अवस्था ........ 20
१.८ शिक्षा तथा साक्षरताको अवस्था ........ 21
१.९ मुख्य अवसर, समस्या तथा चुनौती ........ 22
परिच्छेद २: दूर दृष्टी, लक्ष्य, उद्देश्य, रणनीति तथा कृयाकलाप ........ 24
२.१सन्दर्भ र औचित्य ........ 24
२.२दीर्घकालीन सोच ........ 26
२.३ लक्ष्य ........ 26
२उद्देश्य ४. ........ 26
२रणनीति तथा कार्यनीति ५. ........ 27

२उपलब्धि तथा प्रमुख नतिजा ६. ........................................................................................................35

२.७ कार्यक्रम तथा नतिजा खाका........................................................................................................35

परिच्छेद –३ शिक्षाका मुख्य उपक्षेत्रहरू-........................................................................................................42

परिचय........................................................................................................42

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........................................................................................................43

३.१.१ परिचय ........................................................................................................43

३ वर्तमान २.१.अवस्था........................................................................................................44

३उद्देश्य ३.१. ........................................................................................................45

३रणनीति ४.१. ........................................................................................................45

३उपलब्धि तथा नतिजा प्रमुख ५.१. ........................................................................................................46

३.१.६ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य ........................................................................................................47

३.२ आधारभूत शिक्षा........................................................................................................48

३परि १.२.चय ........................................................................................................48

३अवस्था बर्तमान २.२........................................................................................................48

३चु ३.२.नौती र अवसरहरुः........................................................................................................49

३उद्देश्य ४.२. ........................................................................................................50

३रणनीतिहरू ५.२. ........................................................................................................50

३ ६.२.प्रमुख उपलब्धि तथा नतिजा ........................................................................................................51

३प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७.२. ........................................................................................................52

३.३ माध्यमिक शिक्षा........................................................................................................54

३.३.१ परिचय ........................................................................................................54

३.३.२ वर्तमान अवस्था........................................................................................................55

३.३.४ उद्देश्य ........................................................................................................55

३.३.५ रणनीतिहरू ........................................................................................................56

३.३.६ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य ........................................................................................................57

३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........................................................................................................58

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........................................................................................................60

३परिचय १.४. ........................................................................................................60

३चुनौती तथा अवसरहरु २.४. ........................................................................................................60

३उद्देश्य ३.४. ............................................................60
३रणनीति ४.४. ............................................................60
३.४.५ प्रमुख उपलब्धि तथा नतिजा ............................................................61
३.४.६ प्रमुख क्रियाकलाप रपरिमाणात्मक लक्ष्य ............................................................62
३.५ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ............................................................63
३.५.१ परिचय ............................................................63
३.५.२ वर्तमान अवस्था............................................................64
३ ३.५.चुनौती तथा अवसरहरु ............................................................64
३.५.४ उद्देश्य ............................................................64
३.५.५ रणनीति ............................................................65
३.५.६ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य ............................................................65
३प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ७.५. ............................................................67
परिच्छेद- ४, अन्तर सम्बन्धित उप- क्षेत्रहरु ............................................................68
४१.पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ............................................................68
४.१.१ वर्तमान अवस्था............................................................68
४.१.२ उद्देश्य ............................................................69
४.१.३ रणनीति ............................................................69
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ............................................................69
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य............................................................71
४शिक्षक व्यवस्थापन र विकास २............................................................72
४.२.१ वर्तमान अवस्था............................................................72
४.२.२ उद्देश्य ............................................................73
४.२.३ रणनीति............................................................73
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ............................................................73
४प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ५.२. ............................................................75
४शिक्षामा समता र समावेशीकरण ३. ............................................................80
४वर्तमान अवस्था १.३............................................................80

४उद्देश्य २.३. ....................................................................................................80
४.३.३ रणनीति ....................................................................................................81
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................81
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................83
४विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ४. ....................................................................................................85
४.४.१ वर्तमान अवस्था....................................................................................................85
४.४.२....................................................................................................उद्देश्य
....................................................................................................85
४.४.३....................................................................................................रणनीति
....................................................................................................85
४नतिजा तथा परिमाणात्मकलक्ष्य ४.४. ....................................................................................................86
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................88
४ ,विद्यालय सुरक्षा ५.विपत् न्यूनीकरण तथा उत्थानशीलता ....................................................................................................92
४वर्तमान अवस्था १.५....................................................................................................92
४.५.२ उद्देश्य ....................................................................................................92
४.५.३....................................................................................................रणनीति
....................................................................................................93
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................93
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................95
४विद्यालय भौतिक पूर्वाधार विकास ६. ....................................................................................................96
४.६.१ वर्तमान अवस्था....................................................................................................96
४.६.२ उद्देश्य ....................................................................................................96
४.६.३ रणनीति ....................................................................................................97
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................97
४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ....................................................................................................98
४शिक्षामा सूचना तथा सञ्चार प्रविधि ७....................................................................................................99
४.७.१ परिचय ....................................................................................................99
४.७.२ वर्तमान अवस्था....................................................................................................100
४.७.३ उद्देश्य ....................................................................................................100

४.७.४ रणनीतिहरू ....................................................................................................100

४.७.५  प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य ....................................................100

४प्रमुख क्रियाकलाप र लक्ष्यः ६.७..............................................................................102

परिच्छेद -५ सुशासन तथा व्यवस्थापन ....................................................................103

५परिचय १..................................................................................................................103

५शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास १. ..........................................104

५परिचय १.१. ...........................................................................................................104

५.१.२ वर्तमान अवस्था..................................................................................................105

५चुनौती र अवसरहरु ३.१. .........................................................................................106

५१..४ उद्देश्य ...........................................................................................................107

५१..५ रणनीतिहरू .....................................................................................................107

५१..६ उपलब्धि तथा प्रमुख नतिजा ...........................................................................107

g ...............................................................................................................................109

५स्थानीय शिक्षा योजना क २.ार्यान्वयनको प्रबन्ध...................................................111

५वर्तमान अवस्था १.२..................................................................................................112

५ २.२.उद्देश्य ...............................................................................................................114

५रणनीतिहरू ३.२. ......................................................................................................114

५.२.४ प्रमुख उपलब्धि तथा नतिजा .............................................................................115

५प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य ५.२. ......................................................117

परिच्छेदः ६ लगानी र स्रोत व्यवस्थापन ....................................................................119

६.१ परिचय.....................................................................................................................119

६.२ वर्तमान अवस्था.......................................................................................................120

६चुनौती तथा अवसरहरुः ३. ......................................................................................121

६.४ लक्ष्य ......................................................................................................................121

६.५ उद्देश्यहरू ...............................................................................................................121

६.६ रणनीतिहरू .............................................................................................................122

६.७  प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य..............................................................122

६वित्तीय योजना ७........................................................................................................123

परिच्छेद -७ अनुगमन तथा मुल्याङ्कन ..... 126

७.१ परिचय ..... 126

७.२ वर्तमान अवस्था ..... 126

७.३ उद्देश्य ..... 127

७.४ रणनीतिहरू ..... 128

७.५ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य ..... 128

७प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ६ ..... 130

# विषय प्रवेश

**क) भूमिका**

नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरी प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ। राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन र राष्ट्र निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ। यसै गरी संविधानले नै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यबस्था गरेको छ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेबारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लागायतलाई एकिकृत गरी गाउँपालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । संघीय सरकारले १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि संघीय शिक्षा क्षेत्र योजना अनुरुपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ । यसै सन्दर्भमा हिमा गाँउपालिका, जुम्लाले यो शिक्षा योजना निर्माण गरेको छ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उद्देश्यहरु पुरा हुने तथा उक्त अधिकार क्षेत्रभित्र स्थानीय तहले शिक्षाको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने उल्लेख भएअनुसार स्थानीय अवस्था, श्रोत र आवश्यकताका आधारमा शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने जमर्को गरिएको छ। गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, १० बर्षे शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा संघीय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य, उद्देश्य प्राप्तिमा मद्दत गर्न र यस गाउँ पालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रुपमा सहायता लिन शिक्षा योजना निर्माणको आवश्यकता देखिएको

हो । यो शिक्षा योजनाले शिक्षा क्षेत्रको विकासको लक्ष्य पुरा गर्न मद्दत गर्ने साथै राष्ट्रिय लक्ष पुरा गर्न पनि सहयोग गर्ने अपेक्षा गरिएको छ ।

### ग) शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानून निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ । संघीय स्वरुपको व्यवस्थामा सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उद्देश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी निर्वाह गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६–२०८५), १५ बर्षे दिगो विकास लक्ष्य, सोह्रौ आवधिक योजना, बिद्यालय शिक्षा क्षेत्र योजना (२०७८–२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्येय, लक्ष्य, उद्देश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आवश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दिर्घकालिन ध्येय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय, सन २०३० सम्मको दीगो विकास लक्ष्य , पालिकाको बार्षिक शिक्षा नीति तथा कार्यक्रमहरु, पालिकाको आवधिक योजना लगायतको आधारमा स्थानीय तहले शिक्षा योजना निमार्ण गरेको छ ।

### घ) शिक्षा योजना निर्माणको प्रक्रिया

शिक्षा योजना निर्माणका लागि पालिका कार्यपालिकाले आवश्यकता महशुस गरी शिक्षा योजना निर्माणको लागि नीतिगत व्यबस्था मार्फत आ.व ०८० / ८१ मा शिक्षा योजना निर्माणको प्रक्रिया थालनी गरेको छ । यस अन्तर्गत गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार योजना निर्माणका लागि गाउँ पालिकाका अध्यक्षको संयोजकत्वमा शिक्षा क्षेत्र योजना निर्माण मुल समिति गठन भयो । योजना लाइ कार्यरुप दिनका लागि गाउँपालका उप प्रमुखको संयोजकत्वमा सल्लाहकार समिति र शिक्षा शाखा प्रमुखको संयोजकत्वमा रहने गरी शिक्षा योजना लेखन समिति गठन भएको छ । कार्यदलको प्रारम्भिक कार्यशाला बैठक तथा अभिमुखीकरण मार्फत शिक्षा योजनाका मुख्य उप क्षेत्र र अन्तर सम्बन्धित क्षेत्रमा लेखन तथा सहजीकरणकालागि विभिन्न कार्यदलहरुको गठन भयो । यस कार्यदल /लेखन उपसमितिहरुले विभिन्न सरोकारवालाहरु संगको समन्वयमा तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै विषय क्षेत्रका विषय वस्तु संकलन गरी योजनाको मस्यौदा लेखन कार्य गरेको हो । तत् पश्चात मस्यौदा माथि विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट सल्लाह सुझाव प्राप्त गरी तयार गरियो । तयार गरिएको शिक्षा योजनालाई सुझाव संकलनका लागि सार्वजनिक गरियो र बाह्य बिज्ञ संस्थाका रुपमा प्लान इन्टरनेशनल मार्फत थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लैजाने गरी प्रक्रिया पुरा गरियो ।

### ङ) योजनाको लेखाजोखा

योजनाको तयारी गरिसकेपछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरु समेटेर यसको लेखाजोखा गरिनु पर्छ । जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो ।

गाउँपालिका भित्रका आन्तरिक विभिन्न विषय क्षेत्रका विज्ञहरूको सहभागितामूलक प्रक्रियाबाट यस योजनाको लेखालोखा गर्ने कार्य गरिएको छ। यस योजनाको लेखाजोखा गर्दा तलको तालिकामा दिइएका पक्षको सुक्ष्म विश्लेषण गरिएको थियो :

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता<br>(Leadership and participation) | ✓ शिक्षा योजना निर्माण प्रक्रियामा यस हिमा गाउँपालिका अध्यक्ष,उपाध्यक्ष,सामाजिका विकास समिति संयोजक, वडा अध्यक्ष , वि व्य स समिति, शिक्षक अभिभावक संघ विद्यालय प्र. अ तथा वरिष्ठ शिक्षकहरु विभिन्न छाता संगठनका प्रमुख तथा प्रतिनिधि पेस नेपाल लगायतको सक्रिय तथा अर्थपूर्ण सहभागिता रहेको तथा शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शि रुपमा निर्माण गरिएको थियो। |
| २ | पर्याप्तता र सान्दर्भिकता<br>(Adequacy and relevance) | ✓ योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका सम्पुर्ण सरोकारवालाहरुको सक्रिय सहभागिता तथा बृहत छलफल पश्चात निधार्ण गरिएकाले पर्याप्त तथा सान्दर्भिक छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर<br>(Equity, efficiency and quality) | ✓ शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ जसमा महिला शिक्षक संख्या / प्रतिशत, प्र .अ, वि. व्य. स अध्यक्षमा रहेका महिला संख्या / प्रतिशत, जनजाति दलित शिक्षक/ महिला शिक्षक, विद्यालयमा रहेका छात्रा संख्या, दलित, जनजाति र अल्पसंख्यक छात्रा को संख्या तथा प्रतिशत र उनिहरुको सिकाइ र गुणस्तर अभिवृद्धि र समग्र सक्षमताका मुद्दाहरुको सम्वोधन गरिएको छ। |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य<br>(Coherence) | ✓ शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, शिक्षा आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम गरिएको छ ।<br>✓ दिगो विकास लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ ।<br>✓ राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति अनुरूप क्रियाकलाप |

| | | |
|---|---|---|
| | | निधार्णगरि योजना बनाइएको निर्माण गरिएको छ ।<br><br>✓ शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम गरीएको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | ✓ योजनामा भएका विषयको अन्य पक्षसँग तादात्म्य कायम गरिएको छ ।<br><br>✓ योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक रुपमा बृहत छलफल पश्चात निर्धारण गरिएका छन् तथा अनुगमन र मूल्याङ्कनका संयन्त्रहरु निर्धारण गरिएका छन ।<br><br>✓ योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ।<br><br>✓ योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई उठान तथा सम्बोधन गरेको छ । |
| ६ | स्रोतको प्रबन्ध | ✓ शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका लागि आवश्यक स्रोतको क्षेत्र निर्धारण गरिएको र जिम्वेवारी तोकिएको छ साथै स्रोतको प्रबन्ध कस्ले गर्ने तोकिएको छ ।<br><br>✓ लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ ।<br><br>✓ योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल कायम गरिएको छ ।<br><br>✓ स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय , सहकार्य र साझेदारी प्रणालिको विकास गरिएको छ जस्ले गर्दा स्रोतको उपलब्धता र प्रयाप्तता रहेको छ । |
| ७ | संस्थागत क्षमता | ✓ योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ ।<br><br>✓ कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय |

| | | |
|---|---|---|
| | | गरिएको छ। |
| ८ | कार्यान्वयनमा तत्परता | ✓ योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ।<br>✓ योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ ।<br>✓ योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ। |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | ✓ स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ।<br>✓ आधिकारिक रुपमा प्रमाणित प्राथमिक तथा द्धितिय तथ्याङ्कको प्रयोग गरिएको छ ।<br>✓ तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | ✓ अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ।<br>✓ आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिएको छ।<br>✓ अनुगमन सूचकको प्रयोग गरिएको छ।<br>✓ प्रतिवेदन प्रणाली यकिन गरिएको छ। |

**च) योजनाको दस्तावेजको स्वरूप**

यस शिक्षा योजनाको स्वरूपलाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण २०८१) को अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार पारिएको छ । यस योजनाको परिचय खण्ड भन्दा पहिला गाउँपालिका अध्यक्ष, को शुभकामनातथा भनाइ, योजनाको कार्यकारी सारांश, विषयसूची, विषय प्रवेश, शिक्षा योजना निर्माणको आवश्यकता, स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य, शिक्षा योजना निर्माणका आधार, शिक्षा योजना निर्माण प्रक्रिया, योजनाको लेखाजोखा र योजनाको दस्तावेजको स्वरुप राखिएको छ भने अन्तिम खण्ड भन्दा पछाडि विभिन्न अनुसूचीहरु राखिएको छ।

**छ) अपेक्षित उपलव्धी**

योजना भनेको भविष्यमा हुने कुनै पनि काम कुशलतापूर्ण रुपमा सम्पन्न गर्नका लागि वनाइएको खाका हो। यसले काम सम्पन्न गर्नका लागि आवश्यक पर्ने कच्चा पदार्थका साथै लागत समेतको इष्टिमेट दिएको हुन्छ। र भविष्यमा त्यसले कस्तो परिणाम दिन्छ त्यो पनि आँकलन गरिएको हुन्छ। त्यस्तै हिमा गाउँपालिकाको शिक्षा योजनाले पनि पालिकाको समग्र भावी शिक्षा क्षेत्रको रुपरेखा वोकेको हुनाले यसले निम्न उल्लेखित उपलब्धि प्राप्त हुने अपेक्षा राखेको छ।

१. सबै बालबालिकाहरु विद्यालयमा समानुपाति समतामूलक पहुँचमा पुगेको हुने छ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत तथा माध्यमिक तह शिक्षाको व्यवस्था भएको हुने छ।
३. सम्पूर्ण तह र उमेर समूहका विद्यार्थीहरुले आफ्नो तह पूर्ण रुपले पुरा गरेका हुने छन।
४. विद्यालयमा आवश्यक तहगत शिक्षक दरवन्दिका साथै योग्य र सक्षम शिक्षकहरुको व्यवस्था भएको हुने छ।
५. गाउँपालिकाले सम्पूर्ण विद्यालयमा आफ्नो अपनत्व लिइसकेको हुने छ।
६. गाउँपालिकाले शिक्षा क्षेत्रमा कम्तिमा पनि आफ्नो वजेटको २० प्रतिसत वजेट शिक्षामा छुट्टयाउने परिपाटीको विकास भएकोहुने छ।
८. गाउँपालिका पूर्ण रुपमा साक्षर गाउँपालिका घोषणा भएको हुने छ।
९. अपाङ्ग तथा बालमैत्री पूर्ण भवनहरु बन्ने छन ।
१०. विद्यालयमा सबै तहमा कुल र खुद भर्ना दर वृद्धी भइ विद्यालय छोडने दर र दोहोरिने दर सुन्यमा झरेको हुने छ।
११. विद्यार्थीको सिकाई उपलव्धी ९५ प्रतिसत भन्दा माथी हुने छ।
१२. प्राविधिक शिक्षा दिने गुणस्तरीय बनाइ यसका थप क्षेत्र विस्तार भएको हुने छ।
१३. विद्यालय र समुदाय विच घनिष्ट सम्वन्ध स्थापना भएको हुने छ।
१४. अपाङग , तथा विभिन्न कारणले विद्यालय शिक्षामा आउन नसकेका बालबालिकाहरुले निर्वाध रुपमा आफ्नो क्षमतानुसार सीप सिक्ने उपयुक्त वातावरण पालिकाले वन्दवस्त गरेको हुने छ।
१५. १५देखी ४५ वर्षका प्रौढहरु दैनिक जीवनमा आइपर्ने क्रियाकलापहरु कुशलतापूर्वक सामाधान गर्न सक्ने छन।
१६. सबै तहको विद्यालयमा महिला दलित जनजाति तथा सिमान्तकृत समुदायबाट शिक्षकको उपस्थितिमा बृद्धि भएको हुने छ।

# परिच्छेदः १ परिचय

## १.१ अवधारणा

शिक्षाले मानिसको सर्वाङ्गीर्ण विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यो मानिसको नैसर्गिक अधिकारको विषय हो। यतिमात्र होइन शिक्षा देश विकासको मेरुदण्ड पनि हो। विश्वमा जतिपनि विकसित देशहरु छन् ति सबै देशहरु विकसित र समृद्ध हुनुमा शिक्षाको ठूलो देन छ। भनिन्छ कुनै पनि देशलाई विकसित बनाउनु छ भने त्यस देशको शिक्षा प्रणालीमा लगानी गर्नुपर्दछ। यस तथ्यलाई हेर्दा शिक्षा देश विकासको आधारशिला हो। गुणस्तरीय शिक्षाको प्राप्तिबाट उत्पादन भएका सक्षम जनशक्तिले नै देशमा उपलब्ध स्रोत साधनहरुको सहि रुपमा सदुपयोग र तिनीहरुको परिचालन गरी देशलाई विकासको गतिमा डोहोर्‍याउने गर्दछन्।

नेपालको संविधान (२०७२) को धारा ४ ले 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनि व्यवस्था गरिएको छ। नेपालको संविधान भाग ५ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धि कानूनको व्यवस्था गरेको छ। संविधानले राज्यको संरचनामा 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ। ' भनि व्यवस्था गरे बमोजिम नेपालको शासन प्रणालीमा तीन तहका सरकारहरु बनेका छन्। सबै भन्दा तल्लो तह स्थानीय सरकार हो। यसलाई घरदैलोको सरकार पनि भन्ने गरिन्छ। राज्यको संरचनाअनुसार संविधानले राज्यशक्तिको बाँडफाँड गरेको छ। धारा ५७ (४) मा ' स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानूनबमोजिम हुनेछ' भनि उल्लेख गरिएको छ। अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारका सूची राखीएको छ। अधिकार नं. ८ मा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ। साथै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची राखिएको छ जसको अधिकार नं २ मा शिक्षा, खेलकुद र पत्रपत्रिकाको अधिकार सम्बन्धि व्यवस्था गरिएको छ।

नेपालको संविधानकोधारा ५६मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोहि बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ। राज्यशक्तिको बाँडफाँडलाईसंविधानको अनुसूची ५, ६ र ८ मा सङ्घ,प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ र ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको प्रबन्ध गरिएको छ। शिक्षासम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यावहारिक कार्यान्वयन गर्न सहकारिता, सह–अस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ। विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनः

संरचनासँगै शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकायमा हुने गरी संवैधानिक रूपमा व्यवस्था गरिएको छ।

सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका नीति विकास गरी समृद्ध नेपाल र सुखी नेपाली' को चाहना पूरा गर्न शिक्षासम्बन्धी हालसम्म भएका प्रयास, उपलब्धि र पहिचान गरिएको समस्या तथा चूनौतीको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरूपता आउने गरी १० बर्षे (२०८१– २०९१) शिक्षा क्षेत्रको नयाँ योजना निर्माणलाई अगाडि बढाएको परिवेशमा चालू विद्यालय शिक्षा क्षेत्रयोजना विकास गर्न खोजिएको हो।

शिक्षा देश विकासको आधारशीला हो। यतिमात्र नभइ शिक्षा मर्यादित एवम् परिस्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो। ज्ञानमा आधारित समाजको माध्यमबाट मुलूकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिदै आइएको छ। लामो समयको अथक प्रयास पश्चात संविधान सभाबाट वि.स. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान २०७२ ले शिक्षालाई मानिसको मौलिक हकको रुपमा स्थापित गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्था गरेको छ। साथै शिक्षालाई वैज्ञानिक,प्राविधिक, व्यवसायिक ,सिपमूलक तथा रोजगारमूलक बनाउदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ। नेपालको संविधान, २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकहरुको व्यवस्था गरिएको छ। जस अन्तर्गत निम्न वुँदाहरु उल्लेख छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**१.२ वर्तमान अवस्था**

वर्तमान नेपालको सन्दर्भमा विद्यालय शिक्षाको गुणस्तर खस्कदै गएको भन्ने गुनासो व्यापक भएसँगै शिक्षा सबैको चासो र चिन्तनको विषय बनेको छ। नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय तथा सान्दर्भिक बनाइ सबैको पहुँचमा पुर्‍याउन र शिक्षा पाउने मानिसको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नेपालले शिक्षा सम्बन्धि विभिन्न अन्तर्राष्ट्रिय स्तरका घोषणाहरुमा हस्ताक्षर गरेको छ। जस अनुसार नेपालसरकारले हाल शिक्षाको महत्वपूर्ण दस्तावेज मानिएको इन्चोनघोषणामा (INCHEON Declaration) हस्ताक्षरगरीसन् २०३० सम्म सबैका लागि समाहित/समावेशी,

समतामूलक,गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका लागि सार्वजनिकशिक्षासुदृढीकरणगरिनेछ भनि प्रतिबद्धताजनाएको छ । यसका साथै सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकासका लक्ष्यहरू (SDGS) अन्तर्गतलक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षा सम्बन्धि लक्ष्यहरु समावेश गरिएको छ ,जसमा नेपालले पनि सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसरहरुलाई प्रवर्द्धन गर्ने र सोका लागि सन् २०३० सम्ममा अपाङ्गता लगायत सबै किशोर किशोरीहरुको निःशुल्क समतामूलक तथा गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षा सुनिश्चित गर्ने र यसबाट सान्दर्भिक र प्रभावकारी सिकाइ प्रतिफल प्राप्त हुने गन्तब्य तय गरिएको छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क शिक्षा पाउने व्यवस्थालाई सुनिश्चित गर्नको लागि निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको पाइन्छ, जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था उल्लेख गरिएको छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक र समावेशी पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारगर्न तथा नेपालको शिक्षा प्रणालीमा भएका उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकरात्मक प्रयासहरूलाई निरन्तरता दिनका लागि शिक्षाका नविनतम कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउन देखि २०८० असार (सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो, जसले राष्ट्रको सामाजिक -आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्प्रर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको उत्पादनमा योगदान पुर्‍याउने भिजन सहित नेपालको शिक्षा क्षेत्रमा समता,गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलता जस्ता विषयबस्तुहरुमा सुधार गर्ने उद्देश्य लिएको थियो। साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानूनी दायरामा ल्याउन शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ तथा शिक्षक सेवा आयोग नियमावली, २०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ। संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धि २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ। जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा,कार्यान्वयन, अनुगमन,मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ। साथै विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा नेपालको १६ औँ आवधिक योजना (२०८०/०८१-२०८४/२०८५)ले पनि प्रारम्भिक बालविकास देखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गणुस्तरीय, समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्प्रधि जनशक्ति मार्फत मुलुकको समग्रविकास प्रक्रियामा योगदान पुर्याउँछ । शिक्षाले मुलुकको आर्थिक समवृद्धी, सामाजिक प्रगति र ज्ञानमाआधारित अर्थतन्त्र र्निमाणका लागि आधारशिला प्रदान गर्दछ । जनशक्तिलाई आवश्यक ज्ञान, सीप, क्षमता र योग्यता प्रदान गर्दछ । शिक्षाले नवप्रवर्तन, रोजगार र उत्पादकत्व बढाउँछ । समाजमा आउने गतिशिलतालाई सम्बोधन गर्नेगरी वैज्ञानिक सास्कृतिक, अनुसन्धान तथा विकासमार्फत शिक्षा प्रणालीलाई उत्थानशील र उपयोगी बनाउने लक्ष्य लिएको छ। शिक्षा प्रणालीका लागि आवश्यकनीति, कानून, र्निदेशिका, कार्यविधि तथा मापदण्ड जारी गर्ने; विद्यालयमा साधारणतर्फ अध्ययनगर्ने भन्दा प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीको अनुपात क्रमश: वृद्धि गर्ने गरी नीतिगतव्यवस्था गर्ने; सबै तहको शैक्षिक उपलब्धिमा बढोत्तरी गर्ने, उच्च शिक्षा प्राप्तिका लागिविदेश जाने बढ्दो प्रवृत्तिलाई कम गर्न नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय, उत्पादनमूलकर रोजगारकेन्द्रित बनाउने; आधारभूत तह देखि नै

व्यवस्थित,प्रविधिमैत्री र गुणस्तरीय बनाउने कार्यनीति अवलम्बन गरेको छ। यसरी नेपालको संविधान,२०७२, राष्ट्रिय शिक्षा नीति,२०७६ दिगो विकास सम्बन्धी लक्ष्य, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, सोह्रौ योजना लगायतका शिक्षा सम्बन्धी ऐन, नीति, नियम कानून, योजनाहरुले तय गरेका लक्ष्य र उद्देश्यहरुको प्राप्तिका लागि यस हिमा गाउँपालिकाले बार्षिक शैक्षिक दर्पणको निर्माण तथा कार्यान्वय गरी शैक्षिक उपलब्धि प्राप्तिकालागि प्रयास गरेको छ साथै शिक्षालाई हरेक दृष्ट्रिकोणबाट व्यवस्थित, गुणस्तरीय, प्रविधिमैत्री, दिगो, समावेशी, समतामूलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि हिमा गाँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना २०८२ - २०९२ तयार पार्नु अपरिहार्य भएको छ।

### **१.३ हिमा गाउँपालिकाको परिचय**

नेपालको संविधान र राजनैतिक विभाजन अनुसार ७७ जिल्ला मध्ये जुम्ला जिल्ला पनि एक हो नेपाल सरकारको मिति २०७३ साल फागुन महिनाको २७ गतेका दिन नेपाल राजपत्रमा सूचना प्रकाशित गरि नेपालमा ७५३ स्थानिय तह रहने व्यवस्था गरेको थियो,जस अनुसार जुम्लामा एक नगरपालिका र सात गाउँपालीका गठन भएकोमा सो मध्ये एक हिमा गाउँपालिका पनि हो, यो गाउँपालिका ७ वटा वडामा विभाजित छ यस गाउँपालिकामा २३०२ घरधुरि र १४०६८ जनसंख्या रहेको पाइन्छ यसको नामाकरण हिमा नदिको नामबाट राखिएको हो देश संघीयतामा गई रहेको बेलामा भएका साविकका ३ ओटा गा.वि.स हरु विघठन भई हिमा गाउँपालिका रहन गएको हो यस गाउँपालिकामा क्षेत्री, ठकुरी, दलित, ब्राहमण र सन्यासी जातिको बसोबास रहेको छ, सांस्कृतिक पराम्परा यस हिमा गाउँपालिकामा श्रावण पुर्णिमा देखि जात्रा, पैठ लाग्ने गर्दछन् र पैठ हेर्न कालिकोट मुगु, दैलेखबाट, जात्रा हेर्न आउदछन् मागी विबाह, भागी विवाह गर्ने चलन छ जात्राहरु धार्मिक नाच, देउडा गित प्रतियोगिताको पनि चलन छ यस गाउँपालिकाको नामाकरण सम्वन्धमा विभिन्न धारणा रहेको भएता पनि कालिका देवता धेरै मान्ने भएकाले यस गाउँपालिकाको नाम कालिकादेवि र वडा नं ४ को खेतु गाउँ भएकाले कालिकाखेतु नामाकरण हुन गएको हो भन्ने भनाई छ यो गाउँपालिका जिल्लाको सदरमुकाम देखि १६ कोष टाढा रहेको छ यस गाउँपालिका पुर्वमा तिला गाउँपालिका, पश्चिममा कालिकोट जिल्लाको पलाता गाउँपालिका, दक्षिणमा कालिकोट जिल्लाको तिलागुफा नगरपालिका र उत्तरमा सिँजा गाउँपालिका रहेको छ।

यो गाउँपालिका विश्वमान् चित्रमा २९०.१३ उत्तर देखि २९०.१६ उत्तर अक्षांस ८१०.५३ देखि ८१०.५५ पुर्वी देशान्तरमा फैलिएको छ कुल जनसंख्या १४०६८ रहेको छ यहाँ ७९ प्रतिशत मानिसहरु कृषि पेशामा संलग्न रहेका छन् यो गाउँपालिका समुन्द्र सतह देखि ३८०० मिटर उचाइमा अवस्थित छ।


यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैह्र सरकारी संस्थाहरुले गाउँपालिकाको समन्वयमा कृषि, स्वास्थ्य, शिक्षा,वातावरण अनुकुलन,महिला तथा वालवालिका तथा भौतिक पुर्वाधारको क्षेत्रमा काम गरिरहेका छन् छुवाछुत छुइप्रथा धामी, झाक्रि र अन्धविश्वास जस्ता सामाजिक कुरितिहरु विद्यमान छन् यस गाउँपालिका ५८.१९ प्रतिशत परिवार गरीवीको रेखा मुनि रहेका छन्, ऐतिहासिक ऐडाकोट, लामा विष्णु, कैलास, गडनुहाउनी मन्दिर गुरुमष्टो, कालासिल्ला, महादेव मष्टो, दुधेशिल्ला,भैरम, महावैजगतनाथ मर्चिपातल,खापरमष्टो, राहदेव,कालिका, रुपिछडा झरना,पुगालीमाई, जस्ता प्राकृतिक साँस्कृतिक धार्मिक क्षेत्रहरु रहेको पाइन्छ।

१.१.३. भौगोलिक अवस्थिति

हिमा गाउँपालिका, जुम्ला, नेपालको कर्णाली प्रदेशमा अवस्थित एक हिमा गाउँपालिका हो समुन्द्री सतह देखि २४९९ मिटर मिटर सम्मको उचाई मा रहेको  हिमा गाउँपालिका **भौगोलिक अवस्थिति**

- **अक्षांश (Latitude):** 29.28303° उत्तर
- **देशान्तर (Longitude):** 81.96938° पूर्व

यस गाउँपालिकाको मुख्य कार्यालय कालिकाखेतुमा रहेको छ। हिमा गाउँपालिका समुद्र सतहबाट ७०० फिटदेखि २१,०७७ फिटसम्मको उचाइमा फैलिएको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल १२८.०९ वर्ग किलोमिटर रहेको छ।




**सीमाना**

- **पूर्वमा:** तिला गाउँपालिका
- **पश्चिममा:** कालिकोट जिल्लाको पलांता गाउँपालिका
- **दक्षिणमा:** कालिकोट जिल्लाको तिला गुफा नगरपालिका
- **उत्तरमा:** सिंजा गाउँपालिका

जुम्ला जिल्लामा अवस्थित हिमा गाउँपालिका कर्णाली प्रदेश अन्तर्गतको उच्च हिमाली विशेषता बोकेको गाउँपालिका हो साविकका ३ वटा गा.वि.स. महावैपाथरखोला, कालिकाखतु, बड्की गा.वि.स मिलेर बनेको यो गाउँपालिकामा ७ वडा कार्यालय सँगै यहाँको भौगोलिक अवस्थिति, ऐतिहाँसिक चिनारी र प्राकृतिक तथा सास्कृतिक उत्कृष्ठता विकासका प्रचुर सम्भावना रहेको छ यस गाउँपालिकालाई मुल क्षेत्र बनाएर अविरल वगिरहने हिमा नदिका स्रोत रुपिछडा झरना, ओदि स्याँरगाउ खोला, आचार्यलिही खोला, महावैपाथरखोलाहरु हिमा नदिमा मिसियका छन यहाँका प्राकृति सम्पदाको साथै सिचाइ कुलो गर्न महत्वपुर्ण रहेका छन । जैविक विविधताको हिसावले  उच्च पर्वतिय चिसो हावापानिमा पाइने जिव  थार, कस्तुरी, सुगुर, झारल, घोडल, डाँफे, कालिज, क्याडेभ्याकुर, आदि जिवहरु मुख्य रुपमा रहेका छन । जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीहरु पाखनबेद, सतुवा,पाँचऔले, गुच्छिच्याउ, जटामसि, सिलाजित, बनलसुन, कुरिल्लो, खिरौलो, सुर्कील्लो,टिपलाइटच्याउ आदि रहेका छन । यस गाउँपालिकाको माथिल्लो भेगमा अधिकांस स्थानमा बन तथ खर्कहरु रहेका छन् । गाउँपालिको उतरमा देखिने रमणिय पाटन र चरन क्षेत्र रहेका छन् ।

**१७.जनसङ्ख्या विवरणको अवस्था**

| यस गाउँपालिकाको २०८१ को घरधुरी सर्भेक्षण अनुसार जनसंख्याको विवरण | | | |
|---|---|---|---|
| **महिला** | **पुरुष** | **जम्मा** | **कैफियत** |
| **६७९६** | **७२७२** | **१४०६८** | |

### क. वडा अनुसार जनसङ्ख्याको विवरण

| वडाहरु | कुल जनसंख्या | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|
| १ | २४२५ | ११७४ | १२५१ | |
| २ | १३१८ | ६३३ | ६८५ | |
| ३ | २५८२ | १२७५ | १३०७ | |
| ४ | १६७४ | ८०२ | ८७२ | |
| ५ | १९३९ | ९१९ | १०२० | |
| ६ | १९६५ | ९५० | १०१५ | |
| ७ | २१६५ | १०४३ | ११२२ | |
| जम्मा | १४०६८ | ६७९६ | ७२७२ | |

### ख. उमेरकोआधारमा जनसङ्ख्याको विवरण

| उमेर समुह | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा न् ६ | वडा नं ७ |
|---|---|---|---|---|---|---|---|
| ५ वर्ष भन्दा मुनि | ३०३ | १४० | २६८ | १५६ | २१९ | २०६ | २५० |
| ५–१८ वर्ष सम्म | ७०१ | ४५० | ७८६ | ५५२ | ६०० | ६२२ | ६९३ |
| १८–६० वर्ष सम्म | १२६१ | ६६१ | १३३९ | ८५४ | १०३५ | १००९ | ११२३ |
| ६० वर्ष भन्दा माथि | १६० | ६७ | १८९ | ११२ | ८५ | १२८ | ९९ |
| जम्मा | २४२५ | १३१८ | २५८२ | १६७४ | १९३९ | १९६५ | २१६५ |

### ग. बस्ति अनुसार जनसङख्याको अवस्था

| गाउँ/बस्ति | घरधुरी | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| देवारगाउँ | १५३ | ४४९ | ४७३ | ९२२ | |
| बड्की | १८४ | ४८४ | ५१६ | १००० | |
| आचार्यलिही | ९३ | २४१ | २६२ | ५०३ | |
| ओदी | १६० | ४८६ | ४९५ | ९८१ | |
| रिखिदेव | ३६ | ६६ | ८८ | १५४ | |
| कोईरेली | ३५ | ८१ | १०२ | १८३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| मोफ्ला | २९६ | ८६२ | ९१२ | १७७४ | |
| जोगिवाडा | १११ | २९३ | २६९ | ५६२ | |
| चेमा | ४४ | १२० | १२६ | २४६ | |
| सानो चिउडी | ३२ | ९१ | ९३ | १८४ | |
| खेतु | २१ | ६६ | ७० | १३६ | |
| तलिकुडु | ८० | २५१ | २६६ | ५१७ | |
| सिम्तली | ६२ | १७१ | २०८ | ३७९ | |
| जार्जी | ७६ | २२३ | २३५ | ४५८ | |
| बुअ | १४३ | ४९० | ५४५ | १०३५ | |
| बाजागाड | १२८ | ४२९ | ४७५ | ९०४ | |
| पाथरखोला | २९० | ९१७ | ९७८ | १८९५ | |
| मर्ची (वडा नं ६) | १३ | ३३ | ३७ | ७० | |
| माथिकुडु | ७४ | २३० | २१७ | ४४७ | |
| धाचुगाउँ | ७८ | २४४ | २९५ | ५३९ | |
| ठुलो चिउडी | ८४ | २६० | २७१ | ५३१ | |
| मर्ची(वडा नं ७) | ९५ | २७० | २८७ | ५५७ | |
| वडा नं ७ खलढुङ्ग | १४ | ३९ | ५२ | ९१ | |
| जम्मा | **२३०२** | ६७९६ | ७२७२ | **१४०६८** | |

**ग. मातृ भाषाको आधारमा जनसंङ्ख्याको विवरण।**

| क्र.स. | मातृभाषा | प्रतिशत |
|---|---|---|
| १ | नेपाली (खस) | १०० |
| जम्मा | १०० | |

**घ. धर्मको आधारमा जनसङ्ख्याको विवरण।**

| क्र.स. | धर्म | प्रतिशत |
|---|---|---|
| १ | हिन्दु | ९८ |
| २ | ईसाई | २ |
| जम्मा | | १०० |

**ङ. जातियताको आधारमा जनसङख्याको विवरण।**

| क्र.स. | जातियता | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | क्षेत्री | ४६.३४ | |

| | | | |
|---|---|---|---|
| २ | ठकुरी | ३०.७१ | |
| ३ | बाहुन | ३.२७ | |
| ४ | दलित | १५.६८ | |
| ५ | सन्यासी | ४ | |
| जम्मा | | १०० | |

**च. जातीयताको आधारमा जनसंख्या विवरण (वस्ती अनुसार)**

| गाउँ/बस्ति | ब्रामण | क्षेत्री | ठकुरी | दलित | सन्यासी | कैफियत |
|---|---|---|---|---|---|---|
| देवारगाउँ | ५८ | १६९ | ४०९ | २८६ | ० | |
| बड्की | ० | ० | ८०९ | १९१ | ० | |
| आचार्यलिहि | १३८ | ३५१ | १४ | ० | ० | |
| ओदी | ० | ९८१ | ० | ० | ० | |
| रिखिदेव | ० | १५४ | ० | ० | ० | |
| कोईरेली | ० | १८३ | ० | ० | ० | |
| मोफ्ला | ० | ११२८ | ० | ६४६ | ० | |
| जोगिवाडा | ० | ० | ० | ० | ५६२ | |
| चेमा | ० | २४६ | ० | ० | ० | |
| सानो चिउडी | ० | १४४ | ० | ३८ | ० | |
| खेतु | ० | ० | १३५ | | ० | |
| तलिकुडु | ६९ | ३०४ | ० | १४८ | ० | |
| सिम्तली | ५९ | ३२० | ३४ | | ० | |
| जार्जी | ० | ० | ४२३ | ० | ० | |
| बुअ | ० | ० | १०३५ | ० | ० | |
| बाजागाड | ० | ६१८ | १२० | १६६ | ० | |
| पाथरखोला | २७ | १२१४ | ३४६ | ३०८ | ० | |
| मर्ची (वडा नं ६) | ० | ० | ७० | ० | ० | |
| मर्चि वडा नं ७ | ० | ० | ३७० | १८७ | ० | |
| माथिकुडु | ३८ | २६३ | १४६ | ० | ० | |
| चिउडी | ७१ | ३५४ | ० | १०६ | ० | |
| धाँचुगाउँ | ० | ० | ४१० | १२९ | ० | |
| वडा नं ७ खलढुङ्ग | ० | ९१ | ० | ० | ० | |
| **जम्मा** | **४६०** | **६५२०** | **४३२१** | **२२०५** | **५६२** | |

**छ. अपाङ्गताको आधारमा जनसङ्ख्या**

| लिङ्ग | जम्मा अपाङ्गता सङ्ख्या | अपाङ्गता परिचय पत्र लिने संख्याको आधारमा |
|---|---|---|
| महिला | १४ | |
| पुरुष | १८ | |
| जम्मा | ३२ | |

ज. **अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण।**

| अपाङ्गता परिचय पत्रको किसिम | परिचय पत्र लिएका बालबालिकाको सङ्ख्या | | |
|---|---|---|---|
| अपाङ्गता परिचय पत्रको किसिम | बालिका | बालक | जम्मा |
| अति अशक्त अपाङ्गता(निलो रंगको) | ३ | ५ | ८ |
| मध्यम अपाङ्गता –पहेलो रंगका) | ९ | ७ | १६ |
| सामान्य अपाङ्गता(सेतो रङ्गको) | २ | ६ | ८ |
| जम्मा | १४ | १८ | ३२ |

**झ. छानाको प्रकारको आधारमा घरधुरी संङ्ख्या**

| सि.नं. | घरको प्रकार | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | कुस तथा खरले छाएको | ० | ० |
| २ | जस्ता/च्यादरले छायको | ५८० | २५.१९ |
| ३ | टायल तथा ढुङ्गगाले छाएको | | ० |
| ४ | ढलान | २० | ०.८७ |
| ५ | काठले छाएको | ३५० | १५.२० |
| ६ | माटोले छाएको | १३५२ | ५८.७४ |
| ७ | अन्य | ० | ० |
| ८ | उल्लेख नभएको | ० | ० |
| **जम्मा** | | **२३०२** | **१००** |

**ञ. स्वामित्वको आधारमा घरपरिवारको बसोवासको अवस्था**

| सि.नं. | स्वामित्वको विवरण | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निजी | २२८५ | ९९.२६ |
| २ | भाडामा | १२ | ०.५३ |
| ३ | संस्थागत | ५ | ०.२१ |
| जम्मा | | **२३०२** | **१००** |

**ट. खानेपानीको स्रोतको आधारमा घरपरिवार सम्वन्धी विवरण**

| सि.नं. | खानेपानीका स्रोतहरु | घरधुरी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पाइपधारा सार्वजनिक धारा | २२९० | ९९.४८ |
| २ | टयूबवेल/हेन्डपम्प | ० | ० |
| ३ | ढाकिएको इनार/कुवा | ० | ० |
| ४ | नढाकिएको इनार/कुवा | ० | ० |
| ५. | मुलको पानी | १२ | ०.५२ |
| ६. | खोला/नदीको पानी | ० | ० |
| ७ | अन्य | ० | ० |
| ८ | उल्लेख नभएको एक घर एक धारा | ० | ० |
| जम्मा | | २३०२ | १०० |

**ठ. शैक्षिक संस्थाहरुको विवरण**

| विवरण | सरकारी | सामुदायिक | निजी विद्यालय | जम्मा |
|---|---|---|---|---|
| आधारभुत | १६ | ० | ० | १६ |
| मा.वि | ६ | ० | ० | ६ |
| आवाशिय | ० | ० | १ | १ |
| जम्मा | २२ | | १ | २३ |

**ड. उच्च माध्यामिक विद्यालय तथा कलेजहरु**

| क्र.स. | उ.मा.वि. कलेजको नाम | ठेगाना | संचालित कार्यक्रम तथा तह | विद्यार्थि संख्या |
|---|---|---|---|---|
| १ | कालिका मा.वि. बड्की | हिमा—१, जुम्ला | | |
| २ | राहदेव मा.वि. मोफ्ला | हिमा—३, जुम्ला | शिक्षा संकाय | |
| ३ | कालिका मा.वि. वुअ | हिमा—५, जुम्ला | जियोमेट्रिक ईन्जिनियर | |
| ४ | नेत्रज्योति मा.वि. -ओदि | हिमा-२ ओदि | एग्रिकल्चर साइन्स | |

### ढ. विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राहरुको विवरण

| तह | सरकारी विद्यालय | | | निजी विद्यालय | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ECD | २७५ | २५४ | ५२९ | | | |
| १ | ३०३ | २४२ | ५४५ | | | |
| २ | २०५ | १६६ | ३७१ | | | |
| ३ | २२९ | १७२ | ४०१ | | | |
| ४ | २०५ | १६० | ३६५ | | | |
| ५ | २०२ | १६४ | ३६६ | | | |
| ६ | १४८ | १५५ | ३०३ | | | |
| ७ | १६२ | १६७ | ३२९ | | | |
| ८ | १७५ | १५५ | ३३० | | | |
| ९ | १९० | १७६ | ३६६ | | | |
| १० | १४१ | १५२ | २९३ | | | |
| ११ | १७० | १७१ | ३४१ | | | |
| १२ | १५९ | १५३ | ३१२ | | | |

### ण. विद्यालयमा भर्ना नभएका तथा विद्यालय छाडेका बालबालिकाहरुको विवरण

| लिङ्ग | भर्ना नभएको सङ्ख्या | विद्यालय छाडेको सङ्ख्या |
|---|---|---|
| छात्र | ७ | ६७ |
| छात्रा | ९ | ८९ |
| जम्मा | १६ | १५६ |

### त. वडा अनुसार साक्षरता प्रतिशत

| वडा नं. | साक्षर प्रतिशत औसतमा | |
|---|---|---|
| | पुरुष | महिला |
| १ | ७५ | ६५ |
| २ | ७० | ६० |
| ३ | ६७ | ५१ |
| ४ | ६५ | ५४ |
| ५ | ६३ | ५९ |
| ६ | ६८ | ५७ |
| ७ | ६७ | ५५ |

### थ. विद्यालयहरुमा शौचालयको विवरण

| जम्मा विद्यालय संख्या | शौचालयको किसिम (संख्या उल्लेख गर्ने) | | | | |
|---|---|---|---|---|---|
| | सामान्य सवैले प्रयोग गर्ने किसिमको | शिक्षक शिक्षिकाका लागि भन्दा भिन्दै भएको | छात्र छात्राका लागि भिन्दा भिन्दै भएको | अपाङ्गका लागि भिन्दाभिन्दै भएको | शौचालय नभएको |
| २१ | २८ | ४ | ३ | ० | |

### द. तहगत शिक्षक विवरण

| तह | स्वीकृत दरवन्दी | राहत | पालिका अनुदान |
|---|---|---|---|
| आधारभुत | ६६ | ३२ | ३३ |
| मा.वि. | २ | १७ | ७ |
| जम्मा | ६८ | ४९ | ४० |

### ध. विद्यालयको नाम र प्रधानाध्यापकको नाम

| क्र.सं. | विद्यालयकाको नाम | प्रधानाध्यापकको नाम | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | कालिका मा.वि.बड्की | खम्वा शाही | ९८४८३३३५५० |
| २ | रुपाकोट आ.वि., बाजागाड | शान्ति कुमारी शाही | 9866631607 |
| ३ | कैलाश आ.वि.जार्जी सिम्तली | काली बुढा | ९८६४७९६९४४ |
| ४ | ज्योति आ.वि. तलिकुडु | ललित बुढा | ९८६८३०३८०४ |
| ५ | कुल देव आ.वि.चिउडी | मान बहादुर बुढा | 9848312009 |
| ६ | कालिका मा.वि. बुअ | काले शाही | 9848312401 |
| ७ | राहदेव मा.वि.मोफ्ला | पृथी बहादर रावत | 9858320693 |
| ८ | नेत्र ज्योती मा.वि.ओदी | रंग बहादुर रोकाया | 9849351170 |
| ९ | कालिका आ.वि.देवारगाउँ | प्रेम हमाल | 9868707915 |
| १० | लक्ष्मी देवल आ.वि.आचार्यलिही | धनलक्ष्मी धिताल | 9862532600 |
| ११ | भैरव आ.वि.जोगिबाडा | लालनाथ योगी | 9848349571 |
| १२ | हिमा आ.वि.कोइरेली | महेश रावल | 9848329953 |
| १३ | महादेव आ.वि.चेमा | राम बहादुर रोकाया | 9868398593 |

| | | | |
|---|---|---|---|
| १४ | विष्णु आ.वि.रिखिदेव | धन बहादुर रोकाया | 9866781456 |
| १५ | महादेव आ.वि.सेरगाउँ | नमिता बम | 9742219310 |
| १६ | अन्नपुर्ण मा.वि. धाँचुगाउँ | नरेन्द्र वहादुर शाही | 9868398825 |
| १७ | भानु मा.वि. पाथरखोला | कृष्ण बहादुर अधिकारी | 9868399206 |
| १८ | रुपेल्लिदेवि आ.वि.मर्ची | बिर्ष तिरुवा | 9868375991 |
| १९ | जनता शिव आ.वि. पाथरखोला | नर्जन शाही | 9868389386 |
| २० | महादेव आ.वि.कुडू | यसोदा बम(शाही) | 9766778904 |
| २१ | हिमा आवाशिय आ.वि.हिमा ५ | बाँचु अधिकारी | 9849516498 |
| २२ | खलढुङ्गगा बाल विकास केन्द्र खलढुङ्गा | कृष्णा कुमारी खत्री (अधिकारी) | 9848383157 |
| २३ | कालिका वाल विकास केन्द्र चिउडी | जयलक्ष्मी न्यौपाने | ९८४७९८६३८८ |
| २४ | राप्ती सल्लारुख वालविकास केन्द्र पाथरखोला | रोशनी शाही | ९७६२८३६८०३ |

**१.५ सामाजिक साँस्कृतिक अवस्था**

ऐतिहाँसिक महत्व हिमा क्षेत्रको विशेषता बोकेको यस क्षेत्रमा खस सभ्यता तथा हिन्दु साँस्कृतिको अनुपम संगम रहेको छ। क्षेत्री ब्राम्हण, ठकुरी, दलित, जातिहरुको मिश्रित बसोबास रहेको यस गाउँपालिकामा मुख्य बोलिचालिको भाषा खस नेपाली भषा रहेको। धार्मिक रुपमा हिन्दु धर्मालम्बिको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने मुख्य चाडपर्वहरुमा दशै, तिहार, जनैपुर्णिमा, माघे संक्रन्ति,साउन पुर्णिमा, चैत्य दशै आदि रहेका छन। धार्मित तथा भाषिक रुममा एकरुपता रहेको यस गाउँपालिकामा साँस्कृतिक चाड पर्वको समयमा गरिने विभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ। भेषभुषाका रुपमा पुरुषले मख्य रुपमा दौरा, सुरवाल,टोपि तथा कोट र महिलाले गुन्यु, चोलि र पटुकी लगाउने गर्दछन। यस गाउँपालिकामा विभिन्न जातजातिहरुको बसोबास रहेको छ

**१.६ चाडपर्व तथा साँस्कृतिक पर्वहरु**

| क्र. सं. | चाडपर्वहरु | मनाईने महिना | तिथी मिति | मनाउने जातजाति / धर्म |
|---|---|---|---|---|
| १ | बैशाख पुर्णिमा | बैशाख | बैशाख शुक्ल पुर्णिमा | हिन्दु / बौद्ध |
| २ | इदुल बक्र इद | असार | इस्लामिक पात्रो अनुसार | मुस्लिम |
| ३ | जनै पुर्णिमा | साउन /भदौ | श्रावण शुक्ल पुर्णिमा | हिन्दु |
| ४ | कृण्ण जन्माष्टमी | भाद्र | भाद्र कृष्ण सप्तमी | हिन्दु |
| ५ | हरितालिका तिज | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दु |

| | | | | |
|---|---|---|---|---|
| ६ | घाँसे जात्रा | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दु |
| ७ | विजया दशमी | असोज कात्तिक | घटस्थापना देखि कोजाग्रत पुर्णिमा | हिन्दु |
| ८ | तिहार | कात्तिक मंसिर | कात्तिक कृष्ण त्रयोदशी देखि कात्तिक शुक्ल द्वितिया | हिन्दु |
| ९ | क्रिसमस डे | पौष | डिसेम्वर २५ | क्रिश्चियन |
| १० | तमु लोह्सार | पौष- १५ | | गुरुङ्ग |
| ११ | माघे सक्रांन्ति | माघ – १ | माघ | हिन्दु |
| १२ | सोनाम लोहछार | | | |
| १३ | महा शिव रात्रि | फागुन | फागुन कृष्ण त्रयोदशी | हिन्दु |
| १४ | फागु पुर्णिमा | फागुन | फागुन शुक्ल चतुर्दशी | हिन्दु |
| १५ | चैते दशै | चैत्र बैशाष | चैत शुक्ल अष्टमी | हिन्दु |

### १.७ आर्थिक अवस्था

यस गाउँपालिको आर्थिक अवस्थाको विश्लेषण गर्दा यहाँका ८० प्रतिशतभन्दा वढी मानिसहरु कृषिमा आधारीत भएकोले मुख्य आयश्रोतको रुपमा कृषिलाई लिइन्छ । २० प्रतिशत रोजगारी तथा अन्य पेशामा आबद्ध छन । यहाँको मुख्य आम्दानीको स्रोत भनेको कृषि हो भने साहायक रुपमा जडीबुटी, पशुपालन ,फलफुल र ज्याला मजदुरीको रुपमा लिने गरेको पाईन्छ । रोजगारी र जीवनयापनका लागि हिउँदे समयमा भारतमा गई व्यवसाय गर्ने र ज्याला मजदुरी गर्ने गरेको पाईन्छ । बाख्रापालन,भेडा घोडा,भैसी र गाई जस्ता पशुपालन गरी आफ्नो जिवनयापन गदै आएको पाईन्छ । यस गाउँपालिकामा वैदेशिक रोजगार तथा अन्य स्वदेशकै अन्य क्षेत्रमा रोजगारको सिलसिलामा घर परिवारबाट महिनौ बाहिर जानु पर्ने बाध्यता यहाँका प्रत्येक नागरिकमा रहेको देखिन्छ । गरिबीका कारण छिमेकी मुलुक भारतमा सपरिवार जाने परम्परा समेत यस पालिकामा रहँदै आएको कारण विद्यालयमा भर्ना भएका बालबालिकाहरुको नियमित उपस्थिति हुने कुरा चुनौतिपूर्ण हुन गएको छ । जसले गर्दा विद्यालयको छाड्ने र दोहोर्याउने दर बढ्दो क्रममा रहन गएको छ । हिमा गाउँपालिकाका अधिकांश स्थानीयबासी कृषिमा आश्रीत रहेपनि कृषिक्षेत्रमा केहि समस्याहरु देखिएका छन्, परम्परागत कृषि प्रणाली हुनु, रोजगारमुलक नहनु, जमिन बाँझिदैजानु, श्रम अनुसारको उत्पादननहुनु, मानिसहरुमा कृषि प्रति वितृष्णा,वजार व्यवस्थापन राम्रो नहनु, रसायनिक मल र विषादिको प्रयोग वढि हुनु, शितभण्डार नहनु,हावापानीर माटो सहुाउँदो विउ उपलब्ध नहनु,सिंचाईको प्रयाप्त सुविधा नभएको, उत्पादकत्वमा कमि,कृषि श्रमिकको उपलब्धतामा कमि आदि कृषि क्षेत्रमा समस्या देखिएकोछ ।

### प्रशासनिक अवस्थिति

हिमा गाउँपालिका कर्णाली प्रदेश अन्तरगत जुम्ला जिल्लामा अवस्थित रहेको छ। यस गाउँपालिकामा ७ वटा वडाहरु रहेका छन् । जुम्ला जिल्लामा विद्यमान १ नगरपालिका र ७ गाउँपालिका गरी ८ स्थानीयतह मध्ये हिमा गाउँपालिका एक हो । गाउँपालिकाको केन्द्र साविकको कालिकाखेतु ४ जुम्लामा रहेको छ र **कर्णाली प्रदेश** (पहिलेको नाम: प्रदेश नम्बर ६) नेपालको सात वटा प्रदेशहरूमध्ये सबैभन्दा ठूलो भौगोलिक क्षेत्रफल भएको प्रदेश हो। यो प्रदेश नेपालको उत्तर-पश्चिमी भागमा अवस्थित छ र हिमाली, पहाडी तथा केही मध्यपहाडी भू–भाग समेटेको क्षेत्र हो।

**मुख्य जानकारी:**

- **प्रदेशको नाम:** कर्णाली प्रदेश
- **राजधानी (अस्थायी):** सुर्खेत (बिरेन्द्रनगर)
- **जिल्ला संख्या:** १०
- **स्थानीय तह:** ७९ (२५ नगरपालिका र ५४ गाउँपालिका)
- **जनसंख्या:** करिब १६ लाखभन्दा बढी (२०७८ को जनगणनाअनुसार)
- **क्षेत्रफल:** करिब २४,४५३ वर्ग किलोमिटर
- **मुख्य भाषा:** नेपाली, थारु, मगर, गुरुङ, र स्थानीय बोलचालका भाषा
- **प्रमुख नदीहरू:** कर्णाली, भेरी, तिला, हिमा, मुगु कार्णाली आदि

प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका २ निर्वाचन क्षेत्र मध्ये यो गाउँपालिका क्षेत्र नं. ख मा पर्दछ।

### १.८ शिक्षा तथा साक्षरताको अवस्था

गरिबी निवारणको लागि मुख्य साधनको रूपमा शिक्षातथा साक्षरता लाई लिइएको छ। विकासको मेरुदण्डको रूपमा रहेको शिक्षा लाई मौलिक हकका रुपमा लिएको छ। सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै उद्घोष गरी सबै नागरिकलाई शिक्षाको मूलधारमा ल्याउने प्रयत्नको फलस्वरूप सबैको लागि अनिवार्य शिक्षा कार्यक्रम कार्यान्वयन गरीएको छ। हाल यस गाउँपालिकामा जम्मा २३ वटा विद्यालय स्थानीय सरकारको मातहतमा सञ्चालन हुँदै आएको पाईन्छ। हाल यस गाउँपालिकामा आधारभुत विद्यालय १६ वटा , माध्यमिक विद्यालय ६ वटा, वालविकास केन्द्र २६ छन भने उच्च शिक्षा हासिल गर्नका लागि स्नतत्तक तह सञ्चालन भएको छैन। यस गाउँपालिकामा Agriculture Science १ वटा Geometric engineering १ संञ्चालनमा आएको छ। १०+ २=१२ संचालन २ वटा विद्यालयमा रहेका छन्।

(क) गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरू

| क्रसं. | विद्यालयको नाम | छात्रा संख्या | छात्र संख्या | जम्मा संख्या | दलित | शिक्षक संख्या |
|---|---|---|---|---|---|---|
| १ | कालिका मा.वि.बड्की | ३४४ | २५७ | ६०१ | १४८ | १५ |
| २ | रुपाकोट आ.वि., बाजागाड | ११९ | १०० | २१९ | ४७ | ५ |
| ३ | कैलाश आ.वि.जार्जी सिम्तली | ५४ | ७२ | १२६ | ० | ३ |
| ४ | ज्योति आ.वि. तलिकुडु | ४९ | ४३ | ९२ | ७ | ३ |
| ५ | कुल देव आ.वि.चिउडी | ३९ | २५ | ६४ | १० | ३ |
| ६ | कालिका मा.वि.तलिकुडु | ३८८ | ३७७ | ७६५ | ५३ | १७ |
| ७ | राहदेव मा.वि.मोफ्ला | ३९२ | ३४९ | **७४१** | १७६ | १२ |
| ८ | नेत्र ज्योति मा.वि.ओदी | २७६ | २३७ | ५१३ | ० | १६ |
| ९ | कालिका आ.वि.देवारगाउँ | १०१ | ८९ | १९० | ६९ | ३ |
| १० | लक्ष्मी देवल आ.वि.आचार्यलिही | ३० | २७ | ५७ | ० | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | भैरव आ.वि. जोगिबाडा | ४७ | ४७ | ९४ | १ | ५ |
| १२ | हिमा आ.वि. कोइरेली | ४७ | ४६ | ९३ | | ३ |
| १३ | महादेव आ.वि.चेमा | ४० | ३८ | ७८ | | २ |
| १४ | विष्णु आ.वि.रिखिदेव | ५० | ३८ | ८८ | | २ |
| १५ | महादेव आ.वि.सेरगाउँ | १५ | १० | २५ | | १ |
| १६ | अन्नपुर्ण मा.वि. धाँचुगाउँ | १५६ | १९१ | ३४७ | ५३ | ८ |
| १७ | भानु मा.वि. पाथरखोला | १४५ | १३३ | २७८ | १९ | ९ |
| १८ | रुपेल्लिदेवि आ.वि.मर्ची | १११ | ११० | २२१ | ३७ | ५ |
| १९ | जनता शिव आ.वि. पाथरखोला | ६० | ४० | १०० | ४५ | ३ |
| २० | महादेव आ.वि.कुडू | ४५ | ३१ | ७६ | | २ |
| २१ | कालिका वाल विकास केन्द्र | १३ | ११ | २४ | ६ | १ |
| २२ | खलढुङ्गा वालविकास केन्द्र | १४ | ९ | २३ | १६ | १ |
| २३ | हिमा आवाशिय आ.वि.हिमा ५ | १२ | १० | २२ | १४ | ४ |
| २४ | राप्ती सल्लारुख ECD | ९ | ५ | १४ | | १ |
| | जम्मा | 2556 | 2295 | 4851 | | १२८ |

कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालय ३ वटा, कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालय ६ वटा, १ देखि ८ सम्म सञ्चालित विद्यालय २ वटा, १ देखि ५ सम्म सञ्चालित विद्यालय १३ वटारहेका छन्। महिला प्रधानाध्यापक माध्यमिक तह ० जना, निम्न माध्यमिक तहमा १ जना र प्राथमिक तहमा २ जना रहेका छन्। पालिका भित्र जम्मा १२८ जना पुरुष शिक्षक र महिला जम्मा ५६ शिक्षक कार्यरत हुनुहुन्छ। स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८१ रहेको छ।

### १.९ मुख्य अवसर, समस्या तथा चुनौती

**सवल पक्षहरू**

यस गाउँपालिकाले शिक्षा क्षेत्र सुधारकालागि बार्षिक कार्यक्रममा प्राथमिकताका साथ २० प्रतिशत छुट्याउने गरेको छ। साथै पालिकामा कार्यरत सबै तहका शिक्षक कर्मचारी तथा शिक्षा संग सम्वन्धित सबैलाइ नियमित क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठि सञ्चालन गरी क्षमतावान शिक्षक तथा कर्मचारि निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ। शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरुको सञ्जाल निर्माण भइ क्रियाशील बनेको, शिक्षा क्षेत्रमा शिक्षक, संगै बालकालिका संगै अभिभावको आयआर्जन बृद्धि गरी पठन पाठनमा समतामुल पहुँच सुनिश्चित गर्दै, सिपयुक्त दक्ष जनशक्ति निर्माणका आवश्यक कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ। गाउँपालिका उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति निर्माण भएको, स्थानीय तह मार्फत नयाँ बाल विकास केन्द्रको स्थापना र थप तलब भत्ताको व्यवस्था भएको, विद्यालय कर्मचारीलाई न्यूनतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिएको, पालिकाभरका सम्पूर्ण विद्यालयहरु IEMIS मा आवद्ध भएका, हरेक महिनामा नियमित प्र. अ बैठक बसी शैक्षिक मुद्दामा छलफल गरी समाधान गर्ने गरिएको , विद्यालयका कार्यरत शिक्षकहरुको

तलबभत्ता मासिक रुपमा EFT  सिस्टम मार्फत सम्बन्धित शिक्षकको खातामा निकासा गर्ने गरिएको, अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएकोर स्थानीय तहको शिक्षा योजना निर्माण पश्चात कार्यान्वयनमा आएको छ।  साथै यस पालिकामा विद्यालयको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरु शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएको छ।

**मुख्य समस्याहरुः**

विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयको पहुँचमा पुर्याउन नसकिनु, विद्यालयमा बालबालिकाहरु उपयुक्त उमेरमा भर्ना नहुनु, छाउपडी र बालविवाह न्यूनीकरण हुन नस्क्नु, गाउँपालिका स्तरीय शिक्षा नीति निर्देशिका तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयन हुन नसक्नु ।  विद्यार्थीहरुको सिकाइ उपलब्धी अपेक्षित हुन नसक्नु, भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा टिकाउन, सिकाउन र विकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको अभाव, विद्यालयहरुमा भौतिक पूर्वाधारको अभाव, नियमित रुपमा विद्यार्थीहरुको स्वास्थ्य जाँच तथा रिफेरल सहयोगको अभाव (अपांगताको स्क्रिनिङ समेत),विद्यालयमा स्वच्छ खानेपानी, स्वच्छ शौचालयको अभाव, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको सबै विद्यालयमा उचित व्यवस्थापन नहुनु र शिक्षकहरुको पेशागत विकास र प्राविधिक सहयोगको अभाव, शिक्षामा लगानीका लागि स्थानीय सरकारको चासो कम रहनु, विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको अभाव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षकबीच समन्वयको अभाव, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु, विद्यालयहरुमा विपत प्रतिकार्य योजना निर्माण नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्यांकन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको अभाव।

**शिक्षा क्षेत्रका अवसरहरु**

संवैधानिक तथा कानुनी आधारहरु सहित आधारभतु तह सम्मको शिक्षा अनिवार्य तथा नि: शुल्क, र माध्यिमक तह सम्म निःशुल्क गरेर सबै बालवालिकाहरूको शिक्षामा पहुँचको अवसर नेपाल सरकारद्वारा प्रदान गर्नु, तीन तहको सरकारहरु बीच समन्वय, सहकार्य र जिम्मेवारी सहित गर्न सकिने अधिकारका साथै माध्यिमक तह सम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुँदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि संगै अन्य थुप्रै गतिविधि सञ्चालन गरेर समय सापेक्ष शैक्षिक उपलब्धि वृद्धि गर्न सक्नेअवसर स्थानीय तहलाई हुन,  शिक्षामा लगानी वृद्धि गरी गुणस्तरीय गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐन शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गर्ने, तीन वटै सरकार तथा अन्य संघ संस्थाहरु बाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुन, विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावाट शिक्षा क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गर्न तथा सिक्ने वातावरण हुनु, नेपालको संविधान (२०७२) ले बालबालिकाहरुको शिक्षा प्राप्तीको अवसर सुनिश्चित गर्ने विषयलाई संबैधानिक दायित्वका रुपमा स्थापित गर्दै संबिधानको अनुसूची ८ मा माद्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तह मातहत राखेको छ।  संविधान जारी भए पश्चात् दोस्रो कार्यकालको लागि तिनै तहको निर्वाचन भइ संवैधानले सिर्जना गरेका दायित्वहरु कार्यान्वयन गर्न तिनै तहका सरकार क्रियाशिल रहेको अवस्था देखिन्छ।

**चुनौतीहरु**

विद्यालय शिक्षामा सर्वव्यापी पहुँचको सुनिश्चितता, भौगोलिक विकटता र छरिएको वस्ती, विद्यालय नक्सांकन गर्न नसकिनु, अपांगता भएका बालबालिका, सबै बालबालिकाहरुलाई विद्यालय सम्मको पहुँच, अपांगतामैत्री भौतिक संरचना नहुनु, सामाजिक तथा सांस्कृतिक रुपले पछि परेका समुदायका बालबालिकाहरुलाई विद्यालय शिक्षामा मूलप्रवाहीकरण गर्ने विषय प्रमुख चुनौतीको रुपमा रहेको देखिन्छ । सबै विद्यालयमा न्यूनतम् सक्षमताको अवस्थाको सुनिश्चितता, निर्माणात्मक विद्यार्थी मूल्यांकनको कार्यान्वयन हुन नसक्नु, नतिजामूलक रुपमा शिक्षक विकास र व्यस्थापन गर्न नसक्नु, जीवनपर्यन्त सिकाइ अवसरको सुनिश्चितता वातावरण सृजना हुन नसक्नु, स्थानीय योजना तथा बजेट र कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रका रुपमा शिक्षालाई सम्बोधन नगरिनु, पर्याप्तता, समता र नतिजामूलक रुपमा स्रोत साधनको व्यवस्थापन गर्न अप्ठेरो हुनु, सहभागितामूलक रुपमा विद्यालय तहका योजना, बजेट र कार्यक्रमको निर्माण र कार्यान्वयनमा चुनौति देखिनु,शैक्षिक संरचना र संगठनहरुलाई विद्यालयको सुधार, विकास र उन्नयनमा प्रभावकारी रुपमा परिचालन, सरोकारवालासँग शैक्षिक उन्नयका लागि साझेदारी र सहकार्यमा असहजताहुनु, विपद् जोखिमको अवधिमा शिक्षा पाउने अधिकारको सुनिश्चितता, मौजुदा शैक्षिक नीति कानुन र योजनाको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक नियमन, अनुगमन, सुपरीवेक्षण पृष्ठपोषण आदि चुनौति रहेका छन् ।

## परिच्छेद २: दूर दृष्टी, लक्ष्य, उद्देश्य, रणनीति तथा कृयाकलाप

### २.१ सन्दर्भ र औचित्य

नेपाल सामाजिक तथा सांस्कृतिकरूपले विविधतायुक्त देश हो । यहाँ विभिन्न जातजाति, क्षेत्र, समुदायका पृथक-पृथक सामाजिक तथा सांस्कृतिक परम्परा, जीवनशैली र प्रचलनहरू रहेका छन् । नेपालमा हालसम्म १२३ भाषा / बोलीको पहिचान गरिएको छ, जसले नेपाललाई बहुभाषी देशको रूपमास्थापित गरेको छ । नेपाल भाषिक, जातीय, क्षेत्रीय आधारमा परम्परादेखि स्थापित भिन्नताहरूले विविधतायुक्त देश हो । तर, यी भिन्नताहरूले कतिपय अवस्थामा विभेद तथा विभाजनका कारणले विकासका अवसरहरूप्रभावित भएका छन् । यस्तो अवस्थालाई सम्बोधन गर्दै समावेशी, न्यायपूर्ण, र सशक्त समाज निर्माणकालागि सबै समुदायलाई उचित अवसर र सुविधासहित अघि बढाउन आवश्यक छ । खासगरी जातीय, भाषिक तथा क्षेत्रीय आधारमा हुने भिन्नता र विभाजनलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भएका छन् । केही सकारात्मक उपलब्धिहरू प्राप्त भए तापनि सुधारका लागिथुप्रै पक्षहरू बाँकी छन् । यस्ता विभेदहरू हटाउनका लागि विभिन्न कानुनी सुधार गरिनुका साथै केही लक्षित विकास कार्यक्रमहरूसञ्चालन गरिएका छन् । साथै, राजनीतिक, प्रशासनिक तथा विभिन्न योजनागत क्षेत्रहरूमा आकर्षण र विशेष प्रवन्ध पनि गरिएको छ । तर, यी प्रयासहरूका बाबजुद कतिपय सामाजिक संरचनाहरूमापूर्णरूपमा विभेद हटाउन अझै चुनौती बाँकी छ । यस अवस्थालाई सम्बोधन गर्न विविधतालाई सम्मान गर्ने दृष्टिकोणसहितको शैक्षिक नीति र कार्यक्रमहरू आवश्यक छन् । यसैगरी, सबैलाई समावेश गर्ने, समानता अभिवृद्धि गर्ने, विभेदरहित वातावरण सिर्जना गर्ने, र आवश्यकता अनुसार विशेष व्यवस्थाहरू गर्दै समाजमा सहकार्य, सहिष्णुता, र साझेदारीको संस्कृतिलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता छ । यस्ता प्रयासहरूबाट सामाजिक सद्भाव,सहकार्य, र सहअस्तित्वको संस्कृतिको विकास हुनेछ । साथै,सामाजिक तथा सांस्कृतिक परम्परा र विश्वासका नाममा हुने विभिन्न विभेद,अन्तर्विरोध, विभाजन, र असहिष्णुताका हानिकारक अभ्यासहरूप्रति चेतनाको विकास गर्न पनि उत्तिकै महत्वपूर्ण छ ।

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतान्त्रिक राज्यव्यवस्था स्थापना भएको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार सञ्चालनमा आएका छन् । यस संविधानले समानतामूलक, समावेशी र समाजवादोन्मुख राज्य निर्माण गर्ने उद्देश्य राखेको छ भने यस उद्देश्य अनुरूपका शिक्षासम्बन्धी केही अधिकार तथा प्राथमिकताहरू प्रष्ट स्थापित गरिएको छ । यी संवैधानिक अधिकार तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहायक हुने कानूनी आधार तयार गर्नेक्रममा नि; शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा त्यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धि ऐन २०७५ ले पनि शिक्षा लगाएत बालबालिकाको हकहरुलाई प्रत्याभूत गरेको छ, साथै, नेपाल सरकारले जारि गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि संवैधानिकमा मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनकालागि नीतिगत मार्गदर्शन गरेको छ । सन् २०१५ मा संयुक्त राष्ट्रसंघले सन् २०३० सम्म हासिल गर्नेगरी निर्धारण गरेको दिगोविकास लक्ष्य (SDG) का १७ ओटा लक्ष्यमा नेपालले सहमति जनाएको छ । त्यसअन्तर्गत चौथो लक्ष्यले "सबैका लागि समावेशी र समानतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने" उद्देश्य राखेको छ । यस उद्देश्यसँग सम्बन्धित सातओटा लक्ष्यहरू(Targets) निर्धारण गरिएको छ । लक्ष्य प्राप्तिका लागि तीनओटा मुख्य रणनीतिक तहमा कार्यान्वयनयोजना उल्लेख गरिएको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चेओनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वाराजारी घोषणापत्रमा शिक्षासम्बन्धी दिगो विकास लक्ष्यप्रति प्रतिबद्धता व्यक्त गरिएको छ । नेपालले पनिउक्त मञ्चमा प्रतिबद्धता जनाएको छ । यसै सन्दर्भलाई समेटी नेपाल सरकारले २५ वर्ष दीर्घकालीन दृष्टिकोण सहित पन्ध्रौँ योजना २०७७/७८-२०८२/८३ तयार गरी शिक्षा विकासका नीतिगत प्राथमिकतानिर्धारण गरेकोमा हाल सोह्रौ योजना २०८१/२०८२-२०८६/२०८७ मा पनि यसलाइ निरन्तरता दिइएको छ । २०७३-२०७८ नेपालमा कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना (SSDP) २०७३-२०७८ कोअवधि मात्र आर्थिक वर्षको अन्त्यसम्म रहेकोले नयाँ योजना निर्माण गर्नुपरेको छ । साथै, उल्लेखित सन्दर्भहरूलाई समेटेर शिक्षा क्षेत्रको नयाँ योजनाको आवश्यकता देखिएको छ । त्यसैगरी, ज्ञान, विज्ञानतथा प्रविधिको विकास तथा परिवर्तनलाई सान्दर्भिकतासहित आत्मसात् गर्न र सिर्जनशील, समावेशीतथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका लागिशिक्षाको योगदानलाई समग्र रूपमा सुनिश्चित गर्न शिक्षा क्षेत्रको नयाँ योजना आवश्यक देखिएको छ । विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत्कालीन परिस्थितिबाट उत्पन्नजोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा प्रणालीको आवश्यकता छ । विकासको आवश्यकताहरुलाई अवरुद्ध गर्ने कोभिड-१९ जस्तो महामारीबाट शिक्षा क्षेत्रमा परेको असरर यसले ल्याएको चुनौतीलाई सम्बोधन गर्न थप उपायहरू अवलम्बन गर्नु आवश्यक छ ।

यस महामारीको प्रभावबाट शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई कम गर्न र गति दिनुपर्ने आवश्यकता महसुस गरिएको छ । उपरोक्त सन्दर्भमा नेपालको शिक्षा क्षेत्रको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गर्दै हिमा गाउँपालिका जुम्ला, शिक्षा, युवा तथा खेलकुद शाखाले आगामी १० वर्षका लागि शिक्षा विकासको दृष्टिकोणसहित वि. सं. २०८२ – २०९२ का लागि तयार पारेको छ । यस योजनाको पहिलो अध्यायमा योजनाका समग्र सन्दर्भहरू, जस्तै: नेपालको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसांख्यिक संरचना, भौगोलिक स्वरूप तथा समग्र शिक्षा क्षेत्रको वर्तमान अवस्था र सन्दर्भ उल्लेख गरिएको छ ।

प्रस्तुत सन्दर्भका आधारमा नेपालमा शिक्षा क्षेत्रका प्रमुख चुनौती र अवसरहरूको पहिचान गरिएको छ । यस अध्यायको अन्त्यमा योजनाको कार्यान्वयन प्रक्रियाकोसारांश उल्लेख गरिएको छ । परिच्छेद एकमा उल्लेख गरिएको आगामी

दशकसम्म नै शैक्षिक परिवर्तनको समीक्षा सहित उठान गरिएको मुद्दा चुनौती तथा अवसर र सम्भावनाहरूले यस गाउँपालिकाको विद्यालय शिक्षा आगामी १० वर्षको भविष्य पहिचानका आधारहरू सिर्जना गरेका छन् । यसमा सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट निम्न आधारभूत शिक्षा, निम्न माध्यमिक शिक्षा,साक्षरता,निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्नुपर्नेउद्देश्यहरूलाई समेट्ने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू(Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उद्देश्यसूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच

**राष्ट्रिय दीर्घकालीन सोचः**

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यापुर्ण समाजको विकाससहित नेपाललाई सम्बृद्ध र नेपालीलाइ सुखी बनाउने योगदान गर्ने।

**कर्णाली प्रदेशको दीर्घकालीन सोच तथा गन्तव्यः**

शिक्षा विकासको पूर्वाधारः समृद्ध कर्णालीको आधार

**हिमा गाउँपालिकाको दीर्घकालीन सोच तथा गन्तव्यः**

" स्थानिय ज्ञान शिपको प्रयोगसहित प्रविधिमैत्रि शिक्षा, शिक्षक,विद्यार्थि अभिभावक र सरोकारवाला सबैको ईच्छा "

## २.३ लक्ष्य

शिक्षालाई जीवनोपयोगी, गुणस्तरीय, रोजगारमूलक, मैत्रिपूर्ण बनाउँदै सबैबालबालिकाको पहुँच सूनिश्चित गर्ने।

## २.४ उद्देश्य

१. सवै बालबालिकालाई प्रारम्भिक बाल विकास शिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यमिक शिक्षामा नि:शुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, उत्पादनमुखी, रोजगारमूलक र प्रविधिमैत्री बनाउनु।

२. सबै विद्यालयमा समावेशी र समतामूलक तथा मैत्रीपुर्ण सिकाई प्रादन गर्ने वातावरण तयार गर्नुका साथै विशेष शिक्षाको लागि आवश्यक संरचना निर्माण गरी सरोकारवालाको पहुँच सुनिश्चित गर्नु ।

३. सबै तह र प्रकारका शिक्षामा बालवालिकहरुको अनिवार्य र गुणस्तर सुनिश्चतता गर्नु।

४. राष्ट्रिय,प्रादेशिक तथा विश्व परिवेशलाई मध्यनजर गरी प्रविधिमैत्री सिप र रोजगारमूलक बनाउदै मूल्यमा आधारित सक्षम समुन्नत र आत्मा निर्भरसमाज निर्माण गर्नु।

५. सबै तहमा सक्रिय सहभागिता सहित समावेशी, समतामूलक पहुँच सुनिश्चित गर्ने।

६. प्राविधिक शिक्षा तथा सृजनात्मक व्यवसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु।

७. शिक्षा प्रणालिमा शुशासनयुक्त वातावरणमा सवै नागरिकका लागि जीवनपर्यन्त, साक्षरर अनौपचारिक शिक्षाको अवसर सुनिश्चित गर्नु।

**२.५ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| भर्ना अभियान र अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी प्रत्येक नागरिकलाई आधारभूत तहसम्म शिक्षाको पहुँच सुनिश्चित गरिनेछ। | (क) पालिकास्तरीय ऐन, नीति, नीयमावली निर्माण गरी कार्यान्वयन गर्नु।<br>(ख) शिक्षाबाट बञ्चित भएका बालबालिकाहरूको तथ्यांक संकलन गर्ने, अद्याबधिक गर्ने, सार्बजनिकगर्ने र क्रमिक रुपमा अनुगमन गर्ने।<br>(ग) अभिभावकलाई बालविकास र बालशिक्षा बारे सचेतनामूलक क्रियाकलापहरू गर्ने।<br>(घ) जोखिममा रहेका बालबालिकाको विद्यालय नियमितताका लागि सहयोगार्थ बालहीतकोषको व्यबस्था गर्ने।<br>(ङ) निरन्तर एंवम निमार्णात्मक मूल्याङ्क पद्धतिको प्रयोगबाट बस्तुनिष्ठमापन प्रणालिमा जोड दिने।<br>(च) सेवाक्षेत्रका सबै बालबालिका विद्यालय भर्ना गरेका विद्यालयलाई पुरस्कृत गर्ने।<br>(छ) सिकाई उपलब्धि स्तर कम्जोर भएका बस्तिहरुमा Homework club गठन गरी गृहकार्य गर्नप्रेरित गर्ने गरी विषेश प्रकारको आवश्यक प्रयासहरु गरिनेछन्।<br>(ज) प्रत्येक विद्यालयमा छात्राहरुको लागि सेनेटरी प्याडको व्यवस्था गरिने छ।<br>(झ) शिक्षाबाट वञ्चित बालबालिकालाई वैकल्पिक कक्षाको व्यबस्था गर्ने।<br>(ञ) घुम्ती विद्यालय वा घुम्ती शिक्षाको व्यबस्था मिलाउन पहल गर्ने<br>(ट) बाल तथा लैंगिकमैत्री विद्यालय निर्माण गर्ने।<br>(ठ) शैक्षिक सत्रको सुरमै हरेक बालिकाले पाठ्यपुस्तक प्राप्त गर्ने व्यबस्था मिलाउने। पाठ्यपुस्तक सुरक्षित गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्ने। |
| सम्पूर्ण अपाङ्गता भएका, दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि गाउँपालिकाबाट पहल गरिनेछ र आवश्यकता अनुसार प्रदेश सरकारसँग समन्वय गरी सुनिश्चित गर्नु। | (क) अपांगता भएका र आर्थिकरुपमा विपन्न भएका बालबालिकाहरूको पहिचान गरी तथ्यांकअद्यावधिक, वर्गीकरण, विश्लेषण गरेर सार्वजनिक गर्ने।<br>(ख) अपांगता तथा आर्थिक विपन्नहरूको लागि छात्रवृत्ति तथा आवश्यक उपकरण र सामग्रीहरूको व्यवस्था गर्ने।<br>(ग) अपांगता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नका लागि कोटाहरू निर्धारण गरेर सम्वन्धीत विद्यालयहरूमा भर्ना गर्न पहल गर्ने। यस्ता बालिकाहरूको लागि सुविधासम्पन्न विद्यालयमा प्रेषण गर्ने।<br>(घ) पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्न श्रोत विद्यालयको व्यवस्था गर्ने र आवश्यक पाठ्य, शैक्षिक सामग्रीहरू र |

| | |
|---|---|
| | आवश्यक उपकरणको व्यवस्था गर्ने ।<br>(ङ) दलित बालबालिकाहरूको शिक्षामा पहुँच पुर्याउन विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा कोषको व्यवस्था गर्ने ।<br>(च) दलित विद्यार्थीहरूका परिवार तथा विद्यार्थीहरूको लागि आयआर्जनका लागि सीपमुलक तालिम गोष्ठीको व्यवस्था गर्ने ।<br>(छ) राज्यले प्रदान गरिएका सेवासुविधाहरू प्राप्त गरे-नगरेको अनुगमन गर्ने र नपाएका विद्यार्थीहरूलाई सहयोगको लागि प्रदेश तथा केन्द्रमा सिफारिस गर्ने ।<br>(ज) उच्च शिक्षाको लागि प्रदेश तथा केन्द्रमा छात्रवृत्तिको लागि सिफारिस गर्ने । |
| प्रारम्भिक बालविकास सहित सबै तहमा समावेशी समतामूलक पहुँच सुनिश्चित गर्नु साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिनेछ । | क) शैक्षिक गुणास्तर तथा सिकाई उपलब्धि हासिल गर्न पालिकास्तरीय लगानि वृद्धि गर्ने ।<br>ख) विद्यालय शिक्षाको अवसरबाट बञ्चित सबै बालबालिकाको पहिचान गर्ने ।<br>विद्यालयको नक्साङकन गरी विद्यालय समयोजन तथा पुनवितरण गर्ने<br>ग) अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयनको लागि कार्यविधि निर्माण गर्ने ।<br>घ) सरकारी कर्मचारी, जनप्रतिनिधिहरू र शिक्षकहरूले अनिवार्य रुपमा आफ्ना छोराछोरीहरूलाई सरकारी विद्यालयमा पढाउने व्यवस्थाको पहल गर्ने ।<br>ङ) विद्यालयले दिवा खाजाको व्यवस्था मिलाउने जसका लागि अभिभावक तथा विद्यालयले व्यवस्था गर्ने ।<br>च) प्रारम्भिक बालविकास केन्द्रको स्तर बृद्धि गरी शिक्षकको क्षमता विकास गर्ने ।<br>छ) दृष्टिविहीन, बहिरा र स्वर वा बोलाइ सम्बन्धी समस्या भएका अपांगता बालबालिकाहरूको तथ्यांकसंकलन गर्ने र वर्गीकरण गर्ने ।<br>ज) पहिचान भएका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने र आवश्यक पाठ्य तथा, शैक्षिक सामग्रीहरू र आवश्यक उपकरणको व्यवस्था गर्ने ।<br>झ) अभिभावकहरू र शिक्षकहरूलाई साँकेतिक भाषा सम्वन्धी तालिम तथा अभिमुखीकरण तालिम सञ्चालन गर्ने ।<br>ञ) शैक्षिक सत्रको सुरुमै सबै विद्यालयहरुमा नगर स्वास्थ्य शाखाले बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरेको सुनिश्चित गर्ने ।<br>ट) बिद्यार्थी संख्या र तहको आधारमा स्वास्थ्य कर्मिको व्यवस्था मिलाई औषधिको पनि व्यवस्था विद्यालय परिसरमै गर्ने । मा.वि तहवाट शुरु गरेर क्रमशः सवै विद्यालयहरुमा स्टाफ नर्सको व्यवस्था मिलाउदै जाने |

| | |
|---|---|
| | ।<br>ठ) अनिवार्य र निःशुल्क शिक्षामा पहुँच पुग्न नसक्ने बालबालिकाहरूको लागि पहुँच पुग्ने गरी छात्रवृत्ति र पाठ्यसामग्रीहरूको व्यवस्था गर्ने ।<br>ड) अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि विद्यालय नपठाउने अभिभावकहरूलाई आफ्ना छोराछोरी नियमित विद्यालय नपठाउदासम्म गाउँपालिकाद्वारा प्रदान गरिने सेवासुविधाबाट वंचित गर्ने ।<br>ढ) अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चत गर्नका लागि नगरस्तरीय शिक्षा कोषको व्यवस्था गर्ने ।<br>ण) गाउँपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङख्याको आधारमा क्रमशःशिक्षक दरवन्दिको व्यवस्था गर्ने । शुन्य दरवन्दि भएका विद्यालयवाट शिक्षक दरवन्दि को व्यवस्था गर्दै क्रमशः दरवन्दि अभाव भएका विद्यालयलाई प्राथमिकताका आधारमा गाउँपालिकाद्वारा अनुदानमा दरवन्दि श्रृजना गरी लागु गर्ने<br>त) न्यूनतम मापदण्ड निर्माण गरी विद्यार्थी सङख्याको आधारमा बालमैत्रि विद्यालय भवन, खानेपानी र शौचालयको व्यवस्था गर्ने । |
| सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गरिनेछ । | (क) गुणस्तरीयता शिक्षा सम्वन्धी सूचकहरू तयार गर्ने र सोहिअनुसार नमुना विद्यालयको बिकास गर्ने ।<br>(ख) कमजोर विद्यार्थीहरूको लागि हरेक सरकारी विद्यालयमा उपचारात्मक तथा सुधारात्मक कक्षाहरू सञ्चालन गर्ने । कुनै शिक्षकले विद्यालय समयमा अन्यत्र कुनै पेशा व्यबसाय गर्न नपाईने व्यवस्था गर्ने ।<br>(ग) समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरूले तल्लोकक्षाका विद्यार्थीहरूलाई सिकाउने वातावरण सृजना गर्ने ।<br>(घ) सरकारी विद्यालयमा पढाउने शिक्षकहरूले सोहि विद्यालयमा टिउसन पढाउन नपाउने नीति गाउँपालिकाले कडाइका साथ अवलम्वन गर्ने ।<br>(ङ) विद्यालयमा सबै पक्षको सभागिता सुनिश्चित(स्वास्थ्यकर्मी, प्रहरी, शिक्षा,युवा तथा खेलकुद शाखा,महिला विकास, नगरप्रतिनिधि, बालप्रतिनिधि आदि) गरेर शिक्षा विकास समिति गठन गर्ने ।<br>(च) विद्यायलयको गुणस्तर कायम गर्न नगरक्षेत्र भित्रका सबै राजनैतिक दलहरूबाट राजनैतिक हस्तक्षेप नगर्ने प्रतिवद्धता लिने र शैक्षिक क्षेत्रमा राजनैतिक दलका क्रियाकलापहरूको प्रभाव नपार्ने र यसको लागि साझा सहमति निर्माण गर्ने ।<br>(छ) गुणस्तरीय शिक्षक, गुणस्तरीय वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामग्रीको विद्यालयले सुनिश्चत गर्ने । |

| | |
|---|---|
| | (ज) शैक्षिक सामग्री प्रर्दशनी मेलाको आयोजना गर्ने र त्यसमा शिक्षक,अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चतगर्ने<br>(झ) गाउँपालिका भित्रका सबै प्र.अ.हरूको भेला गरेर वास्तविक समस्याहरूको पहिचान गरी समाधानको लागि योजना बनाउने।<br>(ञ) तालिममा सिकेका विषयवस्तुहरूको बारेमा विद्यालयमा सबै शिक्षकहरूलाई जानकारी गर्ने र त्यसको अभिलेख विद्यालयले व्यवस्थापन गर्ने।<br>(ट) स्थानीयस्तरको आवश्यकतालाई मध्यनजर गरी स्थानीय पाठ्क्रम निर्माण गर्ने।<br>(ठ) विद्यार्थीहरूको नियमितता मा जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने।<br>(ड) शिक्षक नभएको विद्यालयमा सो क्षेत्रमा कार्यरत कर्मचारी तथा पढेर बसेका विद्यार्थीहरूलाई स्वयम्सेवकको रुपमा पढाउन व्यवस्था मिलाउने।<br>(ढ) बढी उपस्थित हुने विद्यार्थी र विद्यार्थीहरूका अभिभावकहरूलाई सम्मान गर्ने र शिक्षण सिकाइ क्रियाकलापहरू प्रभावकारी गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने। कक्षा ८ को परीक्षालाई एस.ई.ई को जस्तो बनाउदै लैजान परीक्षा केन्द्र र केन्द्राध्यक्ष , सहायक केन्द्राध्यक्ष । नीरिक्षक तोकेर व्यबस्थित रुपमा सञ्चालन गर्ने उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशनमा विश्वसनियता रहने गरी कार्य गर्ने।<br>(ण) विज्ञान सामाग्री, पुस्तकालय, खेलकुदको सामाग्री व्यवस्था, सास्कृतिक कार्यक्रमका सामाग्रीहरु,प्रविधिमय सामाग्रीको व्यवस्था गर्ने।<br>(त) प्रत्येक बिध्यालयमा शिक्षकले, तीन महिनामा विद्यालयस्तरीय र छ महिनामा नगरस्तरीय मूल्यांकन प्रणाली लागू गर्ने। अन्तर विद्यालय उत्तरपुस्तिका जाँच गर्ने नीति अवलम्वन गर्ने (एक विद्यालयका शिक्षकले अर्को विध्यालयको उत्तरपुस्तिका जाँच गर्ने)<br>(थ) निरन्तर मूल्यांकन प्रणालीलाई विस्थापित गर्न पहल गर्ने र शिक्षक दरवन्दि मिलान, विद्यालय समायोजन, तह समायोजन आदि गरेर कार्यान्वयन गर्ने।<br>(द) शिक्षकहरूको नियमिततामा जोड दिने र यसको लागि हरेक कक्षामा घडिको व्यवस्थापन गरेर स्वयम् विद्यार्थीहरूबाट नै समयको बारेमा शिक्षकलाई सचेत गराउने व्यवस्था गर्ने। |

| | |
|---|---|
| | (ध) कक्षागत सिकाइ उपलब्धीको मापदण्ड निर्माण गरी लागू गर्ने ।<br>(न) हरेक विद्यालयमा विषयगत शिक्षक भएनभएको बारेमा विश्लेषण गरी अनिवार्यरुपमा विषय शिक्षकको व्यवस्था गर्ने ।<br>(प) तालिम प्राप्त शिक्षकले कक्षाकोठामा सिकेको ज्ञान, सिप प्रयोग गरेनगरेको बारेमा एकिन गर्ने ।<br>(फ) कमजोर तथा सहयोगको आवश्यकता भएको विद्यालयमा भौतिक तथा शैक्षिक क्रियाकलापहरू विस्तार गर्न सबैको सहमति कायम गर्ने ।<br>(ब) विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधिहरूद्वारा निश्चित मापदण्ड तयार गरेर अनुगमनलाई प्रभावकारीरुपमा सञ्चालन गर्ने । |
| स्थानीय, राष्ट्रिय, प्रादेशिक तथा विश्व परिवेश अनुसार शिक्षालाई वैज्ञानिक, प्रविधिमैत्री सिप सिकाउनु । | (क) स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरूको सूची तयार गरी विद्यालयले स्थानीय सहयोगी शिक्षकका रुपमा प्रयोग गर्ने ।<br>(ख) विद्यालयका शिक्षकहरूलाई अनिवार्यरुपमा कम्प्युटर किन्न अभिप्रेरित गर्ने र त्यसको लागि गाउँपालिकाले सुरुमा निश्चित समयको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने ।<br>(ग) अन्तर गाउँपालिका भित्रका नमुना विद्यालयहरूमा शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाउने ।<br>(घ) उद्यम र व्यवसायिक कोषको व्यवस्था गर्ने ।<br>(ङ) बालबालिकाहरूलाई समुदायस्तरमा परियोजना कार्यको माध्यामद्वारा अध्ययन गर्ने वातावरण निर्माण गर्ने ।<br>(च) कक्षागत क्रियाकलापहरू सञ्चालन गर्दा व्यवहारको माध्यामद्वारा प्रयोगात्मक, प्रर्दशन, चित्र,भिजिवल डकुमेन्ट्रीको माध्यामद्वारा शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने ।<br>(जस्तैः भात पकाउँदा विज्ञानका कुन कुन नियमहरूको प्रयोग हुन्छ, शक्ति, वाष्प, सुचालक र कुचालक आदि) गणित पढाउँदा–घरायसी गणितका उपक्षेत्रहरु विजुली, पानीको विल आदी ।<br>(छ) आवश्यकताको आधारमा प्राविधिक र व्यवसायिक सीपमुलक रोजगारीमूलक विद्यालयहरूको स्थापना गर्ने वा अन्य पालिकाहरुसंग समन्वय गर्ने<br>(ज) स्थानीयस्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाब्यता अध्ययन गरी सीप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने ।<br>(झ) विद्यालस्तरका अतिरिक्त क्रियाकलापहरू समुदायस्तरमा सञ्चालन |

| | |
|---|---|
| | गर्ने र अभिभावकहरूको सहभागिता सुनिश्चत गर्ने , सोलारको व्यवस्था गर्ने।<br>(ञ) सबै विद्यालयमा इमेल इन्टरनेटको सेवा उपलब्ध गर्ने।<br>(ट) छोटो अवधीको प्राविधिक सीपसम्बन्धी तालिमहरु सञ्चालन गर्ने।<br>(ठ) एक शिक्षक एक ल्यापटप नीति लागु गरिने छ, हरेक शिक्षकको आफ्नै ल्यापटप हुनेछ र त्यसको प्रयोग शिक्षण सिकाई क्रियाकलापमा हुने निश्चितता गर्ने |
| प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै १ माभर्ना हुँदा आधारभूत भाषिक र गणितिय सीप सिकेको सुनिश्चित गरिनेछ। | (क) बालविकास कक्षा देखि नै विद्यार्थीहरूको सिकाइउपलब्धीको विश्लेषण गेरर कमजोर क्षेत्रमा तत्काल सुधार गर्ने नीति अवलम्वन गर्ने।<br>(ख) सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोगको लागि उचित व्यवस्था गर्ने ।<br>(ग) शैक्षिक सामग्री प्रदर्शनी मेलाको आयोजना गर्ने र सहजकर्ता, अभिभावक र विद्यार्थीहरूको सहभागिता सुनिश्चत गर्ने।<br>(घ) बालविकास सहजकर्ताहरूको पहलमा स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा वृद्धि गर्न पहल गर्ने।<br>(ङ) बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार व्यवस्थापन गर्ने<br>(च) विद्यार्थीहरूको नियमिततामा जोड दिने र यसको लागि हाजिरी लेखाजोखा गर्ने प्रणालीलाई व्यवस्थापन गर्ने।<br>(छ) बालविकास केन्द्रमा नै आधारभूत नेपाली भाषा स्थानीय खसभाषा र गणितीय सीप सम्वन्धी ज्ञान, सीप र धारणामा अभिवृद्धि गर्न अनिवार्यरुपमा लागु गर्ने।<br>(ज) नगरक्षेत्र भित्रमा रहेका सबै प्रारम्भिक बालविकास केन्द्रहरूको लेखाजोखा गर्ने र नमुना बालविकास केन्द्रका न्यूनतम मापदण्डहरू पुरा हुने गरी विस्तृत कार्ययोजना निर्माण गर्ने।<br>(झ) गाउँपालिका भित्र कम्तिमा एक नमुना बालविकास केन्द्र स्थापना गर्ने । |
| घर र विद्यालयमा शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट मूक्त गर्दै सबै विद्यालयमा बालसहभागिता प्रबर्धन गरी विद्यालयलाई शान्ति क्षेत्र सुनिश्चित गर्न शिक्षा प्रणालीमा सुशासनयुक्त वातावरणमा निर्माण गर्नु। | क) विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघको क्षमताविकास गर्ने।<br>(ख) प्रत्येक वडा तथा विद्यालयस्तरमा बालक्लबको गठन गर्ने र उनिहरूलाई स्थानीय तह तथा विद्यालयस्तरीय क्रियाकलापहरूमा अनिवार्य सहभागिता गराउने व्यवस्था मिलाउने।<br>ग) शैक्षिक गतिविधिलाई नियमित र शैक्षिक सेवा प्रवाहलाई पारदर्शि |

| | |
|---|---|
| | बनाउने।<br>(घ) वडा र नगरस्तरीय बालसंरक्षण समिति गठन गर्ने र बालअधिकारको सुनिश्चिताको लागि अनुगमन गर्ने।<br>(ङ) बालबालिकाहरूको ओसारपसार गर्ने र उनीहरूलाई श्रममा लगाउन नदिने विषयमा कडाइका साथ कार्यान्वयन गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।<br>च) विद्यालय सूचना प्रणालीलाई व्यवस्थित बनाई सम्पुर्ण सरोकारवालहरुको क्षमता विकास गर्ने।<br>(घ) १४ वर्षमुनिका बालबालिकाहरूको ओसारपसार भएको तत्याङ्क अद्यावधिक गर्ने। यदि यस्तो देखिएमा कडाइका साथ कार्वाहि गर्न सिफारिस गर्ने।<br>(ङ) ओसापसारबाट फिर्ता भएका बालबालिकाहरू र विद्यालयका बालबालिकाहरू बीच अन्तरक्रिया तथा संवाद गर्ने वातावरण मिलाउने।<br>(च) वेवारिसे बालबालिकाहरूको हकमा गाउँपालिकाले सरक्षण गर्ने व्यवस्था मिलाउने।<br>(छ) प्रत्येक विद्यालयमा बालसुरक्षासम्वन्धी प्रहरीद्वारा कक्षा लिन लगाउने। जस्तैः राती सुतीसकेपछि कोठामा बत्ति बाल्ने आदि। "प्रहरी मेरो साथी कार्यक्रम" संग समन्वय गर्ने।<br>(ज) कुनै पनि बालबालिकाहरूलाई विद्यालय तथा घरमा मानसिक तथा शारीरिक यातना दिन नहुने विषयमा संचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने।<br>(झ) बालविवाह उन्मूलन गर्न बालविवाह सम्वन्धी कार्यविधि तयार गरी बालविवाह न्यूनीकरण सम्वन्धी अभियानहरू सञ्चालन गर्ने।<br>(ञ) बालविवाह विरुद्ध संचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्ने<br>(ट) विद्यालय शान्तिक्षेत्र सम्वन्धी रणनीतिक कार्ययोजना कार्यान्वयन गर्ने।<br>(ठ) गुनासो सुनुवाई संयन्त्र कार्यविधिलाई कडाईका साथ लागू गर्ने।<br>(ड) हरेक विद्यालयमा दण्डरहित शिक्षण सिकाई क्रियाकलापहरूलाई कडाइका साथ अवलम्वन गर्ने र सकारात्मक अनुशासनका विधि र प्रक्रिया लागु गर्न प्रोत्साहन गर्ने। |
| सबै विद्यालय र बालबालिकालाई सम्भावित जोखिम नपर्ने गरी सुरक्षित विद्यालय प्रबर्धन गर्नुका साथै सम्पूर्ण विद्यालयहरूमा आधारभूत स्वास्थ्य र सरसफाई व्यबस्था गरिनेछ। | (क) नगरका हरेक विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण योजना निर्माण गर्ने र यस्ता विषयवस्तुहरू विद्यालय सुधार योजनामा समावेश गर्न अनिवार्य गर्ने।<br>(ख) हरेक विद्यालयका बालबालिकाहरूलाई भुकम्पबाट जोगिने |

| | |
|---|---|
| | उपायहरूको बारेमा पूर्व अभ्यास र वास्तविक अभ्यास गर्न हरेक विद्यालयमा श्रोत शिक्षकको व्यवस्थापन गर्ने । सवै विद्यालयमा स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाउने नीति अनिवार्य लागु गर्न (माक्स,सेनिटाईजर दैनिक रुपमा प्रयोग गर्नै र नियमित सावुन पानीले हात धुने)<br>(ग) प्रत्येक वडास्तरमा शिक्षा, स्वास्थ्य, पोषण, खेलकुद, मनोरञ्जन र सर्वाङ्गीण व्यक्तित्व विकासका लागि व्यवस्था गर्ने ।<br>(घ) छात्र र छात्राहरूको लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था गर्ने<br>(ङ) हात धुने, व्यक्तिगत सरसफाई तथा विपद् जोखिम न्यूनीकरण विषयमा अभिभावकहरूलाई अभिमुखीकरण गर्ने ।<br>(क) कोरोना भाईरस कोभिड १९ जस्ता अकस्मात देखिने रोग तथा विपद् जोखिम व्यवस्थापन तथा न्यूनीकरणसम्वन्धी नगरस्तरीय योजना निर्माण गर्ने ।<br>(ख) विद्यालयले वर्षको २ पटक अनिवार्य रुपमा सम्वन्धित स्वास्थ्य चौकीको समन्वयमा बालबालिकाहरूको परीक्षण गरी जुकाको औषधी खाएको सुनिश्चत गर्ने ।<br>(ग) विद्यार्थीहरूको व्यक्तिगत सरसफाई (नङ काट्ने, कपाल कोर्ने, पोशाक सरसफाई) र विद्यालयस्तरीय सरसफाई सम्वन्धी क्रियाकलाप सञ्चालन गर्ने ।<br>(घ) नगरका सबै विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालयको आफैं व्यवस्था मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने । हरेक विद्यार्थीहरूद्वारा नै शौचालय आफैं सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गर्ने । तिन तारे पद्धतिमा जाने ।<br>(ङ) विपद् प्रभावित, विस्थापित परिवार तथा बालिकाहरूको पुनर्स्थापन गर्न तथा तत्तकाल अस्थायी पढाइ केन्द्र मार्फत बालबालिकाहरूको पढाइलाई निरन्तर गर्ने । वैकल्पिक शिक्षाका माध्यमहरु लागु गर्ने (रेडियो, टेलिभिजनमा घुम्ती शिक्षक टोल शिक्षा आदि) |
| निजी विद्यालयहरूलाई न्यूनतम मापदण्ड तयार गरी नियमन र व्यबस्थापन गरिनेछ । | (क) निजी विद्यालयहरूको गुणस्तर मापन गरी सेवामुलक बनाउन उनीहरूलाई निश्चित छात्रवृत्ति (कम्तिमा १० प्रतिशत) कोटा निर्धारण गरी कार्यान्वयन गराउने । साथै कार्यान्वयन भए नभएको बारेमा अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने ।<br>(ख) निजी विद्यालयहरूले विद्यार्थीलाई प्रदान गर्ने सुविधाको आधारमा |

| | |
|---|---|
| | शुल्क निर्धारण गर्ने नीति अवलम्वन गर्ने ।<br>(ग) गाउँपालिकाले संस्थागत विद्यालयहरूको लागि बालमैत्री सूचक सहितका न्यूनतम मापदण्ड तयार गरेर कार्यान्वयन गर्ने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।<br>(घ) अब स्थापना हुने नीजी विद्यालयहरूलाई सेवामूलक गुठीको रुपमा सञ्चालन गर्ने अनुमति दिने र नेपाल सरकारको नीतिनियम बमोजिम स्वीकृति तथा अनुमति नलिई सञ्चालन भएका यस्ता विद्यालयहरूको लागि जनप्रतिनिधिहरूको संयोजकत्वमा समिति गठन गरेर छानविनको दायरामा ल्याउने । |

**२.६ उपलब्धि तथा प्रमुख नतिजा**
**उपलब्धि**

- प्रारम्भिक, आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति दक्ष भै कार्यरत रहेको हुनेछन ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएका हुनेछ ।

**२.७ कार्यक्रम तथा नतिजा खाका**

योजना विकास तथा कार्यान्वयन र मूल्याङ्कनको मूलभूत आधार सूचक हुन् । पहिलेको अवस्था कस्तो थियो, हालको अवस्था कस्तो छ, पहिलाको र वर्तमान अवस्थाको विश्लेषणबाट भविष्यमा के गर्ने भन्ने जानकारी सूचकहरुबाट प्राप्त गर्न सकिन्छ । यस दशवर्षीय योजनाको अन्त्यमा प्राप्ति हुने प्रमुख नतिजाको खाकालाई तलको तालिकामा प्रस्तुत् गरिएको छ । योजना अवधिको वर्षलाई आधार मानी वि.सं २०९२ सम्मको प्रमुख नतिजा पनि यस तालिकामा प्रस्तुत् गरिएको छ । यसमा उल्लेख गरिएका राष्ट्रिय सूचकका मान अङ्कहरु फल्यास रिपोर्ट, राष्ट्रिय समीक्षा तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदन र दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजनाबाट साभार गरिएको छ । यसैगरी प्रदेशस्तरको मान अङ्क कर्णाली प्रदेशको दश वर्षे शिक्षा क्षेत्र योजनाको ड्राफ्टबाट र स्थानीय तहको शिक्षा पार्श्वचित्र, IEMIS प्रतिवेदन तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास प्रतिवेदनबाट लिइएको छ ।

**प्रमुख कार्यक्रम तथा नतिजा सूचकहरु**

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | स्थानीय | ६३.४ | ८२ | ८६ | ९६ |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४. | ९९. |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको प्रतिशत | स्थानीय | ८५.६ | ९० | ९५ | ९९ |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३. | ८५. | ९५. |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | स्थानीय | ९६.० | ९६.५ | ९८ | ९९ |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९. | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | १००.०० | १०५ | १०३.५ | १०२ |
| | | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५. | १०७. | १०५. |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १ -५ मा खुद भर्ना दर | स्थानीय | १००.० | १२४ | १२२ | ११८ |
| | | प्रदेश | ९५.४ | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १ -५ मा कूल भर्ना दर | स्थानीय | ९८.७ | ११० | १०५ | १०० |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | | | |
| २.५ | आधारभूत तहको कक्षा १ -५ को कक्षा छाड्ने दर | स्थानीय | २.१ | १ | ०.५ | ० |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २.६ | आधारभूत तहको कक्षा १ -५ को कक्षा दोहोर्याउने दर | स्थानीय | १८.५ | १५ | १० | ० |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २.७ | आधारभूत तहको कक्षा १ -५ को कक्षा उतीर्ण दर | स्थानीय | १०० | १०० | १०० | |
| | | प्रदेश | ७९.१५ | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरागर्ने दर | स्थानीय | ९४ | ९६ | ९८ | ९९ |
| | | प्रदेश | ७५.६१ | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |
| २.९ | आधारभूत तहमा प्राथमिक | स्थानीय | २३.६ | २२ | १८ | १६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा १ – ५ मा भर्ना भएका ५ -९ वर्ष उमेर भन्दा माथिका बालबालिका | | प्रदेश | ४७.३१ | | | |
| | | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. |
| २.१ | आधारभूत तह प्राथमिक कक्षा १ – ५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | | स्थानीय | १.२० | १.१५ | १.१० | १.०५ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तह कक्षा १ - मा खुदभर्ना दर | | स्थानीय | ९४.५ | ९८ | ९९ | १०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९. | | १०० |
| २.१२ | आधारभूत तह कक्षा १ -८ मा कूलभर्ना दर | | स्थानीय | १००. | १०० | १०० | १०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | | स्थानीय | ८१.० | ९२ | ९७ | १०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५. |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | | स्थानीय | ७८.८ | ९१ | ९६ | १०० |
| | | | प्रदेश | ७९.४७ | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५. |
| २.१५ | आधारभूत तह कक्षा १ -८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | १.८ | १.४ | १.०० | १ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ५ को आधारभूत तह हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | २८० | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. |
| | | गणित | स्थानीय | २३४ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. |
| | | अङ्ग्रेजी | स्थानीय | २८१ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| २.१८ | कक्षा ८ मा | नेपाली | स्थानीय | ५४ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | न्युनतम सिकाइ उपलब्धि हासिल गरेकाकक्षा ८ को तह ३ हासिल भएका बालबालिकाको सङ्ख्या | भाषा | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ |
| | | गणित | स्थानीय | ५८ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. |
| | | विज्ञान | स्थानीय | ५६.५ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | आधारभूत (कक्षा १-५) | स्थानीय | १.५ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.३ | १. | ०.५ | ० |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | २०.५३ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १. | ० |
| २.२ | आधारभूत तह कक्षा १ –८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | | स्थानीय | २०.०२ | २३.५ | २४.५ | २६ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४७ | ४५. | ५०. | ५०. |
| २.२१ | आधारभूत तह कक्षा ६ –८ मा कक्षा छोड्ने दर | | स्थानीय | ०.८ | ०.५ | ०.४ | ०.२ |
| | | | प्रदेश | ३.०३ | | | |
| | | | राष्ट्रिय | २.८ | | | |
| २.२२ | आधारभूत तह कक्षा ६ –८ मा कक्षा दोहोर्याउने दर | | स्थानीय | १२.२ | १४ | १२ | १० |
| | | | प्रदेश | १५.४ | | | |
| | | | राष्ट्रिय | ५.१९ | | | |
| २.२३ | आधारभूत तह कक्षा ६ –८ मा कक्षा उतीर्ण दर | | स्थानीय | ७०.८ | ८८ | ९२ | १०० |
| | | | प्रदेश | ८५.८१ | | | |
| | | | राष्ट्रिय | ८८.२ | | | |
| ३.१ | माध्यमिक तह कक्षा ११–१२ मा खुद भर्ना दर | | स्थानीय | ३२.५ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५. | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.२ | माध्यमिक तह कक्षा ११–१२) मा कूलभर्ना दर | स्थानीय | ५५.४ | | | |
| | | प्रदेश | ३८.० | | | |
| | | राष्ट्रिय | ७१.४ | | ० | ९९. |
| ३.१ | माध्यमिक तह कक्षा ९ –१० मा खुद भर्ना दर | स्थानीय | ८२.८ | ८६ | ९४ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | |
| ३.२ | माध्यमिक तह कक्षा ९ –१०) मा कूल भर्ना दर | स्थानीय | ९६.९ | ९८ | ९९ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९. |
| ३.१ | माध्यमिक तह कक्षा ९ –१२ मा खुद भर्ना दर | स्थानीय | ५२.८ | ६२ | ६५ | ७० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | |
| ३.२ | माध्यमिक तह कक्षा(९ –१२) मा कूल भर्ना दर | स्थानीय | ७८.० | ८२ | ९१ | १०० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९. |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ –१२ | स्थानीय | १.०० | ०.९९ | १.० | १.० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १. | १. | १. |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | ७७.९४ | ८० | ८२ | ८५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | ६२.४५ | ६९ | ७५ | ८० |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | २८.०० | ३४ | ३९ | ४१ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४. | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९ –१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | ०.८२ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | ३३. |
| ३.८ | माध्यमिक तह कक्षा ९ –१२ मा अध्ययनरत विद्यार्थी मध्ये | स्थानीय विज्ञान | | | | |
| | | स्थानीय प्रा.व्या. | १ .४९ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी प्रतिशत | प्रदेश | विज्ञान | | | | |
| | | | प्रा.व्या. | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५. | |
| | | | प्रा.व्या. | ११. | १७. | ३०. | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६४ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | ६२.२९ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | विज्ञान | स्थानीय | ६४ . ७३ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ७०.०८ | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| ३ । १० | माध्यमिक तह कक्षा ९ –१० मा कक्षा छोड्ने दर | स्थानीय | | ०.६ | ०.६ | ०.४ | ०.३ |
| | | प्रदेश | | २. | | | |
| | | राष्ट्रिय | | १.९४ | | | |
| ३ । ११ | माध्यमिक तह कक्षा ९ –१० मा कक्षा दोहोराउने दर | स्थानीय | | ६.४ | ५.० | ४.० | २.५ |
| | | प्रदेश | | २.४७ | | | |
| | | राष्ट्रिय | | २.१८ | | | |
| ३ । १२ | माध्यमिक तह कक्षा ९ –१० मा कक्षा उत्रिण दर | स्थानीय | | ९०.९ | ९३ | ९४ | ९५ |
| | | प्रदेश | | ९१.५२ | | | |
| | | राष्ट्रिय | | ९३.४२ | | | |
| | माध्यमिक तह कक्षा ११ – १२ मा कक्षा छोड्ने दर | स्थानीय | | ०.० | | | |
| | | प्रदेश | | १.११ | | | |
| | | राष्ट्रिय | | ०.८९ | | | |
| ३ । | माध्यमिक तह कक्षा ११ – | स्थानीय | | ०.० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | १२ मा कक्षा दोहोराउने दर | प्रदेश | | २.८ | | | |
| | | राष्ट्रिय | | ०.७८ | | | |
| ३ ।१४ | माध्यमिक तह कक्षा ११ –१२ मा कक्षा उतिण दर | स्थानीय | | ९५.२ | ९८.८ | ९९.२ | ९९.५ |
| | | प्रदेश | | ९१.११ | | | |
| | | राष्ट्रिय | | ९१.२७ | | | |
| ४.१३ ।१५ | साक्षरता दर कुल | स्थानीय | | ९८ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ७६.२ | | ९५. | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | | ४८ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८ |
| ५.१ | प्राविधिक तथा व्यवसायिक सीपविकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति प्रतिशत | स्थानीय | | ०.२ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३१. | ४०. | ५०. | ७५. |
| ५.२` | प्राविधिक तथा व्यवसायिक शिक्षाकक्षा ९ –१२ वा डिप्लोमा वाप्रि-डिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्तिवार्षिक सङ्ख्या | स्थानीय | छात्रा | १२ | | | |
| | | | छात्र | १० | | | |
| | | प्रदेश | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| ६.१ | आधारभूत तह कक्षा १ –५ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २१ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४:०१ | | ३०:०१ | ३०:०१ |
| ६.२ | आधारभूत तह कक्षा ६ –८ मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २४ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३०:०१ | | ३०:०१ | ३०:०१ |
| ६.३ | आधारभूत तह कक्षा १ –८ मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २२ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३३:०१ | ३१:०१ | ३०:०१ | ३०:०१ |
| ६.४ | माध्यमिक तह कक्षा ९ –१० मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २४ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४०:०१ | | ३०:०१ | ३०:०१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.५ | माध्यमिक तह कक्षा ९ -१२ मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | २६:०१ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:०१ | ३५:०१ | ३०:०१ | ३०:०१ |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (प्रतिशत) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. |
| ७.२ | आधारभूत तह कक्षा १ -८ मा प्रतिविद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १९६५७.६३ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | |
| ७.३ | माध्यमिक तह कक्षा ९ -१२ मा प्रतिविद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ९२११०.६४ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | |

# परिच्छेद –३ शिक्षाका मुख्य उप-क्षेत्रहरू

**परिचय**

परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यका आधारमा प्रमुख क्रियाकलापहरु निधारण र लक्ष्यहरुको आँकलन गरी पहिलो पाँच वर्षको अर्थात २०८२ देखि ८६ का लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छदमा विद्यालय क्षेत्र योजनाको सन्दर्भ विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले विद्यालय क्षेत्र योजनाको आवश्यक्ता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। यस परिच्छेद दुईमा यस योजनाको समग्र दुरदृष्ट्रि,लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप पहिचान गरिएको छ । यस परिच्छेदमा विद्यालय क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरु जस्तै; प्रारम्भिक बालविकास तथा शिक्षा,आधारभूत शिक्षा, माध्यमिक शिक्षा,अनौपचारिक शिक्षा, र आजीवन सिकाइको अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम र मूल्याङ्कन, शिक्षक विकास, र व्यवस्थापन जस्ता सबैजसो उप क्षेत्रसँग सम्बन्धित विषयहरूको अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएका छन् । प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूको आधारमा योजनाका उद्देश्य, चुनौतीहरूको सामना गर्ने लक्ष्य, आवश्यक उपक्षेत्रगत रणनीतिहरू, प्रमुख कार्ययोजनाहरू, र लक्ष्यहरू निर्धारण गरिएको छ।

यस परिच्छेदमा उल्लेखित उपक्षेत्र अन्तर्गतका योजनाको खाका तयार गर्दा यस योजनाकालागि तयार गरिएको सन्दर्भ तथा पृष्ठभूमिको अध्ययन तथा विश्लेषण तथा योजना निमार्ण गर्दा तयार गरिएका १२ वटा विषयको क्षेत्रगत विष्लेषणले महत्वपुर्ण आधार तयार गरेको छ। नेपालको संविधानले निर्देशित गरेका दृष्ट्रिकोण, मौलिक आधार नीति संरचना इत्यादि शिक्षा सम्बन्धि नीति विभिन्न कानुनि प्रबन्ध,संयुक्त राष्ट्र संघीय दिगो विकास लक्ष्य तथा दिगो विकास लक्ष्य ४ सम्बन्धि नेपालको

कार्ययोजना,अन्तराष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिवद्धता,नेपालका आवधिक योजनाका सम्बन्धित पक्षलाई यस योजनाको प्रमुख सन्दर्भको रुपमा लिईएको छ । त्यसै गरी विद्यालय शिक्षाकालागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयको लागि आवस्यक संरचना तथा तयारिलाई पनि योजना निमार्णको आधार लिइएको छ । यस परिच्छेदमा प्रारम्भिक बालविकास र शिक्षा,आधारभूत शिक्षा, माध्यमिक शिक्षा,प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम,अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको वर्तमान अवस्था समीक्षा गरी चुनौतिहरुको पहिचान गर्नुका साथै योजनाका लागि सम्बन्धित उपक्षेत्रका उद्देश्य रणनीति प्रमुख उपलब्धि र नतिजाहरुको आँकलन गरी प्रमुख क्रियाकलापमा परिमाणात्मक र भौतिक लक्ष्यहरु समावेस गरिएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

मानव विकास एक निरन्तर चलिरहने प्रक्रिया हो । सिकाइ मानव विकासको एउटा पक्ष हो । यो गर्भावस्था देखि मृत्युपर्यन्त जारि रहन्छ । मानव जीवनको आधारशिलाका रुपमा रहेकाले प्रारम्भिक बाल्यावस्था वा बाल्यकालको विकास महत्वपुर्ण हुन्छ । त्यसैले सरकालरले आफ्ना नागरिकको सर्वाङ्गिण विकासका लागि विशेष लगानी गरेको हुन्छ । यसका लागि नेपाल सरकारले पनि संविधान, ऐन कानुन, नीति र कार्यक्रमहरुमा विभिन्न व्यवस्था गरेको छ । नेपालको संविधानको धारा ३९ (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहर, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ, भन्ने व्यवस्थाले बालबालिकाको हकलाई सुनिश्चित गरेको छ । यसैगरि ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने छ भनी बालबालिकाको विकास र सहभागिताको व्यववस्था गरिएको छ । शिक्षा ऐन २०२८ को नवौँ संशोधनले चार वर्ष उमेर पुरा गरेका बालबालिकहरुलाई एक वर्षको पूर्व प्राथमिक शिक्षाको परिकल्पना गरेको छ । यसैगरि सोहि ऐनको दफा ११ त (१) मा " प्रारम्भिक बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएकबमोजिम हुने छ" भनि उल्लेख गरिएको छ । विद्याल शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालिविकासको अवसर प्रदान गरिने र चार बर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानशिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । विद्यालय क्षेत्र विकास योजनाले पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, मानसिक, आध्यात्मिक तथा नैतिक क्षमता विकासगरी प्रारम्भिक बालविकास र शिक्षालाई अधिकारमा आधारित बनाउने र विद्यालय प्रवेशको तयारी गराउने उद्देश्य तथा रणनीति लिएको छ । यसैगरी पन्ध्रौँ योजनाले प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमलाई विद्याल शिक्षाको अभिन्न अङ्गका रुपमा विकास गरी यसलाई सबै बालबालिका लागि अनिवार्य गर्ने रणनीति तय गरेको थियो भने सोह्रौ आवधिक योजनाले बालबालिकाको मानसिक तथा शारीररक विकासका लागि प्रारम्भिक बाल विकास कार्यक्रममा सबै वर्ग र समुदायको पहँचु तथा उपभोग अभिवृद्धि गर्ने; दलित बालबालिकाको शिक्षाको गणुस्तर र सिकाइ अभिवृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ । यस किसिमको व्यवस्थाले कम्तीमा एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा अन्तर्गत बालविकास केन्द्रलाई औपचारिक शिक्षामा समाहित गर्ने तथा स्थानीय तहमार्फत बालविकास केन्द्रहरुको पुनःवितरण गरी सङ्घीय सरकारबाट

हाल दिईदै आएको अनुदानलाई निरन्तरता दिँदै प्रदेश तथा स्थानीय तहबाट समेत लागनी गरी बालविकास केन्द्रको विकासका लागि लागत साझेदारी गर्ने कार्यनीति तय गरेको छ । शिक्षासम्बन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन स्थानीय तहबाट नै हुने व्यवस्था गरेको छ। प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गिण विकास र बालबालिकाको सिकाईकोलागि आधारशिला निर्माण गर्ने लक्ष्य निर्धारण गरेको छ। विद्यालय शिक्षाको राष्ट्रिय प्रारुप २०७६ ले एक वर्षको प्रारम्भिक बालविकास र शिक्षा पछि कक्षा १ देखि ८ सम्मको आठ वर्षको आधारभूत शिक्षा कायम गरेको छ भने कक्षा ९ देखि कक्षा १२ सम्म चार बर्षको माध्यमिक शिक्षा कायम गरेको छ । उक्त नीतिगत दस्तवेज अनुसार प्रारम्भिक बालबिकास र शिक्षा पाठ्यक्रमले बालबालिकाको सर्वाङ्गिण विकासका किर्याकलापमा संलग्नता, स्वस्थ्यकर बानिको विकास, वयैक्तिक सुरक्षाका उपायहरु अवलम्वन, सरसफाई र सामाजिक बानि व्यवहारको अवलम्वन, सिर्जनात्मक सोचको विकास तथा भाषिक तथा सञ्चार सिप विकास कार्यमा विशेष जोड दिएको छ। यस तहकोलागि निम्नानुसार सक्षमता तोकिएको छ ;

- पोषणयुक्त खाध्यान्नको पहिचान तथा दैनिक उपभोग गर्न सक्ने।
- स्वस्थ्कर बानि तथा असल सामाजिक व्यवहारको अनुसरण तथा आवस्यक्ताअनुसार नमुना प्रदशन।
- दैनिक व्यवहारका क्रियाकलाप सम्पादनका क्रममा विषयगत सिकाई र सृजनात्मक सोचको प्रयोग गर्न सक्ने छन्।
- सर्वाङ्गिण विकासका क्रियाकलापमा संलग्नता र तिनमा आधारभूत तहको सिपको प्रयोग गर्न सक्ने छन्।
- वैयक्तिक सुरक्षाका उपाय अवलम्वन गर्न।
- अभिव्यक्ति तथा सञ्चारको लागि भाषाको उपयोग गर्न सक्ने।

### ३.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा कर्णाली प्रदेशमा जम्मा ३३४५ वटा प्रारम्भिक बालविकास केन्द्र हरु र हेका छन, जस्मा विद्यालयमा आधारित संघ द्वारा संचालित २७६९ वटा र विद्यालयमा आधारित स्थानीय तहद्वारा संचालित ३३२ वटा तथा धार्मिक३ वटा र संस्थागत२४१वटा रहेकोछ । साथै कर्णाली प्रदेशभर छात्रा ३८४४५ र छात्रा ४४०१५ गरिजम्मा ८२४६० रहेका छन जस्मा संस्थागत तर्फ छात्रा ८८२७ र छात्र १२९०१ गरी जम्मा २१७२८ जना रहेका छन । ( स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फल्यास रिर्पोट-२०२४ ) । यस गाउँ पालिकामा रहेका सबै बालविकासकेन्द्रहरु विद्यालयको संरचना भित्ररहेका छन। जसमा यस पालिकामा जम्मा २८ (१९ +९) वटा केन्द्र रहेका छन।

पेशागत दक्षता सम्बन्धि तालिम सामान्य रुपमा लिएको भएतापनि बालविकास केन्द्रमा सहजीकरण सघन तालिम प्राप्तशिक्षक नरहेको पाइन्छ। औषत रुपमा केहि बालविकास सामग्री खरिदका लागि पालिका अनुदानको रुपमा लगानी गरिएको छ ।सरकारले तोकिएको निर्देशिका र मापदण्डका आधारमा विश्लेषणगर्ने हो भने यस पालिकामा रहेका बालविकास केन्द्रहरुको सञ्चालन र व्यवस्थापनको अवस्थाको मुल्याकंन गर्दा सबै केन्द्र मा गुणस्तरीयताको अवस्था कम्जोर देखिन्छ। आन्तरिक सक्षमताका आधारमा भन्दा मौजुदा पाठ्यक्रमले तोकेको सिकाइ सहजीकरण क्रियाकलाप प्रभावकारि रुपमा नभएको अवस्था देखिन्छ । विशेष गरी बालवालिकाको सर्वाङ्गिण विकासमा भन्दा पनि केवल सिकाइ सिपमा मात्र केन्द्रित भएको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको परिपक्वता र वृद्धि विकासका आधारमा गुणस्तरीय सिकाइ अवसर सिर्जना गर्न नसकिएको तथ्य विद्यमा नरहेको देखिन्छ।

**प्रमूख समस्या र चुनौति**

समस्याहरुः

समायानुकुल तालिम प्राप्त शिक्षकको कमि, स्थानीय अभिभावक तथा सरकारद्वारा पर्याप्त आर्थिक लगानी हुन नसक्नु, लगानी सम्बन्धि स्थानीय स्तरमा नीतिगत तथा कानुनी ब्यवस्था नहुनु, सुरक्षित र सहज रूपमा केन्द्रको सेवा उपभोगको अवसरमा कमि, पाठ्यक्रममा तोकिएबमोजिम सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन नहुनु, बालमैत्री प्रारम्भिक बाल विकास केन्द्रको न्यूनतम मापदण्ड बमोजिम ब्यवस्थापन गर्न नसक्नू, अपर्याप्त सुपेरिवेक्षण, विद्यालय ब्यवस्थापनमा प्राथमिकतामा नपर्नू, अभिभावकको न्यून चेतनास्तर आदिजस्ता समस्याहरु रहेका छन् ।

**चुनौतिहरुः**

बालवालिकाको सर्वाङ्गिण पक्षको विकासका लागि सुविधासम्पन्न बालविकास केन्द्र निर्माण, सहज रुपमा बालवालिकाहरु विद्यालय आवागमनको ब्यवस्था, अभिभावकको चेतना अभिबृद्धी गर्न, सिकाइ र सिकाइ वातावरणमा गुणस्तर कायम गर्नु, नमुना केन्द्र स्थापना गर्ने आदि प्रमुख चुनौति रहेका छन् ।

**३.१.३ उद्देश्य**

- बालबालिकाको सर्वाङ्गिण विकासका किर्याकलापमा संलग्नता, स्वस्थ्यकर बानिको विकास, वयैक्तिक सुरक्षाका उपायहरु अवलम्वन, सरसफाई र सामाजिक बानि व्यवहारको अवलम्वन, सिर्जनात्मक सोचको विकास तथा भाषिक तथा सञ्चार सिप विकास
- चार वर्ष उमेर पुगेका सबै बालवालिकालाई बालविकास शिक्षामा सहज पहुँचको सुनिश्चितता गर्नु ।
- गुणस्तरीय बालविकास शिक्षा तथा सेवा प्रदान गर्नु ।
- सबै बालवालिकाहरुलाई बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

**३.१.४ रणनीति**

- हरेक वर्ष प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धि न्युनतम कार्यक्रमहरु तयार गरी पर्याप्त तथा निरन्तर लगानी सुनिश्चित गरिने।
- बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार समायोजन तथा स्थापना गरिने।
- निर्धारित गरिएका न्युनतम मापदण्ड एवं पाठ्यक्रम अनुसार बालविकास कक्षा सञ्चालन गरिने।
- बालविकास केन्द्रका सहयोगि शिक्षक एवं शिक्षक कार्यसम्पादन करार तयार गरी कार्यान्वयन गरिने।
- नमुना बालविकास केन्द्र स्थापना गरिने।
- परिवार, समुदाय, विभिन्न संघसंस्था, नीजि क्षेत्र र विद्यालयहरुसँग सहकार्य तथा समन्वय गरिने।
- पेशागत दक्षता अभिवृद्धिका लागि हरेक वर्ष बालविकास शिक्षकलाई तालिमको कार्यक्रम सञ्चालन गर्ने।
- बालकक्षा व्यवस्थावन, कक्षा सजावट, बाल उद्यान, प्रविधिमा आधारित शैक्षिक सामग्री आदिको बालविकास केन्द्रमा कुशल व्यवस्थापन गर्ने।
- प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी रुपमा सञ्चालन र अभिभावक तथा आमा समुहहरुलाई थप जिम्मेवार गराउँन समुदायमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने।

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- समुदायका चार वर्ष उमेर समुहका सम्पुर्ण बालवालिकाहरुको प्रारम्भिक बालविकास शिक्षाको पहुँच तथा गुणस्तरीय शिक्षाको अवसरको सुनिश्चित भएको हुनेछ।
- सबै बालविकास केन्द्रहरु तोकिएको न्युनतम मापदण्ड पुरा गरी पाठ्यक्रमको मर्म अनुसार सञ्चालन भएका हुनेछन्
- योग्य, दक्ष एवं तालिम प्राप्त बालविकास शिक्षकको व्यवस्थापन भएको हुनेछ।
- कक्षा १ मा भर्ना भएका सबै बालवालिकाहरु बालविकास शिक्षाको अनुभव सहितका हुनेछन्।
- प्रभावकारी, व्यवस्थित र सुरक्षित कक्षाकोठाको व्यवस्थापन भएको हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख नतिजा | आधार वर्ष ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | ०८४।०८५ | ०८५।०८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना प्रतिशत | ६६.८ | ७५ | ८५ | ९५ | ९९ |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | २६ | | | | |
| ३. | वाल उद्यान भएका बालविकासको सङ्ख्या | ० | | | | |
| ४. | कक्षा कोठामा स्मार्ट टि भि को सङ्ख्या | १२ | १० | ५ | ५ | ५ |
| ५. | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हूने वालवालिको भर्ना र (प्रतिशत) | ८१ | ९० | ९५ | ९८ | १०० |
| ६. | शिक्षक विद्यार्थी अनुपात | १:१६.५ | १:१५ | १:१० | १:१० | १:१० |
| ७. | नमूना तथा गूणस्तरीय सेवा प्रदान गर्ने बालविकास केन्द्रको सङ्ख्या | ७ | | | | |

### ३.१.६ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनःवितरण गर्ने | पटक | ६ | १ | २ | १ | १ | १ | ५ | निरन्तर |
| २ | बालविकास केन्द्रका शिक्षकलाई पेशागत क्षमता अभिवृद्धि आधारभूत तालिम सञ्चालन | पटक | ८ | १ | १ | १ | २ | २ | ९ | १ |
| ३ | बालविकास पाठ्यक्रम प्रवोधीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | सिकाई मैत्री नमुना बालविकास भवन निर्माण | वटा | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ५ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | बाल उद्यान निर्माण | वटा | २६ | ३ | ५ | ५ | ५ | ५ | २३ | |
| ७ | बालविकास केन्द्रका बालवालिकाको स्वास्थ्य परीक्षण | पटक | १८ | २ | ४ | ४ | ४ | ४ | १८ | |
| ८ | आधुनिक प्रविधियुक्त शैक्षिक सामग्री भएका इसिडि | वटा | २८ | | | | | | | |
| १० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | वटा | १० | २ | २ | २ | २ | २ | १० | |
| ११ | भर्ना अभियान | पटक | ६ | २ | १ | १ | १ | १ | ६ | |
| १२ | बाल सिकाइ मेला सञ्चालन | पटक | ६ | २ | १ | १ | १ | १ | ६ | |
| १३ | अन्तर बाल विकास केन्द्रस्तरीय सिकाइ भ्रमण | पटक | | १ | १ | १ | १ | १ | ५ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो। यस अधिकारलाई नेपालको संबिधानले मौलिक अधिकारका रुपमा समेत आत्मसात गरेको छ। अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा ऐन २०७५ र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा नियमावली २०७७ ले १ वर्षको पूर्व प्राथमिक शिक्षादेखी कक्षा ८ सम्म प्रदान गरिने शिक्षालाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका रुपमा प्रदान गरिने परिभाषित गरिएको छ। यस ऐनले ५ वर्षदेखि १२ वर्षसम्मको उमेरलाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा उमेरका रुपमा लिएको छ। यसै गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा नामाकरण गरिएको छ। आ.व.२०७८–०७९ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुँदा न. ६३ मा आगामी आ.व.मा साक्षर नेपाल घोषणा गर्ने र बुँदा न. ७० मा बालवालिकालाई विद्यालय ल्याऔँ र पढाइमा टिकाऔँ कार्यक्रमलाई प्रभावकारी बनाउने र सार्वजनिक विद्यालय सवलीकरण दशक २०७६–२०८५ अभियान सञ्चालन गर्ने नीति लगाएतका थुप्रै आधारहरुले आधारभूत तह शिक्षको महत्वपुर्ण तह हो भन्ने स्पस्ट देखिन्छ। आधारभूत शिक्षाले बालवालिकाहरुको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा सहयोग पूर्याउँछ। यस शिक्षा प्रणालीले बालवालिकाहरुलाई जीवन पर्यन्त सिकाइमा मार्ग प्रसस्त गरी मूलकको सामाजिक र आर्थिक विकासमा सहयोग पूर्याउँछ। नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ। त्यसकारण, नेपालमा बसोवास गर्ने प्रत्येक बालवालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुने छ। अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भएबमोजिम सो उमेर समूहका सवै बालवालिकहरुलाई अनिवार्य र निःशुल्क शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ को अनूसुची ८ मा पनि स्थानीय सरकारको अधिकार क्षेत्रभित्र आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ। आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको छ । आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखी ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रवन्धको मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतिहरु पहिचान गरी यसको उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरुका साथै लक्ष्य तोकिएको छ।

### ३.२.२ बर्तमान अवस्था

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्लयास रिर्पोट २०२४ अनुसार कर्णाली प्रदेशमा आधरभुत तहका २४८३ वटा विद्यालय रहेको छ जस्मा १८६८३८ छात्रा र १८८४५८ छात्रा गरी जम्मा ३७५२९६ जना छात्रछात्रा अध्ययनरत छन।

गाउँपालिकाले आधारभूत तहको शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरुसंग शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएको, शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरुको सञ्जाल निर्माइ भइ क्रियाशील बनेको, विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिएको, पालिकाभरका सम्पूर्ण आधारभूत विद्यालयहरु IEMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी हरेक महिना नियमित प्र.अ बैठक बसी शैक्षिक मुद्दामा छलफल गरी समाधान गर्ने गरिएको, आधारभूत तहको शिक्षा सुनिश्चितताका लागि अनाथ बालबालिकाहरूलाई

पालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडी बढेको छ । कक्षाकोठा व्यवस्थापनका लागि आधारभूत तहका अधिकांश विद्यालयहरुमा कार्पेट, कुशन जस्ता सामग्रीहरू उपलब्ध गराइएको छ। सबै आधारभूत विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरिएको छ। सबै आधारभूत विद्यालयलाई डिजिटल विद्यालय बनाउने कार्यक्रम कार्यान्वयन भइरहेको छ।

### ३.२.३ चुनौती र अवसरहरुः

विद्यालय नक्सांकन गर्न नसकिनु, भर्ना भएका सबै बालबालिकाहरुलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको दरबन्दी कमी हुनु, विद्यालयहरुमा भौतिक पूर्वाधारको कमि, अपांगताको स्क्रिनिङ भइनसक्नु, विद्यालयमा स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याड व्यवस्थापनको उचित प्रबन्ध नहुनु र अपांगतामैत्री भौतिक संरचना व्यवस्थापन कमिहुनु, वातावरणीय अनुकुलता नहुनु, शिक्षकहरुको पेशागत विकास, विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको कमी रहनु, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु, विद्यालयहरुमा विपत प्रतिकार्य योजना निर्माण नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्यांकन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको कमी रहनु जस्ता समस्याहरु आधारभूत तहका मुख्य समस्याहरु देखापरेका छन्।

नेपालको संविधान, २०७२ मा व्यवस्था भएअनुरुप अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु, समय सन्दर्भ संगसँगै आवश्यकता अनुसार दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, विद्यालयमा प्रर्याप्त भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण निर्माण गर्नु, आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु, आधारभूत शिक्षामा शैक्षिक सुशासन, नियमितता र उत्तरदायित्व बृद्धि गर्नु, शिक्षण सिकाइलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, सामुदायिक तथा नीजि विद्यालयबीचको विभेद अन्त्य गर्नु, अभिभावक तथा शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर घटाइ सिकाइ उपलव्धीमा बृद्धि गर्नु, सार्वजनिक शिक्षाप्रतिको आम अभिभावकको चासो र आकर्षण बृद्धि गर्नु, विभिन्न किसिमका प्रकोप, संकट तथा महामारीबाट मुक्त बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु ,जस्ता चुनौतीहरु आधारभूत शिक्षाको क्षेत्रमा देखापरेका छन्।

यसैगरी आधारभूत तहसम्मको शिक्षालाई संविधानमै अनिवार्य र निःशुल्क गरी मौलिक हकको रुपमा स्थापित गरिनु, संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु, संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयप्रतिको चासो र चिन्ता बढ्दै जानु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु, शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको सक्रियता बढदै जानु ,विद्यार्थीहरुको समता,पहुँच बृद्धिका लागि राज्यका तिनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नु, आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु, शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता तमाम अवसरहरु सँगसँगै आधारभूत शिक्षामा गुणस्तर सुधारका लागि प्रशस्त आधारहरु रहेका छन्।

**३.२.४ उद्देश्य**

- सबै बालबालिकाका लागि अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित गर्नु,
- सबै विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरुको प्रवन्ध गर्नु,
- आधारभूत तहको शिक्षाको सिकाई उपलब्धी अभिबृद्धि गरी शैक्षिक गुणस्तरीय सिकाइ सुनिश्चित गर्नु ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सवैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
- आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु ।

**३.२.५ रणनीतिहरू**

- गाउँपालिकाभित्र संचालित बिद्यालयहरु स्थानीय मापदण्डका आधारमा नक्सांकन गरी समायोजन तथा स्थानान्तरण गर्ने ,
- विद्यालय बाहिर रहेका बालबालिकाहरु पहिचान गर्ने,
- विद्यालयमा अत्यावश्यक शैक्षिक, भौतिक पूर्वाधारहरुको प्रवन्ध गरी विद्यालय भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाउने तथा विद्यालयको सेवा क्षेत्र किटान गर्ने
- विद्यालय मार्फत सरोकारवाला निकएको सहकार्यमा विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने साथै विद्यालय बाहिर रहेका किशोर किशोरीहरु सहित सबैका लागि विद्यालय भर्ना गर्न कार्यक्रम सञ्चालन गर्ने,
- गरीब र विपन्न अभिभावकका लागि विद्यालयको तथा सहयोगी निकायसंगको सहकार्यमा अभिभावक आय आर्जनमूलक कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,
- विद्यालय, वडा हुँदै गाउँपालिका तहसम्म विशेष कार्ययक्रम सञ्चालन गर्ने,
- विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउनका लागि प्रोतसाहनमुलक कार्यक्रम सञ्चालन गर्ने,
- वैकल्पिक विद्यालय, घुम्ती विद्यालय विशेष विद्यालय तथा खुला विद्यालय स्थापनाको सुरुवात गर्ने
- छात्रा, अपाङ्गता भएका, दलित, बिपन्न, जनजाति र कठिन परिस्थितिबाट आएका बालबालिकाहरूलाई बिद्यालयमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न लक्षित कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने
- स्थानीय पाठ्यक्रमको विकास र मातृभाषामा पठनपाठनका लागि विद्यालय र शिक्षकहरूको सक्षमता विकास गर्ने,
- विषयगत शिक्षक सञ्जाल, मेन्टरिङ, कोचिङ ,दैनिक पाठयोजना, कक्षा अवलोकन, स्वाध्ययन जस्ता विधिको प्रयोग गरी स्वचालितरूपमा शिक्षक पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने,
- विद्यालय, विद्यार्थी र अभिभावक बीच त्रिकोणात्मक समबन्ध विकास गर्ने खालको प्रणालीको विकास गर्ने ।
- विद्यालयको पठनपाठनलाई जीवनउपयोगी ,व्यवहारकुशल सीपयुक्त, रमाईलो र प्रभावकारी बनाउन प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप संचलान गर्ने
- निर्माणात्मक मूल्यांकनलाइ प्रभाकारी रूपमा कार्यान्वयन गर्ने

### ३.२.६ प्रमुख उपलब्धि तथा नतिजा

**प्रमुख उपलब्धि**

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ,
२. सबै विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरुको व्यवस्था भएको हुनेछ,
३. आधारभूत तहमा शैक्षिक गुणस्तर अभिबृद्धि भएको हुनेछ,

**प्रमुख नतिजा तथा परिमाणात्क लक्ष्य**

| क्र. सं. | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १- ३ सम्म एकिकृत पाठ्यक्रमको लागु गरेका विद्यालय संख्या | २३ | २३ | २३ | २३ | २३ |
| २ | कल्याणकारी कोष स्थापना गरेका विद्यालय संख्या | ० | ५ | ५ | ५ | ५ |
| ३ | न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र विद्यालय बगैंचा निर्माण गर्ने विद्यालय संख्या | १ | १० | ५ | ५ | ३ |
| ४ | सामुदायिक विद्यालयहरुले न्यूनतम प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेका विद्यालय संख्या | ० | ५ | १० | १५ | २३ |
| ५ | कक्षा ३ र ५ मा उपलब्धी परीक्षा सञ्चालन गरी नतिजा सार्वजनिक गर्ने विद्यालय संख्या | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | शिक्षक पेशागत विकास र विद्यार्थी सिकाई सहायता प्रणाली निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय | ० | १० | ५ | ५ | ३ |

### ३.२.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विद्यालयमा बिषयगत शिक्षक नियुक्ति(सबै तह) | जना | ५० | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| ५ | विद्यालय कर्मचारी तलब तथा भत्ता व्यवस्थापन | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | बालविकास शिक्षक तलब भत्ता बृद्धि तथा व्यवस्थापन | जना | २६ | २६ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | कक्षा कोठामा आधारित मुल्याङ्कन | विद्यालय | २३ | ५ | ५ | ५ | ५ | ३ | २५ | ३ |
| ८ | विद्यालय परीक्षा प्रणालिलाई व्यवस्थित गर्ने | विद्यालय | २३ | ५ | ५ | ५ | ५ | ३ | २५ | ३ |
| ९ | कक्षा १ -३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्थापन | जना | ९२ | २० | २० | २० | २० | १० | २ | ९२ |
| १० | विद्यालय अनुदान एकमुष्ट रकम (SIP, सामाजिक परीक्षण, IEMIS Data, अतिरिक्त क्रियाकलाप, अभिभावक शिक्षा, विद्यालय रिपोर्ट कार्ड, SMC लाइ क्षमता अभिबृद्धि) | विद्यालय | २३ | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | प्रविधि मैत्री सिकइका लागि टेलिभिजन कम्प्युटर इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | २३ | ५ | ५ | १० | ३ | २३ | २३ | निरन्तर |
| १२ | आधारभूत तह र प्रारम्भिक कक्षामा पढाइ मेला सञ्चालन गर्ने | विद्यालय | १० | २ | १ | १ | १ | १ | १ | निरन्तर |
| १३ | स्यानीटरी प्याड वितरण | छात्रा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | पढाइ वातावरण निर्माण गर्न कक्षा कोठामा बुक कर्नरको स्थापना गर्ने | विद्यालय | ५०० | १०० | १०० | १०० | १००० | १००० | निरन्तर | निरन्तर |
| १५ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँघलाइ तालिम | समिति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १६ | सबै शिक्षकहरूलाइ प्रारम्भिक कक्षा शिक्षण तालिम | जना | १०० | ३० | ३० | ३० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १७ | विद्यालयमा सूचना तथा प्रविधिमा सहयता | विद्यालय | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १८ | एक विद्यलाय एक ल्यापट | विद्यालय | २३ | ३ | ३ | ३ | ३ | १ | १० | निरन्तर |
| १९ | बालमैत्रि तथा समावेशी विद्यालय निर्माण गर्ने | विद्यालय | ८ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| २० | आधारभूत कक्षा ६-८ सम्म एक विद्यालय एक स्वास्थ्यकर्मिको व्यवस्था गर्ने। | विद्यालय | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| २१ | एक वडा एक नमुना आधारभूत विद्यालय बनाउने | विद्यालय | ७ | १ | १ | १ | १ | १ | १ | निरन्तर |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

विद्यालय तहको कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ। यो विद्यालय शिक्षाको अन्तिम र उच्च शिक्षाको आधारशिला निर्माण गर्ने शिक्षा हो । माध्यमिक शिक्षाले नागरिकमा सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। नेपालको सन्दर्भमा माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक गरी ३ धारमा विभाजन गरी कक्षा ९-१० मा विषयगत र कक्षा ११ र १२ मा प्राविधिक धारको विकल्पहरूसहित एकलपथीय पाठ्यक्रम लागू गरिएको छ भने कक्षा १२ उत्तीर्ण भएपश्चात उच्च शिक्षामा प्रवेश गर्न र कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ।

नेपालको संविधान २०७२ को भाग ३ धारा ३१ को शिक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई माध्यमिक तहको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भनी माध्यमिक शिक्षालाई मानिसको मौलिक हकको रुपमा व्यवस्था गर्नुका साथै आधारभूत र माध्यमिक तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा शिक्षालाई संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र राखेको छ। संविधानका उल्लिखित ती प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने स्पष्ट गरेको छ । यसैगरी राष्ट्रिय शिक्षा नीति,२०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिबृद्धि गर्ने रणनीति लिएको छ। यसै गरी शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले विद्यालय शिक्षाको पुर्नसंरचना गरी कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेको छ। नेपालमा लागु भएका सबैका लागि शिक्षा (EFA) (२००१-२०१५), विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) जस्ता योजना तथा कार्यक्रमहरुले समेत माध्यमिक शिक्षालाई प्राथमिकतामा राखेको थियो भने हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा नेपालको पन्ध्रौँ योजनाले पनि माध्यमिक शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्दै प्रविधिमैत्री सिकाइका लागि विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको देखिन्छ भने सोह्रौ आवधिक योजनाले माध्यमिक शिक्षा परीक्षा दिएर वसेका विद्यार्थीलाई दुई महिना (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य सन्तुलित भोजन, पाककला र प्राथमिक उपचार, सवारी अनुमति तथा सवारी नियम, आत्म-सुरक्षा तथा अनुशासन, कार्यक्षेत्र सुरक्षा र यौन दुरव्यवहार, राष्ट्रप्रमे, स्वयम् सेवा र योग, ध्यान तथा कला लगायतका व्यवहारिक बिषयहरु समावेश गरी सम्बन्धित निकायहरुसँगको समन्वयमा अनिवार्य अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने तथा उच्च शिक्षालाई अन्तराष्ट्रिय रूपले प्रतिस्पर्धि बनाउने गरी पाठ्यक्रम र व्यवस्थापनमा सुधार; राष्ट्रिय योग्यता प्रारूपअनुसार कार्यान्वयन गर्ने; आगामी पाँच वर्षभित्र प्राविधिक शिक्षाको भर्नादर बढाउँदै प्राविधिक र सामान्य शिक्षाका विद्यार्थीको अनुपात क्रमश; ७०:३० कायम गर्ने कुरा उल्लेख गरिएको छ।

यस खण्डमा माध्यमिक शिक्षाअन्तर्गत कक्षा ९ देखि १२ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता, समानता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौती र अवसरहरूको पहिचान गरी आगामी दश बर्षका लागि हिमा गाउँपालिकाको माध्यमिक शिक्षाको गुणस्तरीय विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.३.२ वर्तमान अवस्था

विद्यार्थीहरुमा सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्यका साथ हाल यस गाउँपालिका अन्तर्गत ६ वटा सामुदायिक माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् ।

**चुनौती तथा अवसरहरुः**

नेपालको संविधान,२०७२ ले संबैधानिक रुपमा माध्यमिक शिक्षालाई नि: शुल्क हुने व्यवस्था गरेको भएतापनि त्यसको प्रभावकारी कार्यान्वयन गर्नु, माध्यमिक शिक्षामा सबै वर्ग र क्षेत्रका बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु,आवश्यकता अनुसार दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, प्रयाप्त भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु,आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु,शैक्षिक सुशासन,नियमितता र उत्तरदायित्व बृद्धि गर्नु, विद्यालयमा राजनीतिक हस्तक्षेपको अन्त्य गर्नु,शिक्षण सिकाइलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु ,अभिभावक तथा शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु,संघीय संरचनाअनुरूप माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत,कानुनी तथा संरचनागत स्वरूपको विकास तथा कार्यान्वयन र संस्थागत क्षमता विकास गर्नु, कक्षा छाड्ने दर घटाइ माध्यमिक तहमा खुद भर्नादर बढाउनु ,माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको बालबालिकाहरुलाई विद्यालयमा ल्याउनु,सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु,विद्यालय शिक्षामा वैकल्पिक प्रवन्ध गरी पहुँच र सहभागिता सुनिश्चित गर्नु, विद्यालय शिक्षालाई प्रकोप,संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउनु र विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु जस्ता चुनौतीहरु माध्यमिक शिक्षाका क्षेत्रमा देखा परेका प्रमुख चुनौतीहरु हुन ।

यसैगरी माध्यमिक शिक्षामा चुनौतीमात्र नभएर तमाम अवसरहरु पनि देखिएका छन् । माध्यमिक तहसम्मको शिक्षालाई संविधानमै निःशुल्क गरी मौलिक हकको रुपमा स्थापित गरिनु, संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु, संविधानमै अपाङ्गता भएका र आर्थिक रुपले बिपन्न नागरिकलाई उच्च शिक्षासम्म निःशुल्क हुने ब्यवस्था गर्नु, संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयहरुप्रतिको चासो र चिन्ता बढ्दै जानु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु, विद्यार्थीहरुको समता, पहुँच बृद्धिका लागि राज्यका तीनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नु, शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता विद्यमान अवस्थाहरुलाई माध्यमिक शिक्षाको पहुँच, गुणस्तर र प्रभावकारिताका लागि राम्रो अवसरको रुपमा लिन सकिन्छ ।

### ३.३.४ उद्देश्य

१. माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ,

३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण अपाङ्गतामैत्री बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु,

४. माध्यमिक विद्यालयहरुको शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार ल्याउनु ।

### ३.३.५ रणनीतिहरू

यस योजनाले निर्दिष्ट गरेका माध्यमिक शिक्षा सम्बन्धी लक्ष्य र उद्देश्यहरु पूरा गर्नका लागि निम्नानुसारका रणनीतिहरु तय गरिएका छन्:

१. नि:शुल्क माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित तथा अभिबृद्धि गर्न भुगोल,जनसंख्या तथा विद्यार्थी र समुदायको आवश्यकताका आधारमा विद्यालयहरूको नक्शाङ्कन , पुनर्वितरण, समायोजन तथा स्थापना गरिनेछ।

२. सबै माध्यमिक तह सञ्चालित विद्यालयहरुमा आवश्यकता अनुसार दक्ष, क्षमतावान, पेशाप्रति सम्मान गर्ने, कर्तब्यनिष्ठ विषय शिक्षकको व्यवस्था गरिनेछ।

३. सबै माध्यमिक विद्यालयहरुमा न्यूनतम भौतिक पूर्वाधारहरु (अपाङ्गतामैत्री ) को व्यवस्था गरिनेछ।

४. माध्यमिक शिक्षामा सबैको पहुँच अभिबृद्धि गरी माध्यमिक तहको खुद भर्नादर र टिकाउदर बढाउनका लागि विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

५. अपाङ्गता भएका तथा आर्थिक रुपले विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि विभिन्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।

६. विद्यालय शिक्षामा समावेश हुन नसक्ने विद्यार्थीहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ

७. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चितगर्नका लागि शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८. शिक्षकहरुको पेशागत सहयोग तथा क्षमता विकासका लागि क्षमता विकास तालिम एवम् शिक्षक पेसागत विकास तथा सहयोगको प्रणालीको स्थापना र परिचालन गरिनेछ।

९. शिक्षण पेशाप्रति सम्मान गर्न तथा शिक्षकहरुलाई शिक्षण पेशाप्रति आकर्षित गर्नका लागि अभिप्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०. सबै माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरी शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइनेछ।

११. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन गरिनेछ।

१२. सबै विद्यालयहरूलाई समय मयमा देखा पर्ने प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउनका लागि आवश्यक कार्यक्रम गरिनेछ।

१३. माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुलाई प्राविधिक धार तथा विज्ञान विषय अध्ययनका लागि पूर्वाधार सहितको व्यवस्था आवश्यक पहल गरिनेछ।

१४. सबै माध्यमिक विद्यालयहरुको शासकीय व्यवस्थामा सुधार गर्न तोकिएको मापदण्ड बमोजिम सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरिनेछ।

१५. निरन्तर तथा आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा सुधार गर्दै शिक्षकहरुलाई विद्यार्थीको नतिजाप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ।

### ३.३.६ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुनुका साथै सान्दर्भिकता र गुणस्तरमा सुधार भई सक्षम जनशक्ति उत्पादन हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्नादर तथा टिकाउ दरमा बृद्धि हुने विद्यालय, | ५ | ५ | ५ | ५ | ३ |
| २ | सबै विद्यालयहरुमा विषयगत रुपमा दक्ष तथा पेशाप्रति प्रतिबद्ध शिक्षकहरुको व्यवस्थापन भई सिकाइको प्रतिफल उच्च हुने, | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड बमोजिमको भौतिक पूर्वाधार पुरा गरेको हुने, | निरन्तर | ३ | ३ | ३ | ३ |
| ४ | माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धिको सुनिश्चित गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने, | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने विद्यालय, | ५ | ५ | ५ | ५ | ३ |
| ९ | विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने, | ७ | ७ | ७ | ७ | ७ |
| १० | माध्यमिक तहको शिक्षामा सुशासन कायम हुनुका साथै गुणस्तरीय शिक्षा प्रवाह हुने | ७ | ७ | ७ | ७ | ७ |

### ३.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य | | | | | जम्मा | भौतिक लक्ष्य (१०) वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | भुगोल,जनसंख्या तथा आवश्यकताका आधारमा माध्यमिक विद्यालयहरुको नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने | पटक | | ० | ० | ० | ० | ० | ० | आवश्यकता अनुसार |
| २ | संबैधानिक व्यवस्थानुसारको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्नका लागि आवश्यक पर्ने कानून, कार्यविधि र निर्देशिका तयार गर्ने | पटक | १ | ० | १ | १ | १ | १ | ४ | आवश्यकता अनुसार |
| ३ | विद्यालयको न्युनतम भौतिक पूर्वाधारहरु विकास तथा कक्षाकोठा व्यवस्थापन गर्ने | पटक | १२ | १ | १ | १ | १ | २ | ६ | ६ |
| ४ | सबै माध्यमिक विद्यालयहरुमा शिक्षा ऐन तथा नियमावलीले तोकेको मापदण्डअनुसार विषयगत शिक्षकको व्यवस्था गर्ने | विद्यालय | ५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने खालका कार्यक्रमहरु आयोजना गर्ने (भर्ना, समता, अवसर, सहभागिता, छात्रवृत्ति) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | माध्यमिक शिक्षामा आवश्यकता अनुसार खुला तथा दूर शिक्षा लगायतका बैकल्पिक माध्यमहरुको प्रबन्ध गर्ने | विद्यालय | आवश्य कता अनुसार | आव श्यकता अनुसार | आवश्य कता अनुसार | आव श्यकता अनुसार | आव श्यकता अनुसार | आव श्यकता अनुसार | आव श्यकता अनुसार | आवश्यकता अनुसार |
| ७ | विद्यालयहरुको शासकीय व्यवस्थामा सुधार गर्न तोकिएको मापदण्ड बमोजिम सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गर्ने | सख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | नियमित रुपमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सिकाइमा समस्या परेका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षाहरु सञ्चालन गर्ने | कक्षा | १४० | २८ | २८ | २८ | २८ | २८ | १४० | निरन्तर |
| ९ | शिक्षकहरुको क्षमता विकास गर्न तथा समय सान्दर्भिक बनाउन समयानुकुलका क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन गरी संकट तथा आपतकालीन अवस्थामा पनि विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | माध्यमिक शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास गर्ने | संख्या | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षक सिकाइ समूहको बैठक तथा विज्ञ समूहको परिचालन मार्फत शिक्षकको पेशागत सहयोगका लागि शिक्षक सहायता प्रणालीको स्थापना र परिचालन गर्ने | पटक | १२ | २ | २ | २ | २ | ४ | १२ | निरन्तर |
| १३ | विद्यालयमा बालविबाह न्युनीकरण, पोषण, महिनावारी स्वच्छता, सरसफाई तथा सुरक्षित स्वास्थ्य सम्बन्धी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने | पटक | २५ | ५ | ५ | ५ | ५ | ५ | ३० | |
| १४ | अपाङ्गता भएका र आर्थिक रुपले विपन्न विद्यार्थीहरुका लागि सिकाइमा सहयोग गर्न अक्षयकोषको स्थापना र सञ्चालन गर्नका लागि मापदण्डको विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १५ | आर्थिक रुपले विपन्न बालबालिकाको तथ्याङ्क संकलन गरी उनीहरुलाइ नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, दिवा खाजा, छात्रबृत्ति र सिकाइ सामग्री व्यवस्था गर्ने | प्रतिशत | २० | २० | २० | २० | २० | २० | २० | निरन्तर |
| १६ | सबै कक्षाहरुमा कक्षाकोठामा आधारित मूल्याङ्कन पद्दतिको अवलम्बन गरी सिकाइको गुणस्तर सुधारमा सहयोग गर्ने | विद्यालय | २८ | ५ | १५ | २५ | २८ | २८ | २८ | निरन्तर |
| १७ | विद्यार्थीहरुको नतिजालाई विश्वसनीय तथा बैद्य बनाई अन्तराष्ट्रिय बजारमा प्रतिष्पर्धा गर्न सक्ने शिक्षा प्रदान गर्न परीक्षा प्रणालीलाई व्यवस्थित बनाउने | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १८ | विद्यालय शिक्षाको हरेक तथ्याङ्कहरुलाई व्यवस्थित बनाउन शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई वास्तविक बनाउने (क्षमता विकास तालिम) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १९ | विद्यालय शिक्षामा सुशासन कायम गरी प्रभावकारी विद्यालय व्यवस्थापनका लागि वि.व्य.स., शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने | पटक | १२ | २ | २ | १ | १ | १ | ५ | |
| २० | विद्यालय शिक्षाप्रति अभिभावकको चासो र अपनत्व वृद्धि गर्न अभिभावक शिक्षा तथा अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | पटक | ८ | १ | १ | १ | १ | ४ | ८ | |
| २१ | विषेश आवश्यकता भएका लक्षित बालबालिकाहरूका लागि विद्यालयमै आवाशीय प्रबन्धको व्यवस्था मिलाउने | विद्यालय | १ | १ | ० | ० | ० | ० | १ | निरन्तर |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१ परिचय

न्यून सिपयुक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबीचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमको ठूलो महत्व रहन्छ। वि.सं. २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०८१ मा पुग्दा नेपालमा महिलाको साक्षरता दर ७०.१ र पुरुषको साक्षरता दर ८५.८ गरी जम्मा ७७.४ प्रतिशत पुगेको अवस्थामा कर्णाली प्रदेशमा महिला साक्षरता ६९.४ र पुरुष साक्षरता ८३.३ गरी जम्मा ७६.२ प्रतिशत नागरिक साक्षर रहेका छन्, जुम्ला जिल्लामा ७०.२ र हिमा गाउँपालिकामा ९५.७२ साक्षरता भएको अवस्था छ एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई साक्षर घोषणाका लागि अन्तिम तयारी रहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरिएको छ। साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्ने संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरिएता पनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दै सहयोग र सहजीकरण गरिरहेको अवस्था छ।

हिमा गाउँपालिकाभित्र निरक्षर व्यक्तीहरुलाई साक्षर बनाउँन तथा विद्यालय उमेर कटेका बालबालिकालाई विद्यालय शिक्षामा समायोजन गर्नका लागि विभिन्न अनौपचारिक सिकाइ कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यस गाउँपालिकाले सिप विकास सम्बन्धि विभिन्न कार्यक्रम पनि सञ्चालन गरेको छ। हिमा गाउँपालिकले अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रवर्धनका लागि अभिभावक शिक्षा लगाएतका कार्यक्रमहरु गरेको छ।

### ३.४.२ चुनौती तथा अवसरहरु

अनौपचारिक शिक्षा सञ्चालन सम्बन्धि अधिकारको प्रत्यायोजन, करिव ६०० जना ५० वर्षभन्दा माथिको जनसङ्ख्या रहनु, भौगोलिक कठिनाइ, अनौपचारिक शिक्षा सञ्चालनको लागि साधन स्रोतको अभाव, बालबालिकाहरुको विविधतालाई सम्बोधन गर्नु आदि चुनौतिहरु रहेका छन्।

अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक निरन्तर शिक्षा सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि निती, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको अधिकार स्थानीय तहमा हुनु, निरक्षर जनसङ्ख्या रहनु, खुला तथा बैकल्पिक शिक्षाको लागि माध्यमिक तह कक्षा १० सम्म विद्यालय स्थापना हुनु, निरन्तर रुपमा अभिभावक शिक्षा सञ्चान हुनु, एकिकृत प्रारम्भिक बालबिकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१ लागु हुनु, गाउँपालिकास्तरीय बालक्लब तथा विभिन्न सञ्जालहरु गठन हुनु आदि प्रमुख अवसरहरु हुन्।

### ३.४.३ उद्देश्य

- औपचारिक शिक्षा प्राप्त गर्न नसकेका नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु
- सामुदायिक सिकाइ केन्द्र पुस्तकालयमार्फत समुदायमा विभिन्न सिप विकास, पठनसीप विकास तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु

### ३.४.४ रणनीति

- गाउँपालिकाभित्र रहेको निरक्षर मानिसहरुको पहिचान गरी आवश्यकताको आधारमा समतामूलक, पहुँचयोग्य सामुदायिक सिकाइ केन्द्र र पुस्तकालयको स्थापना गर्ने,

- गाउँपालिका भित्र रहेका सामुदायिक सिकाइ केन्द्रलाई सुविधासम्पन्न, सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,
- समन्वयात्मक नीति साक्षरता तथा साक्षरोत्तर कार्यक्रमको विकास, योजना तथा कार्यान्वयन गर्ने ।
- अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्न सहजीकरण गर्ने,
- परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवं वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहूँच अभिबृद्धि गर्न सहजीकरण गर्ने र सिकाइलाई इलमसँग जोड्ने,
- साक्षरता, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ कार्यक्रमलाई पेशा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्धता गर्ने ।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- औपचारिक शिक्षा प्राप्त गर्न नसकेका नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित भएको हुनेछ,
- सामुदायिक सिकाइ केन्द्र पुस्तकालय मार्फत समुदायमा विभिन्न सिप विकास, पठनसीप विकास तथा आयमूलक कार्यक्रम सञ्चालन भएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | |
| २ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | १ | १ | १ | १ | ८ |
| ३ | न्युनतम सुविधा सम्पन्न भएका सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | १ | १ | १ | १ | ४ |
| ४ | गाउँपालिका भित्र रहेका निरक्षर मानिको प्रतिशत | ४.८% | | | | | |
| ५ | गाउँपालिकाद्वारा स्थापना तथा सञ्चालित आयमुलक कार्यक्रमको सङ्ख्या | ४ | १ | १ | १ | १ | ४ |
| ६ | खुला विद्यालयको सङ्ख्या | ० | | | आवश्यकता अनुसार | | |
| ७ | पठनसीप सम्बन्धि प्रतियोगिताहरुको सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ८ | अनौपचारिक शिक्षा प्राप्त गरी व्यवसायीक जीवनमा जोडिने मानिसको सङ्ख्या | २० | ५ | ५ | ५ | ५ | २० |

### ३.४.६ प्रमुख क्रियाकलाप रपरिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | बिद्यालय र समुदाय बीचको लागत सहभागिताको प्रारूप तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | निरक्षरहरूको विवरण सङ्कलन र आजीवन सिकाइका सरोकारवालाहरूको खण्डीकृत तथ्याङ्कको डाटावेस तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरनत |
| ३ | साक्षरोत्तर शिक्षा कार्याक्रम सञ्चालनका लागि प्रौढ विद्यालय/खुला विद्यालयहरुको सस्थागत विकास गर्ने | पटक | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| ४ | थप सामुदायिक सिकाई केन्द्र स्थापना तथा सञ्चालन गर्ने | संख्या | २ | ० | ० | ० | १ | १ | २ | |
| ५ | सामुदायिक सिकाई केन्द्रमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उपकरणको व्यवस्था | संख्या | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | सामुदायि सिकाई केन्द्रमा संयोजक तथा सहयोगीको व्यवस्था | संख्या | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | आजीवन सिकाइका लागि मोडयुल तथा समाग्री विकास र डिजिटलाईज्ड गरिने ( मौलिक तथा परम्परागत ज्ञान सहित ) | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | सिकाइ सामाग्री र सिकाइको प्रमाणीकरणको व्यवस्था गरिनेछ | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | सामुदायिक पुस्तकालयको व्यवस्थापन गरी सामुदायिक अध्ययन केन्द्रसँग आवद्ध गर्ने | ओटा | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १० | जेष्ठ नागरिक, श्रमिक, गृहिणी महिला, कैदीहरुकालागि आवस्यकतामा आधारित निरन्तर सिकाइ प्रवर्द्धन गर्ने। | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| ११ | अनौपचारिक शिक्षा तथा आजिवन सिकाइको अवधारणागत स्पष्टताकोलागि अवधारणापत्र तयार गरी अभिमुखीकरण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

## ३.५ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

### ३.५.१ परिचय

प्राविधिक तथा व्यवसायिक शिक्षा सीप विकास र आयआर्जनसंग जोडिएको हुन्छ । अर्थात यो शिक्षाले मानिसलाई कामको संसारसंग जोडने काम गर्दछ । यसलाई अझ सरल भाषामा बुझ्नुपर्दा गरिखाने शिक्षा पनि भन्न सकिन्छ । व्यक्तिलाई व्यवहारिक र रोजगार उन्मुख बनाउन तथा सीपयूक्त जनशक्तिको रुपमा विकास गराउनका लागि प्रदान गरिने शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ । उदाहरणका लागि सिकर्मी, डकर्मी, डाक्टर, भेटनरी जे.टी.ए.इन्जिनियर लगायतका सीपयूक्त जनशक्ति तयार पार्ने खालको शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ । नेपालको सन्दर्भमा हरेक क्षेत्रको विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलन कायम राख्नुपर्ने तथ्यलाई मनन गर्दै पछिल्लो समयमा साधारण शिक्षा संगसँगै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका क्षेत्रमा उल्लेख्य लगानी बृद्धि गर्दै लगिएको छ । हाल कृषि, भेटनरी, सब-ओभरसियर, इञ्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर, इलेक्ट्रिकाल तथा इलेक्ट्रोनिक्स लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेकोले प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका कार्यक्रमहरुमा प्रयाप्त लगानी गरी त्यसमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नुपर्ने आवश्यकता देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ । त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकाका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरु स्थापना गरिनेछ भनी उक्त नीतिमा उल्लेख गरिएको छ । यसै सन्दर्भमा १५ औं योजनादेखि युवाका लागि स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक सिप विकासको अवसर र पहुँच सुनिश्चित गर्न प्रत्येक सामुदायिक विद्यालयमा एउटा प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने लक्ष्य लिएको छ।

औपचारिक रूपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो । नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरु भएको हो । नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यवसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ । माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक/व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ । यसै कुरालाई मध्यनजर राखी सोह्रौ आवधिक योजनाले प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम क्षेत्र रणनीतिक योजनाको कार्यान्वयन गर्ने; प्रिडिप्लोमा तथा डिप्लोमा तहको पाठ्यक्रममा आवश्यक परिमार्जन र उच्च शिक्षासम्म व्यवसायिक योग्यता हासिल गर्ने प्रबन्ध मिलान गर्ने; प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम क्षेत्रको रणनीतिक योजना अनुरुप प्रशिक्षार्थी तालिम,गुणस्तर अभिवृद्धि तथा प्रत्यायनको कार्ययोजना बनाइ कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ । माध्यमिक तह कक्षा ९-१२ मा प्राविधिक धारको व्यवस्था गरिएको भएता पनि सबै स्थानमा विविध समस्याका कारण प्राविधिक धारका विद्यालय सञ्चालन हुन सकेका छैनन । प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११-१२ मा पुगेपछि साइन्सको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकोले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ ।

### ३.५.२ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित श्री नेत्र ज्येति मावि हिमा २ र कालिका माध्यमिक विद्यालय ५ मा कृषि र जियोमेटिक्स ( नापी सर्वेक्षक) कार्यक्रम सञ्चालनमा रहेको छ । करिव ८० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । यसैगरी उक्त कार्यक्रमका लागि ९ जना पूर्णकालीन प्रशिक्षकहरुको नियुक्ति गरिएको छ । यस गाउँपालिकाले वार्षिक विद्यार्थीहरूलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ भने प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले वार्षिक नि:शुल्क छात्रवृत्ति अन्तरगतका विद्यार्थीहरू यस विद्यालयमा पठाइरहेको छ । यस गाउँपालिकाले आ.व. २०८०/२०८१ को वार्षिक बजेटबाट उक्त विद्यालयमा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूमध्ये नि:शुल्क छात्रवृत्ति कार्यक्रमका लागि रकम विनियोजन गरिएको अवस्था छ भने शैक्षिक अनुदान बापत उक्त कार्यक्रमका लागि यस आगामी वर्षमा रकम विनियोजन गर्ने तयारी गरेको छ।

### ३.५.३ चुनौती तथा अवसरहरु

प्राविधिक शिक्षा आजको अपरिहार्य आवश्यकता भन्ने यथार्थ हुदाँहुँदै पनि प्राविधिक शिक्षा तर्फ दक्ष प्रशिक्षक र जनशक्तिलाई टिकाइराख्नु, उत्पादित जनशक्ति र श्रम बजारको मागबीचको तालमेल मिलाउनु, कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थी सङ्ख्याको उपलब्धता नहुनु, छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनमा वृद्धि गर्नु, प्रयोगात्मक कक्षा र ओ.जे.टि. लाई व्यवहारिक रूपले कार्यमूलक बनाउनु, सबै वर्गका विद्यार्थीहरुका लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच विस्तार गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षालाई उद्यशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु, आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायतको व्यवस्थापन गर्नु, प्राबिधिक र व्यवसायिक शिक्षा सञ्चालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु, स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु जस्ता कुराहरु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन।

यसैगरी विविध चुनौतीहरु सँगसँगै प्राविधिक शिक्षा तथा व्यवसायिक सिपको क्षेत्रमा गाउँपालिकाले लगानी गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षा प्रति सरोकारवालहरुको चासो बढ्दै जानु, प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीहरुका लागि यस गाउँपालिकाले वार्षिक रुपमा छात्रवृत्तिको व्यवस्था गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षा संघीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, सीटिइभिटी अन्तरगतका बिभिन्न तहका सिपमुलक र उद्यमशीलमा आधारित व्यवसायिक र रोजगारमुलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, उपलब्ध प्राकृति स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सीप र प्रविधिलाई व्यवसायिक सीप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु, सरकारले पढ्दै कमाउँदै कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु आदिलाई यस क्षेत्रका प्रमुख अवसरको रूपमा लिन सकिन्छ।

### ३.५.४ उद्देश्य

१. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासमा सबै वर्गका विद्यार्थीहरुको पहुँच अभिबृद्धि गर्नु,

२. यस गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न विविध संयन्त्र विकास गर्नु,

३. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका कार्यक्रमहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,पढदै
४. कमाउदै कार्यक्रमको माध्यमबाट विद्यार्थीहरुलाई स्वरोजगार र स्वावलम्बी बनाउनु।

**३.५.५ रणनीति**

१. गाउँपालिका अन्तर्गत सञ्चालित प्राविधिक शिक्षालयको संस्थागत क्षमता वृद्धि गरी प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षाका कार्यक्रमहरूमा सबै वर्गको समतामूलक पहुँच अभिवृद्धि गरिनेछ।
२. प्राविधिक शिक्षामा अध्ययन गर्ने आर्थिक तथा सामाजिक रूपले विपन्न परिवारको विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा अन्य सेवा सुविधामा वृद्धि गरिनेछ।
३. MBBS, Engneering, Bachelor Nursing विषयहरूमा अध्ययन गर्ने इच्छुक विद्यार्थीहरूका लागि प्रोत्साहन मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
४. हालसम्मको उत्पादित जनशक्ति, श्रमबजारको माग र आवश्यकतालाई मूल्याङ्कन गरी प्राविधिक शिक्षा तर्फ थप विषय र कार्यक्रमहरूको विस्तार गरिनेछ।
५. एसइइ र कक्षा १२ को उत्कृष्ट नतिजा ल्याउने यस गाउँपालिकामा सञ्चालित प्रत्येक माध्यमिक तहका विद्यालयहरूमा अध्ययन गरेका कम्तिमा २ जना (१ छात्र/१छात्रा) मेधावी विद्यार्थीहरूलाई प्राविधिक प्राविधिक शिक्षामा आकर्षण गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ।
६. विद्यालय शिक्षाको आधारभूत तहदेखि नै व्यवहार कुशल सिपहरु (SOFT SKILL) को विकास गरिनेछ।
७. प्राविधिक शिक्षाका लागि इच्छुक विद्यार्थीहरुलाई प्राविधिक शिक्षाप्रति आकर्षित गर्न प्राविधिक शिक्षालय र अन्य विद्यालयहरूको बीचमा समन्वय र साझेदारीका कार्यक्रमको विकास गरिनेछ।
८. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी क्षमता विकास र श्रम बजारसँग आबद्ध गरिनेछ।
९. युवाहरूलाई खोज र नवप्रवर्तन (Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रमहरू र पढदै कमाउदै कार्यक्रम सञ्चालन गरिनेछ।
१०. प्राविधिक शिक्षा पढेका युवाहरूलाई उद्यमशीलता विकासको लागि व्यवसायिक कार्यको सुरुवात गर्न ऋण तथा अनुदानको व्यवस्था गरिनेछ।
११. प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी छोटो अबधिको तालिम र सिप विकासको लागि समन्वय र सहकार्य गरिनेछ
१२. प्राविधिक शिक्षाको गुणस्तर सुनिश्चितता तथा सुधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गरिनेछ।

**३.५.६ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य**

**उपलब्धिः**

प्राविधिक तथा व्यवसायिक सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादित जनशक्तिले, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने छन।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकामा फरक प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना तथा निरन्तरता | १ | १ | १ | १ | १ | १ |
| २ | न्युनतम भौतिक पूर्वाधारहरुको विकास भएका विद्यालय संख्या | 0 | १ | १ | १ | १ | १ |
| ३ | गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादन भएको जनशक्तिको संख्या | ९४ | १६७ | १९० | २१४ | २२० | ७९१ |
| ४ | पालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रमा सान्दर्भिक र गुणस्तरीय कार्यक्रमहरुको संख्या, | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ५ | प्राविधिक तथा व्यवसायिक तालिम लिइ उत्पादन र आर्थिक उपार्जनसँग जोडिने जनशक्तिको संख्या | ६७ | ५१ | ५० | ८० | १०२ | ३५० |
| ६ | स्थानीय स्तरमा रहेका परम्परागत सिप तथा क्षेत्रहरुको पहिचान, प्रमाणीकरण तथा प्रबर्द्धन संख्या, | १ | १ | १ | १ | १ | १ |
| ७ | प्राविधिक शिक्षा मार्फत तालिममा खोज, नवपर्वतन तथा उद्यमशीलतामा अभिबृद्धि गरेका जनशक्ति संख्य, | १ | १ | १ | १ | १ | १ |
| ८ | उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनमा संलग्न संख्या | ५० | १५० | २५० | ३०० | ४५० | १२०० |
| ९ | प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धि गरेका विद्यालय । | १ | १ | १ | १ | १ | १ |
| १० | गाउँपालिकामा प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना तथा निरन्तर सञ्चालन हुने | २ | २ | २ | आवश्यकता अनुसार | | |

### ३.५.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | आवश्यकता र उपलब्ध पूर्वाधारका आधारमा प्राविधिक जनशक्ति उत्पादनका लागि प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन गर्ने | पटक | २ | ० | १ | १ | ० | ० | २ | |
| २ | प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्युनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | संख्या | ४ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |
| ३ | बहुप्राविधक शिक्षालय स्थापना, सञ्चालन तथा नियमनको योजना तयार पार्ने | पटक | २ | ० | १ | १ | ० | ० | २ | निरन्तर |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा सँग सम्बन्धित छोटो अवधिका सिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने | पटक | १४ | २ | २ | ३ | ३ | ४ | १४ | |
| ५ | गुणस्तरीय प्राविधिक शिक्षा तथा सीप विकासका लागि दक्ष तथा पेशाप्रति प्रतिबद्ध प्रशिक्षकहरुको व्यवस्था गर्ने | जना | २२ | २ | ५ | ५ | ५ | ५ | २२ | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव, जेहेन्दार तथा अपाङ्गता भएका विद्यार्थीहरुका लागि छात्रबृत्ति कार्यक्रम सञ्चालन गर्ने | संख्या | २८ | ४ | ६ | ६ | ६ | ६ | २८ | निरन्तर |
| ७ | गाउँपालिका स्तरमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने | पटक | २ | ० | १ | १ | ० | ० | २ | निरन्तर |
| ८ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रम मार्फत खोज तथा नवपर्वद्धनात्मक र पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | निरन्तर |
| ९ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रबर्द्धन गर्ने | वार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने | बार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमबाट उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने | जना | १८ | २ | ४ | ४ | ४ | ४ | १८ | |
| १२ | आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि प्राविधिक उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्ने | जना | २४ | ० | ३ | ५ | ६ | १० | २४ | निरन्तर |

# परिच्छेद- ४, अन्तर सम्बन्धित उप- क्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरू सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रवन्धका नीति शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो। पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको नीति वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको सुरू गरीयो। यसैक्रममा हिमा गाउँपालिकामा वि.स. २०७६ सालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १–१२ मा यो पाठ्यक्रम कार्यान्वयन भएको छ। शिक्षण सिकाइ क्रियाकलापमा उपलब्ध भएका पाठ्यक्रमहरुको प्रयोग न्युन मात्रामा भएको पाइन्छ । शिक्षकहरुमा पाठ्यपुस्तकलाई नै पाठ्यक्रमको स्वरुपमा प्रयोग गर्ने गरेको पाइन्छ । प्रारुप अनुसारको पाठ्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले समय समयमा विद्यालयका शिक्षकहरुका लागि पाठ्यक्रम प्रवोधीकरण तथा कष्टमाइज्ड तालिम सञ्चालन गर्दै आएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा १-८ सम्म एक विषयको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी अनुसार यस गाउँपालिकाले स्थानीय विषयवस्तु, वातावरण संरक्षण, दिगोपना, हरित विद्यालय, कार्यान्वयन गरेको छ । गाउँपालिकाका हरेक विद्यालयमा कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन तथा कक्षा ४-१२ मा आन्तरिक र बाह्य मूल्याङ्कन नियमित रुपमा सञ्चालन हुँदै आएको छ। यस गाउँपालिकाले पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन सम्बन्धमा शिक्षक कार्यशाला तथा शिक्षक सहजीकरण जस्ता असल अभ्यास गर्दै आएको छ।

### चुनौती तथा अवसरहरु

पाठ्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु समयमै उपलब्ध हुने व्यवस्था मिलाउनु, स्थानीय पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको विकास, निर्माण तथा प्रयोग गर्नु, पाठ्यक्रम प्रवोधीकरण तथा क्षमता विकास तालिम सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन तथा कार्यान्वयनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चतता गर्नु, विद्यार्थीहरुका लागि आवश्यक सिकाइ सामग्रीहरु प्रयोगको सुनिश्चितता गर्नु, विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु, डिजिटल तथा अनलाइन पद्धतिमा आधारित शिक्षण सिकाइका लागि सीप, प्रविधि र पहुँच बिस्तार गर्नु, जस्ता मुख्य चुनौतिहरु रहेका छन्।

कक्षा १-१२ सम्म सबै विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था हुनु, पाठ्यपुस्तक, पाठ्यक्रम लगायतका सम्पुर्ण सामाग्रीहरुको डिजिटल-प्रति पाठ्यक्रम विकास केन्द्रको वेवसाइटमा उपलब्धता भएको, बुक कर्नर तथा डिजिटल सिकाइ

सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था हुनु, नियमित रुपमा पाठ्यक्रम प्रवोधीकरण तालिम सञ्चालन गरिनु, यसैगरीसरकारले इ-पुस्तकालय तथा सिकाइ चौतारीको विकास गर्नु, आधारभूत तथा माध्यमिक विद्यालयहरुमा पुस्तकालय स्थापना हुनु, स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी विद्यालय र स्थानीय तहलाई दिइनु, मूल्याङ्कन प्रणालीमा ज्ञानात्मक पक्ष मात्र नभइ सीप र सिर्जनालाई समेत समेटिनु र शिक्षासंग सम्बन्धित संघ संस्थाहरुले पाठ्यक्रमको प्रभाबकारी कार्यन्वयनमा सहयोग उपलब्ध गराउनु मुख्य अवसरहरु हुन ।

### ४.१.२ उद्देश्य

- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन कार्यहरुलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु
- स्थानीय पाठ्यक्रम अध्यावधिक तथा कार्यन्वयन, पाठ्यपुस्तक र पाठ्यसामग्रीको बिकास गर्नु

### ४.१.३ रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमहरुको कार्यान्वयन गर्नु
- शिक्षक तथा सरोकारवालहरूलाई पाठयक्रम प्रबोधीकरण गर्नु
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिबृद्धि गर्नु
- शिक्षकका लागि शिक्षक निर्देशिकातथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्नु
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्नु
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउनु
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउनु
- स्थानीय पाठयपुस्तक र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्नु
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्नु
- निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्नु

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।

२. स्थानीय पाठ्यक्रम अनुसार पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ तथा मूल्याङ्कन कार्यान्वयन प्रभावकारी रूपमा हुने विद्यालय संख्या | ५ | ५ | ७ | ३ | ५ |
| २ | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गरेका विद्यालय | ० | २३ | २३ | २३ | २३ |
| ३ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | २३ | २३ | २३ | २३ | २३ |
| ४ | सिकाइ सामाग्री निमार्ण गरी प्रयोग गर्ने विद्यालय संख्या | १० | १५ | २० | २३ | २३ |
| ५ | पाठ योजना बनाइ शिक्षण गर्ने शिक्षक प्रतिशत | १५% | ३०% | ६०% | ८०% | ९०% |
| ६ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ |
| ७ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | १२ | १५ | १८ | २० | २३ |
| ८ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ५ | १० | २० | २३ |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम | विद्यालय | ० | ५ | ५ | ५ | ५ | २० | ४० |
| २ | शिक्षक तालिम र तालिम पश्चात मेन्टोरिङ सहितको फलोअप अनुगमन | पटक | ३ | ४ | ५ | ६ | ६ | २४ | ५० |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकनका लागि तालिम र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ४ | पाठ्यक्रम कार्यान्वयनमा सूचना प्रविधिको प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | सवै बालबालिकालाइ निःशुल्क पाठ्यपुस्तक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | स्थानीय विषयको पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, निर्माण तथा प्रयोग | कक्षा | | ५, ८ | १,३,७ | २,४,६ | सबै | १ - ८ | १-८ |
| ७ | स्थानीय पाठ्यक्रम तयार तथा परिमार्जन | पटक | १ | | | | | | २ |
| ८ | विज्ञ समुह सहितको विद्यालय सुपरिवेक्षण तथा अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० |
| ९ | कक्षागत तथा विषयगत सिकाइ तथा शैक्षिक सामाग्रीको व्यवस्थापन रप्रयोग, पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | स्थानीय पढाइ सामग्री रअन्य शैक्षणिक सामग्री निर्माण तालिम तथा प्रयोग तथा कक्षाकोठामा शैक्षिक सामाग्री व्यवस्थित गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | तहगत सक्षमता पुरा नगरेका र बढीमा दुइ विषयमा न्यूनतम सक्षमता हासिल गर्न नसकेका विद्यार्थीलाइ विशेष मूल्यांकन (मौका परीक्षा) गरिनेसंयन्त्रको विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १२ | पाठ्यक्रम र सिकाइ सामाग्रीको प्रवर्द्दनका लागि तहगत र विषयगत पढाइ मेला तथा विज्ञान तथा प्रविधिको लागि विज्ञान मेला प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १३ | प्रयोगात्मक तथा परियोजना कार्य मार्फत शिक्षण, मूल्यांकन र सहजीकरण | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहले बिद्यालयलाई केन्द्रबिन्दू बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू जस्तैः कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार अवलोकन भ्रमण, प्रतिबिम्बन, शिक्षक नेटर्वक, सहकार्यात्मक नीति अनुसन्धान (collaborative research) मेन्टरिङ, कोचिङ आदिको व्यवस्था गरेको छ। साथै सो नीतिमा सूचना तथा सञ्चार प्रबिधिको विकासका कारण भएको तिब्र विकाससँगै तालिम दिने पद्धति समेत परिमार्जन गरी आमने-सामुने, बिद्यालयमा आधारित, मिश्रित, अनलाईन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने उल्लेख छ।

शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षण सञ्चालन गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुँदै आएको छ। हाल प्रदेशस्तरीय शिक्षा तालिम केन्द्रले अनलाईन तथा अफलाईन बिधिबाट तालिम सञ्चालन गर्दै आइरहेको अबस्था छ। हाल सञ्चालनमा रहेको बिद्यालय शिक्षा क्षेत्र कार्यक्रमले शिक्षकको पेसागत विकासमा जोड दिएको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार शिक्षाका लागि राष्ट्रिय शिक्षक सक्षमता मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेशागत विकास कार्य सञ्चालन गर्ने उल्लेख छ। यस नीतिले स्थानीय तहले बिद्यालयलाई केन्द्रबिन्दु बनाएर शिक्षकको निरन्तर पेशागत बिकासको कार्यक्रमहरु सञ्चालन गर्ने नीति रहनु, साथै यसै नीतिमा तालिम दिने पद्दति समेत परिमार्जन गरी आमने सामने बिद्यालयमा आधारित निश्चित अनलाइन तथा भर्च्युल पद्दतिबाट तालिम सञ्चालन गरिने नीति रहनु, दिगो विकास लक्ष्य न. ४: शिक्षा २०३० कार्यन्वयनको राष्ट्रिय प्रारूप अनुसार नेपालले सन् २०३० सम्ममा आधारभूत र माध्यमिक तहमा कार्यरत शत प्रतिशत शिक्षकहरुलाई न्युनतम संगठित शिक्षक तालिम प्रदान गर्ने लक्ष्य राखिनु, हाल संचालित बिद्यालय शिक्षा क्षेत्र योजना (२०७९/०८०-२०८९/०९०) ले पनि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई बिद्यार्थीहरुको सिकाई उपलब्धि बढाउन शिक्षक तालिममा मात्र सिमित नभई पेशागत बिकासका आयामहरुलाई फराकिलो बनाउदै जाने लक्ष्य हुनु, पेशागत दक्षताका अवसरहरु बढी भन्दा बढी उपलब्ध गराउन शिक्षक पेशागत विकास प्रारूप २०७२ कार्यन्वयनमा रहनु र शिक्षकको पेशागत बिकासका लागि स्थानीय तहलाई जिम्मेवार बनाइनु आदि शिक्षक पेशागत बिकासका अवसरहरु हुन l

शिक्षा तालिम केन्द्रले ठूलो संख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिनाई रहनु, शिक्षक तालिमलाई वास्तबिक आवश्यकतामा आधारित बनाउन नसकिनु, तालिममा सिकेका ज्ञान तथा सिपहरूको कक्षाकोठामा प्रयोग गर्नमा समस्या देखिनु , सिमित स्रोत साधनले सम्पूर्ण शिक्षकहरुलाई तालिम प्रदान गर्न नसकिनु, शिक्षक पेशागत बिकासमा समतामुलक पहुच स्थापना गर्न नसकिनु, तालिमको प्रभाबकारिता र कक्षाकोठामा प्रयोग भए नभएको सम्बन्धमा अनुगमन तथा मुल्यांकन गर्ने संयन्त्र स्पष्ट नहुनु, शिक्षकहरुमा प्रविधिको प्रयोग सम्बन्धि ज्ञानको अभाब हुनु र शिक्षक पेशागत बिकासमा शिक्षकहरुमा उत्प्रेरणाको कमि हुनु आदि चुनौतिहरु रहेका छन।

#### ४.२.२ उद्देश्य

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु
२. शिक्षक तालिम, शिक्षक पेशागत विकास प्रारूप प्रभावकारी कार्यान्वयन गर्नु
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु

#### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसंगको समन्वयमा शिक्षण सिप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई अफलाइन तथा अनलाइन माध्यमबाट निरन्तर पेसागत सहयोग उपलब्ध गराउने, यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने

#### ४.२.४ प्रमुख उप   लब्धि तथा नतिजा

**उपलब्धि**

१. दरवन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं | सूचक | आधार वर्ष (२०८२) | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | २६ | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त | १००% | १००% | १००% | १००% | १००% | १००% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षक (%) | | | | | | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | ९०% | ९०% | ९०% | ९०% | १०% | १०% |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्युनतम  सक्षमता भएका शिक्षक (%) | ४०% | ५५% | ६५% | ७५% | ८५% | १००% |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | असल अभ्यासको लागि अन्तरविद्यालय, अन्तरजिल्ला तथा अन्तरदेशीय अवलोकन भ्रमण (अनुभव साटासाट) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | कार्य सम्पादनमा आधारित दण्ड र प्रोत्साहनको नीति, प्रोत्साहन र सुविधाको लागि वार्षिक रूपमा कार्यक्रम गर्ने | जना | १२५ | २५ | २५ | २५ | २५ | २५ | १२५ | निरन्तर |
| ३ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्त गर्न परीक्षाको नतिजा विश्लेषण गर्ने तथा सुधार योजना बनाएर कार्यान्वयन गर्ने (प्रअ वैठक तथा विषयगत शिक्षकवैठक मार्फत) | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४ | शिक्षक पेशागत सहयोग कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकको इ-संजाल बनाएर क्रियाशिल बनाउने | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ५ | शिक्षकलाइ परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि गाउँपालिकामा विज्ञ समुह निर्माण तथा परिचालन गरी पेशागत सहयोग गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६ | शिक्षक मेन्टरिङ/कोचिङका लागि कार्यक्रम सञ्चालन गरेर शिक्षक पेशागत सहयोग विकास गर्ने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |
| ७ | विद्यालय तथा पालिकास्तरमा कक्षामा शिक्षकहरूलाइ पेशागत सहयोगगर्न शिक्षण सिकाइ समुह वैठक/घुम्ती वैठक सञ्चालन गर्ने | पटक | २३ | २ | २ | २ | २ | २ | १० | २३ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| ८ | शिक्षक पेशागत सहयोग तालिम सञ्चालन गर्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | शिक्षिक दरवन्दी मिलान तथा पुनर्वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | पालिकाले प्र.अ र प्र.अ. ले शिक्षकहरूसँग विद्यालयमा शिक्षकले विद्यार्थीसँग करार सम्झौता मार्फत सिकाइ उपलव्धीमा सुधार ल्याउने वातावरण तयार गर्ने । | विद्यालय | २३ | ३ | १८ | २३ | २३ | २३ | २३ | निरन्तर |
| ११ | कक्षा १ देखी ३ सम्म क्रमिक सिकाइ रणनीतिमा आधारित शिक्षण सिकाइकार्य सञ्चालनका लागि तालिमको ब्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री (No cost / Low cost) निर्माणका लागि तालिम वा कार्यशालाको ब्यवस्था | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | शिक्षकहरूलाइ पुर्नताजगी तालिमको ब्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १४ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्पयुटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | शिक्षक पेसागत सहयोग सम्बन्धी प्रावधान कार्यान्वयन गर्नका लागि प्रणाली विकास गर्ने | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १६ | प्रधानाध्यापक/ आधारभूत संयोजक/अनुभवी शिक्षक परिचालन/बिषयगत रोस्टर शिक्षक ब्यबस्थापन/ विज्ञ समूह गठन र शिक्षक सिकाइ समूह गठन र परिचालन | पटक | वटा | ५ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १७ | कमजोर विद्यार्थीको लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने र उपचारात्मक शिक्षण पद्धति लागु गर्ने । | विद्यालय | २० | ० | २० | २० | २० | २० | २० | निरन्तर |
| १८ | शिक्षक पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्ने र निरन्तरताका लागि काम गर्ने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | |
| १९ | शिक्षकलाई शिक्षण कार्यप्रभावकारी बनाउन प्राज्ञिक तथा प्राविधिक सहयोग पुऱ्याउने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| २० | प्राविधिक सहयोगकर्ताका लागि तालिमको ब्यवस्था गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २१ | प्राविधिक सहयोगकर्ताबाट नियमितकक्षा अवलोकनको ब्यवस्था गर्ने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |
| २२ | पृष्ठपोषण/सुझाव तथा सहयोगका लागि कोचिङको ब्यवस्था गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| | शिक्षकहरुको नियमित समीक्षा बैठक सञ्चालन, अन्तरक्रिया र छलफलको ब्यवस्था गर्ने | मासिक | ५० | १० | १० | १० | १० | १० | ५० | १०० |
| २३ | दिगो र प्रभावकारी रुपमा शिक्षकलाई पेसागत सहयोग प्रदान गर्ने प्रणाली विकास र निरन्तरताको सुनिश्चितता गर्ने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |
| २४ | पालिकाबाट क्षमतावान, दक्ष तथा योग्य शिक्षक पारदर्शि ढंगले छनौट गर्नका लागि प्रश्न वैंकको निर्माण र परिमार्जन गर्ने। | पटक | १० | १ | १ | १ | १ | १ | ५ | १० |
| २५ | शिक्षकको दैनिक कार्य टिपोटको लागि शिक्षक डायरी निर्माण र प्रयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २६ | बहुकक्षा शिक्षण सञ्चालन गर्ने विद्यालयलाई अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २७ | अस्थाइ तथा विद्यालय श्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनकालागि उपयुक्त मापदण्ड तथा निर्देशिकाको तयारी गर्ने। | पटक | १ | १ | ० | ० | ० | ० | १ | निरन्तर |
| २८ | विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा विताउने समय सुनिश्चित गर्ने। (प्रअलाइ जिम्मेवार बनाउने, कक्षामा विताएको समयको लगवुक बनाउन सकिने) | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| २९ | शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, प्रअको नेतृत्व विकासको लागि सेवा सुविधा समयानुकुल गरिने | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार भएको हुँदा नेपालको संविधान (२०७२) को धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको समानजनक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयक्तु र सान्दर्भिक मुद्दा बनेको छ । यसै सन्दर्भमा, अपाङ्गता भएका र आर्थिक रूपले विपन्नका हकमा भने उच्चशिक्षा सम्मै निःशुल्क हुनुपर्छ। दृष्टिबिहीन नागरिकले ब्रेललिपि तथा बौद्धिक अपाङ्गता भएकाले साङ्केतिक भाषा मार्फत निःशुल्क शिक्षा पाउने हक सुरक्षित गरिएको छ।

यस गाउँपालिकाभित्र विभिन्न समस्या र अवरोधका कारण विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरुको सङ्ख्या २.५% जना रहेको छन भने उनीहरुले अरुको काम गरेर, ज्याला मजदुरी गरेर आफ्नो जीवन धानिरहेका छन् । उनीहरुका समता र सिकाइमा समावेशी सहभागिताका लागि गाउँपालिकाले छात्रवृत्ति, शैक्षिक सामग्री सहयोगप्रवन्ध जस्ता समतालक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। सबै सामुदायिक विद्यालयहरुमा सबै बालबालिकाहरुका लागि समयमै पाठ्यपुस्तक उपलब्ध गराउनुका साथै कक्षाकोठाको शिक्षण सिकाइ वातावरण तथा सिकाइ क्रियाकलापमा समता र समावेशीकरणको नीति अवलम्बन गर्ने प्रयासहरु भएका छन् ।

यस गाउँपालिकाभित्र जम्मा १८४ जना शिक्षकहरु कार्यरत रहेको मध्ये ५६ जना महिला शिक्षक कार्यरत हुनुहुन्छ। यसैगरी अपाङ्गता भएका शिक्षक १ जना कार्यरत रहेका छन्। स्रोत इमिस २०८१

सबै बालबालिकाहरुलाई परिवार, समुदाय र विद्यालयबाट उचित सहयोगको वातावरण निर्माण गर्नु, अपांगता भएका र पछाडि पारिएका व्यक्तिहरुको सामाजिक समावेशीकरणमा अपेक्षित सुधार गर्नु, अपाङ्गताको प्रकृति अनुरुप बालबालिकाको सहज पहुँच हुनेगरी विशेष विद्यालय स्थापना र सञ्चालन गर्नु, सिकाइमा भएको कठिनाइ र आवश्यकता अनुसार शैक्षिक सामग्री व्यवस्थापन र प्रयोग गर्नु, शिक्षकहरुमा समावेशी शिक्षाका आवश्यक दक्षता वृद्धि गर्नु, विविध प्रकारका बालबालिकाको तथ्यांक तथा सूचनालाई अद्यावधिक गर्नु, मुख्य चुनौतिहरु रहेका छन्।

समावेशी शिक्षाका लागि विभिन्न कानूनी प्रावधानहरु हुनु, समावेशी शिक्षा सम्बन्धी शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिनु, प्राथमिक तहका पाठ्यपुस्तकहरु २५ भन्दा बढि मातृभाषामा प्रकाशन हुनु, लक्षित समुदायका बालबालिकाहरुलाई विभिन्न प्रकारका आरक्षण र छात्रवृत्तिका कार्यक्रम सञ्चालन गर्नु, शिक्षक सेवा आयोगले शिक्षक छनौट प्रक्रियालाई समावेशी बनाउनु अवसरहरु रहेका छन्।

### ४.३.२ उद्देश्य

- लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु
- लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु

### ४.३.३ रणनीति

- विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने ।
- अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।
- छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका यौनिक तथा लैङ्गिक अल्पसख्यक र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने ।
- कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
- विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।
- आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।
- पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल,वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहतयौनिकता शिक्षा तथा प्रजननस्वास्थ्यसम्बन्धी विषयवस्तुसमावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।
- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार,बहिष्करण र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने ।
- शिक्षकहरूका लागि समता र समावेशी सम्बन्धि क्षमता अभिबृद्दि गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचकहरू | आधार वर्ष (२०८२) | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | १५ | १२ | ५ | ० | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.१६ | १.०० | ०.८ | ०.६ | ०.६ | ०.६ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.३२ | १.१६ | १.१५ | १.१५ | १.८ | १.० |
| ४ | आधारभूत तहमा बैयत्तिक शिक्षा योजना भएका अपाङगता भएका बालबालिकाको सख्या | ० | ६ | १० | १४ | १४ | १४ |
| ५ | आधारभूत तहमा यौनिक तथा लैङगिक अल्पसख्यक बालबालिकाको सङ्ख्या | ० | ४ | ६ | ९ | १२ | १२ |
| ६ | लैङगिक फोकल पर्सन भएका विद्यालय सख्या | ५ | ८ | १५ | २० | २३ | २३ |
| ७ | Gender Equity and Social Inclusion (GESI), Social Emotional learning (SEL) सम्बन्धि तालिम प्राप्त शिक्षक | १० | २५ | २५ | २५ | २५ | १०० |
| ८ | गुनासो सुनाई संयन्त्र र आचारसंहिता निमार्ण गरी कार्यन्वयन भएका विद्यालय सख्या | ६ | १५ | १६ | २४ | २८ | २८ |
| ९ | बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा सञ्चालन भएका विद्यालय सख्या | ० | ५ | ५ | ५ | ८ | २३ |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | शिक्षाको मूलप्रबाह बाहिर रहेका बालबालिकाहरूको तथ्यांक संकलन र बिश्लेषण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | समता तथा समाबेशीकरण सम्बन्धि नीति, कानुन निर्माण र पुनरावलोकन | पटक | १ | १ | | | | | १ | निरन्तर |
| ३ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्र वृत्ति समेत ) | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ |
| ५ | विद्यालयमा गनुासो सनुवुाई प्रणालीको व्यवस्था र सञ्चालन | पटक | २३ | ८ | १८ | २३ | २३ | २३ | २३ | |
| ६ | विद्यालयमा बालक्लब गठन, ब्यबस्थापन र परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| ७ | विद्यालयमा जिम्मेवारी सहितको लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालय बाहिर रहेका बालबालिकाहरू रहेका विपन्नदलित, समुदायमा विव्यस, अभिभावक, शिक्षकहरूको संलग्नतामाघरदैलो कार्यक्रम सञ्चालन | पटक | १० | ० | १ | २ | ३ | ३ | ९ | १ |
| ९ | बालिका तथा समावेशी शिक्षा संजाल गठन तथा सञ्चालन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १० | लागु पदार्थ दुर्वयशनी सचेतना कार्यक्रम सञ्चालन ( आधारभूत र माध्यमिक विद्यालयहरुमा ) | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ११ | छात्राहरुकालागि नि; शुल्क सेनटरीप्याड वितरण तथा व्यवस्थापन | पटक | ६० | १२ | १२ | १२ | १२ | १२ | ६० | निरन्तर |
| १२ | Gender Equity and Social Inclusion (GESI), Social Emotional learning (SEL) सम्बन्धि शिक्षक तालिम | जना | ५० | ० | ५० | ५० | ५० | ५० | २०० | ५० |
| १३ | गुनासो सुनाई संयन्त्र र आचारसंहिता निर्माण तथा समीक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १४ | यौनिक तथा लैङगिक अल्पसख्यक, विपन्न दलित, लोपोन्मुख र अति विपन्न छात्राहरूलाई उच्च शिक्षा अध्ययन छात्रवृती | जना | ५० | ० | १० | १० | १० | १० | ४० | १० |
| १५ | सरोकारवालाहरूसँग छलफल गरी विद्यालय शान्तिक्षेत्र घोषणाको | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| | समीक्षा | | | | | | | | | |
| १६ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पानी, पुस्तकालय, बुक कर्नर, शौचालय जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार कार्यगत सिमितता/अपांगता एवं लैङ्गीकमैत्री बनाउने। | विद्यालय | २३ | ५ | १५ | २३ | २३ | २३ | २३ | २३ |
| १७ | बालबालिकाको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रम | पटक | ५ | ० | १ | १ | १ | १ | ५ | निरन्तर |
| १८ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाईस्तर अभिवृध्दी गर्ने र उनीहरूको स्वास्थ्य तन्दुरुस्त राख्न सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालित छ । तत्कालिन रूपमा बालबालिकाको भोक न्युनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरतार सिकाइस्तर समेत अभिवृध्दी गर्ने दिर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालयतहमा विगत केही वर्षदेखि कार्यान्वयनमा छ । नेपाल सरकारको नीति बमोजिम यस गाउँपालिकाले पनि यस क्षेत्र भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयको कक्षा बालबिकास देखि कक्षा ५ सम्म स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम सहयोगि पुस्तिकामाभएको व्यवस्था अनुसार खाजा व्यवस्थापन भइरहेको छ । साथै हिमा गाउँपालिकाले विद्यालयहरुमा स्थानीय स्तरमा पाइने रैथाने बालीको उत्पादन प्रयोग गरी पोषणयुक्त दिवा खाजा व्यवस्थापन गर्ने निर्णय गरेको छ । गाउँपालिकामा सञ्चालित ७ वटा सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय नर्सिङ्ग कार्यक्रममा विद्यालय नर्सहरु नियुक्ती गर्ने संवैधानिक प्रावधान भएतापनि यस गाउँपालिकमा कार्यान्वयनमा ल्याउन सकिएको छैन । यस पालिकाका सामुदायिक विद्यालयहरुले विद्यालयस्तरमा सरसफाइ समिति गठन गरी विद्यालयको नियमित सरसफाइ गर्ने कार्यको सुरुवात गरिएको छ ।

हिमा गाउँपालिकाले सम्पूर्ण सामुदायिक विद्यालयमा पोषण कर्नरको स्थापना गरी हरेक बार खाना चार को जानकारी प्रदान गर्दै आएको छ । विद्यालयमा अध्ययनरत बालबालिकामा प्रारम्भिक अपाङ्गता पहिचानका कार्यक्रम सञ्चलान गरेको छ । सामुदायिक विद्यालयमा मनोसामाजिक परामर्स कार्यक्रम सञ्चालन भएको छ । माध्यमिक तहका विद्यालहरुमा प्राथमिक उपचार बाकस तथा अन्य तहका विद्यालयमा स्वास्थ्य संस्था सँग समन्वय गरी आवश्यक प्राथमिक उपचारका सामाग्री उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

गाइडलाइन अनुसारको सामाग्री उपलब्धतामा कमि, न्युन रकममा पोषण युक्त खाजाको व्यवस्थापन गर्नु, भौतिक संरचना तथा सामग्रीको अभाव, जनशक्तिको अभाव, विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजासुनिश्चित गर्नु, आदि चुनौती रहेका छन् भने स्थानीय उत्पादनमा आधारीत दिवा खाजा कार्यक्रम सहयोगि पुस्तिका प्रकाशनको क्रममा रहेको, विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन, स्थानीय शासन सञ्चालन एन २०७४ लागु हुनु, स्थानीय उत्पादको प्राथमिकरण, सहकारी संस्थाको उपलब्धता, पोषण कार्यक्रमको व्यापकता आदि प्रमुख अवसरहरु रहेका छन् ।

### ४.४.२ उद्देश्य

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने बालीबाट उत्पादित पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.३ रणनीति

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावक, सहयोगी संस्थाहरुको संलग्नतामा आधारभूत तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने
- दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न भौतिक, जनशक्ति तथा अन्य सुविधा विस्तार गर्नु

- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल,किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्नु
- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागिमहिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउनुका साथै Growth Monitoring कार्यक्रम सञ्चालन गर्ने।
- दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने
- दिवा खाजालगायत स्वास्थ्य,पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने

**४.४.४ नतिजा तथा परिमाणात्मकलक्ष्य**

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१ ) | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ५ सम्म | ५ सम्म | ५ सम्म | ५ सम्म | ५ सम्म | ५ सम्म |
| ४ | स्थानीय उत्पादनमा आधारीत दिवा खाजा कार्यक्रम सहयोगि पुस्तिका अनुसार खाजा व्यवस्थापन गर्ने विद्यालयको संख्या | १० | १५ | २० | २५ | २८ | २८ |
| ५ | वार्षिक रूपमा स्वास्थ्य शाखासंगको समन्वय सहकार्यमा | ७ | १७ | २२ | २८ | २८ | २८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | | | | | | |
| ६ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | १६ | २३ | २३ | २३ | २३ | २३ |
| ७ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | १ | ३ | ५ | ७ | ७ |
| ८ | भिटामिन, जुकाको औषधि , स्वस्थ्य जाँच गराउँने विद्यालय | ७ | १४ | २१ | २८ | २८ | २८ |
| ९ | प्राथमिक उपचार बाकस र औषधी उपलव्ध भएका विद्यालय | २८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | अपांगताको प्रारम्भिक पहिचान गरी अध्यापन गराउने विद्यालय | ५ | १० | २५ | २० | २५ | २८ |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | पटक | १ | ० | १ | ० | ० | ० | १ | |
| २ | विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | निरन्तर | ५ | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | निरन्तर | २० | १० | ११ | १२ | १३ | | १५ | ५ |
| ४ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | निरन्तर |
| ५ | दिवा खाजाको स्थानीय उत्पादनलाई प्रवर्द्धनका लागि चाहिने खाद्यसामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | समुह | ४५ | ५ | ८ | ५ | ५ | ५ | २८ | १७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम,सेनिटरि प्याड डिस्पोजल र प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हातधुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था | विद्यालय | २३ | ० | १० | ५ | ५ | ३ | २३ | निरन्तर |
| ८ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्थाको निरन्तरताका साथै स्यानिटरी प्याडको उपयुक्त व्यवस्थापनमा क्षमता विकास | विद्यालय | १५ | १ | ४ | २ | २ | १ | १० | १५ |
| ९ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड, Growth Monitoring आदि) प्रदान | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा स्वच्छता, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | पटक | १४ | १ | २ | ३ | ३ | ३ | १३ | २ |
| ११ | स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक/कार्यकर्ताको व्यवस्था | विद्यालय | २३ | ५ | १० | ५ | ३ | | २८ | निरन्तर |
| १२ | आधारभूत तह सञ्चालित विद्यालयमा विद्यालय पोषण तथा स्वास्थ्यकार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |
| १३ | विद्यालय र कक्षाकोठामा कुहिने र नकुहिने फोहोर व्यवस्थापन | विद्यालय | | ० | १० | ५ | ८ | २३ | २३ | निरन्तर |
| १४ | विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ र स्वच्छता, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छता सम्वन्धी शिक्षा कक्षा सञ्चालन स्वास्थ्य शाखाको समन्वयमा | विद्यालय | ८ | ० | ३ | २ | २ | १ | ८ | निरन्तर |
| १५ | विद्यालयमा दिवा खाजा स्वास्थ्य र पोषण, सरसफाइतथा स्वच्छता प्रवर्द्धनका लागि करेसावारी निर्माण | विद्यालय | २३ | ० | ५ | ५ | ५ | ५ | ३ | २३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | स्वस्थ, पोषणयुक्त र सफा दिवा खाजा बनाउनका लागि विद्यालयमा कुक तालिम सञ्चालन (बार्षिक) | पटक | १५ | ० | ३ | ४ | ४ | ४ | १५ | निरन्तर |
| १७ | विद्यालय नर्स कार्यक्रम सञ्चालन | बिद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

आपतकालिन तथा संकटपुर्ण अवस्थामा बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चितताको लागि आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको हुन्छ । यस अवधारणा अन्तरगतशिक्षा क्षेत्रमा देखा पर्ने सम्भावित जोखिमको पूर्वतयारी, आपतकाल पश्चात क्षतिको कम हुनेगरी तत्कालिन विद्यालय तहको शिक्षा सेवाको सुचारुपनाको व्यवस्थापन, आपतकालीन अवस्थामा आपूरण सम्बन्धि कार्य ढाँचालाई समेटेर यो उप-क्षेत्र अन्तरगत लक्ष्य, उद्देश्य, रणनीतिहरु तथा कार्यनीतिको तर्जुमा गरिएको छ । प्राकृतिक तथा मानवीय प्रकोप, कोभिड- १९ को कारण बालबालिकाको सिक्ने र शिक्षा प्राप्त गर्नेअधिकारमा अवरोध पुगेको अवस्थाबाट पाठ सिकी आपतकालिन अवस्थामा शिक्षाको कार्यढाँचा निर्माणको कार्य, यो योजनाको खण्डमा समावेश गरेरएको छ । द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाईलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा संकटपुर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ । यसको मूख्य उद्देश्य गाउँपालिकामा विपदका कारणले उत्पन्न संकटकालिन अवस्थामा बालबालिकालगायत शिक्षासंग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, समाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशिल हुनेगरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । आपतकालिन तथा सङ्कटपूर्ण परिस्थितिमा बालबालिकाहरूले प्राप्त गर्न पाउनु पर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चित गर्नको लागि माथि उल्लेखित विद्यमान नीतिगत व्यवस्था भएतापनि स्थानीय तहको शिक्षामा कार्यान्वयको प्रभावकारिता कम देखिन्छ ।

विद्यालको संरचना निर्माणमा एकद्वार नीति नहुनु, स्थानीय तहमा संरचना निर्माणका लागि आर्थिक अभाव हुनु, भौगोलिक हिसाबले महंगो पर्न जानु, पहाडि भागका बस्तिमा विद्यालय सञ्चालन गर्नु पर्ने र भिरालो भागमा विद्यालय स्थापना गर्दा प्राकृतिक प्रकोपको जोखिम रहनु, अपाङ्गता भएका बालबालिकालाई विद्यालयसम्म ल्याउन आवश्यक संरचना निर्माण गर्नु, सबै बालबालिकाहरुलाई सुरक्षित संरचनामा पठनपाठनको वातावरण सृर्जना गर्नु मुख्य चुनौति रहेका छन् ।

स्थानीय तहलाई विभिन्न क्षेत्रबाट विद्यालयका भौतिक संरचना निर्माणका लागि सहयोग प्रदान हुनु, स्थानीय तहले प्रकोप रहित संरचना निर्माणमा प्रत्यक्ष निगरानी गर्न पाउनु, आफ्नै कानून निर्माण गरी लागु गर्नु, विद्यालयका संरचना नियमित अध्ययन गरी वस्तुस्थितीको जानकारी प्राप्त गर्न सहज हुनु, विद्यालयको पुनःसंरचना तथा नक्साङ्कन गर्ने जिम्मा प्राप्त हुनु, स्थानीय शिक्षा समुह (Education Cluster ) गठन हुनु आदि प्रमुख अवसरहरु रहेका छन् ।

### ४.५.२ उद्देश्य

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
- सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीति

- विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने ।
- बिद्यालय, वडा तथा गाउँपालिकास्तरीय विपद ब्यबस्थापन संयन्त्रको स्थापना गरी कार्यन्वयनमा ल्याउने ।
- सम्भावित प्रकोप तथा विपदसम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने ।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने ।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
- विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गरी कार्यन्वयन गर्ने ।
- स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने ।
- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
- विपद व्यवस्थापनका लागि बिद्यालय र स्थानीय तहको क्षमता विकास गर्ने ।
- विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तहस्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमन तथा निरिक्षण गर्ने ।
- विपद तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा कामगर्ने सरकारी तथा गैरसरकारी निकायबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

- विपद व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।
- सम्भावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८२) | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिप सहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | १० | ५ | ५ | ३ | २३ |
| २ | हरितविद्यालय सङ्ख्या | १ | १० | ५ | ५ | २ | २३ |
| ३ | जलवायुपरिवर्तन तथादिगोविकासनिम्तिशिक्षाजस्ताकार्यक्रमकार्यान्वय नगर्ने विद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ८ | २३ |
| ४ | नमुना अभ्यास क्रियाकलाप सञ्चालन गर्ने | ० | २३ | | | | |
| ५ | विपद प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन भएको | ५ | १० | १० | ३ | ० | २३ |
| ६ | विपद समिति गठन र फोकल पर्सन तोकिएका विद्यालय | ० | २३ | | | | २३ |
| ७ | जोखिम क्षमता लेखाजोखाकालागि जोखिम नंसाङ्कन र मौसमि पात्रो निर्माण गरी सबैले देख्ने ठाउमा राख्ने । | ५ | १० | १० | ३ | ० | २३ |
| ८ | विपद प्रतिरोधी विद्यालय भवन प्रतिशत | २५% | १०% | १०% | १०% | १०% | ३५% |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाई | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विपद तथा प्रकोप व्यवस्थापन नीति तथारणनीति, मापदण्ड निर्माणतथापुनरावलोकन | पटक | १ | ० | ० | ० | १ | २ | ४ |
| २ | स्थानीय तह र विद्यालयकोविपद तथा प्रकोप व्यवस्थापन क्षमता विकास( बार्षिक) | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ३ | विपद पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथाउत्थानशीलताका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ० | १० | ५ | ५ | ५ | २३ | |
| ४ | शिक्षक तथा वि. व्य.स तथा शिक्षक अभिभावक संघको क्षमता विकास | विद्यालय | ० | १० | ५ | ५ | ३ | २३ | ३ |
| ५ | विपद प्रतिरोधी विद्यालय मर्मत, निर्माण | पटक | ० | १ | ० | १ | ० | २ | ५ |
| ६ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षकविद्यार्थी सम्मिलित कार्य समुह निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ७ | सबै विद्यालयलाइ आगो निभाउने सिलिन्डर प्रदान | विद्यालय | ० | ० | १० | ५ | ५ | २० | ८ |
| ८ | विद्यालयमा बर्षमा २ पटक विपदका नमुना अभ्यास सञ्चालन गर्ने | विद्यालय | ० | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | विद्यालयहरुको जोखिम नक्साङ्कन | विद्यालय | ० | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | विद्यालय शिक्षा आपतकालिन कोषको स्थापना | विद्यालय | ० | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | सबै विद्यालयमा प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | वैकल्पिक विधिको प्रयोग र शिक्षालाई निरन्तरता सम्बन्धिक्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १३ | ReAL Plan कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड सबै विद्यालयले अनिवार्य पालना गर्नपर्ने भएता पनि यसको पुर्ण पालना हुन सकेको छैन। विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नुपर्ने, कक्षाकोठासंगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजा घर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोशाक वा स्यानटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्थाको मापदण्ड भएतापनि हाल यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू मापदण्ड अनुरुप भएको अवस्था छैन। यो अवस्थामा मापदण्ड विहिन भौतिक पूर्वाधार विद्यार्थीको मनोविज्ञानमै असर परेको देखिन्छ। असुरक्षित भवन र कक्षाकोठा, शौचालय र खानेपानीको अभाव आदिले विद्यार्थीको आकर्षण घटाउने मात्र नभई विद्यार्थीहरु पढाइमा केन्द्रित नहुने अवस्था देखिन्छ। भौतिक पूर्वाधारको सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिएता पनि प्राविधिक एवमं वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन। पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पूर्वाधारका लागि उपयक्तु मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवम् विस्तारका लागि गुरूयोजना निर्माण, आवश्यक स्रोतको पहिचान, भौतिक पूर्वाधारहरू बालमैत्री तथा अपाङ्गमैत्री बनाउने चुनौतीहरू विद्यमान छन्। शैक्षिक गुणस्तरका लागि स्तरीय शिक्षक जस्तै भौतिक संरचना पनि आवश्यक पर्ने भएको हुँदा विद्यालय भौतिक पूर्वाधार विकासमा सम्बन्धित सरोकारवालाहरूको आकर्षण आजको आवश्यकता बनेको छ।

विद्यालय शिक्षा विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको कमी हुनु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु, आवश्यक स्रोत अभाव हुनु, अपुग रकमका लागि अभिभावकहरुबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु, पूर्वाधारहरूलाई बालमैत्री, अपङ्गतामैत्री, लैङ्गिकमैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु, निर्माण कार्यलाई विवाद र उजुरीरहित बनाउनु तथा स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु यस गाउँपालिकाको मुख्य चुनौती रहेको छ।

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र जन प्रतिनिधिहरुले विद्यालयको पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु, तीनै तहका सरकारले पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु, पूर्वाधार निर्माणको सवालमा समुदायको योगदान अक्षुण जस्तै हुनु, अधिकांस विद्यालयहरुका पूर्वाधार विगतको तुलनामा सुधार हुँदै गएको देखिनु, निर्माण हुने पूर्वाधारहरुलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु, गैरसरकारी नियकाहरुले पूर्वाधार निर्माण सहयोग गर्नु जस्ता विषयवस्तुहरुलाई अवसरका रुपमा लिन सकिन्छ।

### ४.६.२ उद्देश्य

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु
- जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु

**४.६.३ रणनीति**

- भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
- विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण, मर्मत सम्भार एवम् रंगरोगन गर्ने
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
- भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाउने
- विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने
- प्रत्येक बिद्यालयलाई हरित बिद्यालयका रुपमा स्थापित गर्ने ।

**४.६.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने
- विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय % | ३ | ५ | ५ | ५ | ५ | २३ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ३ | सबलीकरण तथा मर्मत गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | १५ | ३ | ३ | ३ | ३ | १५ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ५ | १ | १ | १ | १ | ५ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ३ | ५ | ५ | ५ | ५ | २३ |
| ६ | गैर संरचनागत क्रियाकलापहरुलाई न्यूनीकरण गर्ने | २५ | ५ | ५ | ५ | ५ | २५ |
| ७ | हरित बिद्यालय स्थापना | ३ | ५ | ५ | ५ | ५ | २३ |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | विद्यालयको सबलीकरण | सङ्ख्या | १६ | १ | २ | ३ | ४ | ६ | १६ | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय | २३ | ५ | ५ | ५ | ५ | ३ | २३ | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालयसंगै सेनिटरी प्याड डिस्पोजल गर्ने व्यवस्था तथा पानी र सरसफाइको प्रबन्ध | विद्यालय | २३ | ५ | ५ | ५ | ५ | ५ | २३ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय निर्माण तथा सवलीकरण | विद्यालय | २३ | ५ | ५ | ५ | ५ | ३ | २३ | |
| ६ | अपाङ्‌ता मैत्री संरचना निर्माण | विद्यालय | २३ | ५ | ५ | ५ | ५ | ३ | २३ | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालय घेराबार | संख्या | २३ | ५ | ५ | ५ | ५ | ३ | २३ | निरन्तर |
| ९ | विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री पिङ र चिप्लेटी निर्माण | संख्या | २३ | ० | १० | ५ | ५ | ३ | २३ | |
| १० | विद्यालयको मागका आधारमा फर्निचर निर्माण | विद्यालय | २३ | ५ | ५ | ५ | ५ | ३ | २३ | |
| ११ | विद्यालय खाजा घर निर्माण | विद्यालय | २३ | ९ | १० | ५ | ४ | ० | २३ | निरन्तर |
| १२ | प्रत्येक वडामा १ पूर्ण पविद्यालय अनुरु भौतिक पूर्वधार निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

### ४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्देश्य रहेको छ। विश्व प्रतिस्पर्धी, श्रम वजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटीसहित सूचना प्रविधका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामाग्री आदानप्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ। त्यसैगरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामाग्री तयार गर्ने, शैक्षिक

सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए।

### ४.७.२ वर्तमान अवस्था

हिमा गाउँपालिकामा एक वटा विद्यालयहरूमा प्रोजेक्टर टिभिको माध्यमले शिक्षण सिकाइ गर्न थालिएको छ। ५ वटा विद्यालयहरूमा इन्टरनेट जडानको कार्य अगाडि बढिरहेको छ । सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधाका लागि अनुदानको व्यवस्था गरिएको छ। सबै आधारभूत तहका विद्यालयहरूमा गत आ.व देखि नै कम्प्युटर र प्रिन्टर जडान गरिएको छ। सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर सहायकको व्यवस्था गरिएको छ। समग्रमा यस गाउँपालिकामा सूचना तथा सञ्चार प्रविधीको अपेक्षाकृत रुपमा प्रयोग र व्यवस्थापन हुन सकिरहेको छैन। माध्यमिक विद्यालयहरुमा निर्माण गरिएका कम्प्युटर प्रयोगशालाहरुको उचित व्यवस्थापन हुन नसक्दा बालबालिकाहरुले सूचना तथा सञ्चार प्रविधीको उच्चतम प्रयोग गरी ज्ञान आर्जन गर्न सकिरहेका छैनन्।

### ४.७.३ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्‍याउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने।

### ४.७.४ रणनीतिहरू

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,
- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने।

### ४.७.५ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य

**उपलब्धिः**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रबर्द्धन हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको पहुँच पुग्ने,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउने।

४.७.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष | | | | | | भौतिक लक्ष्य (१०) बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | २३ | ५ | १० | ५ | ३ | ० | २३ | निरन्तर |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | विद्यालय | २३ | ० | १० | १० | ३ | ० | २३ | निरन्तर |
| ३ | शिक्षकहरूको क्षमता विकास | प्रतिशत | १०० | १० | २० | ३० | ३० | १० | १०० | निरन्तर |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | २३ | ० | १० | १० | ३ | ० | २३ | निरन्तर |
| ५ | IEMISव्यवस्थापन | विद्यालय | २३ | ३ | १० | १० | ० | ० | २८ | निरन्तर |
| ६ | सामूदायिक सिकाइ केन्द्रका सहजकार्ताहरूको क्षमता विकास | सहजकर्ता | ३ | ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३ | निरन्तर |
| ७ | विद्यालमा इ- हाजिरी ब्वस्थापन | ३ केन्द्र | २३ | ० | १० | १० | ३ | ० | २३ | निरन्तर |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालनगर्नका लागि शिक्षकको क्षमता विकास | शिक्षक | १०० | २० | २० | २० | २० | २० | १०० | |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | विद्यालय | २३ | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतका प्रविधि प्रयोगका लागि तालिमको व्यवस्था | जना | १०० | २० | २० | २० | २० | २० | १०० | निरन्तर |
| ११ | प्रारम्भिक कक्षाका बालबालिकाहरुको लागि रेडियो शिक्षा कार्यक्रम | साप्ताहिक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

# परिच्छेद -५ सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

शिक्षा क्षेत्रको परिमाणमुखि विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि यस गाँउपालिकाको लागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो । शिक्षासम्बन्धि राष्ट्रिय नीति, मापदण्ड, योजना र कार्यक्रमको प्रभावकारी कायार्न्वयन गरी अपेक्षित नतिजा हासिल गर्नाका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेकोछ । यो शिक्षा क्षेत्र योजनाको पूर्ण रुपमा कार्यान्वयनको लागि स्थानीय सरकारले सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरु सम्पादन गर्न विद्यामान जनशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनिधिहरुको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरेर योजनाबद्धरुपमा अगाडी बढ्नु अति आवश्क हुन्छ । स्थानीय तहले आफ्ना अधिकारभित्र रहेर आवश्यकताअनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित योजनाबद्ध हनुपर्दछ । सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनकुल हुनेगरी आवश्यक संख्यामा मानव संसाधनको व्यवस्था र तिनीहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्नेगरी ज्ञान, सीप र क्षमताको विकास गर्नुजरुरी छ । यसका अतिरिक्त गाउँपालिकाले जनसमक्ष न्यनुतम र निरन्तर पुर्याउनुपर्ने सेवाहरु मध्य शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन । यी सबै प्रकारका सेवाहरु उचित व्यबस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ । तर्सथ, यो शिक्षा क्षेत्रको योजना तर्जुमाको सन्दर्भमा संस्थागत क्षमता विकास र सुशानलाई प्रमुख साधन तथा माध्यमको रुपमा लिई योजना तर्जुमा गरिएको छ । यो हिमा गाँउपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा तथा क्षमता विकास, श्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण र शिक्षित वर्ग तथा समुदायको मूलप्रवाहीकरण सम्बन्धि विषयहरु समावेश गरिएका छन । सोह्रौ योजनामा सबै जाति, धर्म, भाषा, सिंस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिष्णुताको भावना जागृत गराई राष्ट्रिय एकता कायम गर्न विद्यालय शिक्षादेखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जन गरी कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ । साथै सार्वजनिक सेवा र सेवा प्रवाहसँगसम्बन्धित कर्मचारी प्रशासनलाई जनमूखी र परिणाममूखी बनाउन सार्वजनिक सेवा सम्पादन सम्बन्धि विशेष सार्वजनिक सेवा कार्य सम्पादन ऐन र्निमाण गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई र्छटो, छरितो, चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन अनुहाररहित र कागजरहित बनाइ विद्युतीय सुशासन प्रवर्धन गर्ने; एउटै विवरण एक पटक मात्र सङ्कलन गर्ने आवश्यक कानूनी व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहलाई लक्षित वर्गको सेवाग्राहीको माग र आवश्यक्तालाई सम्बोधन हुनेगरी सेवा तथा सहायता प्रदान गर्न प्रशासनिक व्यवस्थामा सुधार गर्ने; सार्वजनिक निकायहरूमा हुने सबै प्रकारका भुक्तानीहरूलाई विद्युतीय स्वरूपमा रुपान्तरण गर्ने; गुनासोको सनुवाई तथा तत्काल सम्बोधन हुने प्रणालीको विकास गर्ने; सार्वजनिक सेवामा आबद्ध पदाधिकारी तथा कर्मचारीसँग गरिएको कार्य सम्पादन

करारलाई नतिजामूलक बनाउने व्यवस्थापन परीक्षण र कार्य परीक्षण लागु गरी कार्य सम्पादन प्रणालीमा सुधार गर्ने उल्लेख गरिएको छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा सस्थागत क्षमता विकास

### ५.१.१ परिचय

योजनाले तोकेका लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिका लागि त्यसमा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयन, सञ्चालन, व्यवस्थापन, अनुगमन, निरीक्षण, पृष्ठपोषण तथा मूल्याङ्कन जस्ता कार्यका लागि संस्थागत संरचना र त्यसमा कार्यरत मानवीय स्रोतको आवश्यकता पर्दछ। संस्थागत संरचनाले कार्यक्रमलाई व्यवस्थित र सरल बनाउने मात्र नभइ त्यसको प्रभावकारितामा पनि महत्वपूर्ण भूमिका निर्बाह गरेको हुन्छ। योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि कसले, के, कसरी, कहिले र कहाँ जस्ता प्रश्नहरुको उत्तर संस्थामा काम गर्ने व्यक्तित्वसँग जोडिएको हुन्छ। नेपालको संविधान, २०७२ को कार्यान्वयन संगै देशमा शिक्षा प्रशासन सम्बन्धि कार्य गर्ने निकायहरुको संस्थागत संरचना र संगठनात्मक स्वरुपमा फेरबदल भएको छ। नेपालको संविधान,२०७२ ले सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार भित्र आधारभूत तथा माध्यमिक शिक्षा र साझा अधिकार भित्र शिक्षा रहने व्यवस्था गरेपश्चात शिक्षा क्षेत्रको विद्यमान संरचनालाई हेर्दा केन्द्र स्तरमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका ७ निकायहरु, प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय,शिक्षा विकास निर्देशनालय र मावन संसाधन विकास केन्द्र, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहमा शिक्षा,युवा तथा खेलकुद महाशाखा/शाखाले शिक्षा सम्बन्धि कार्य गर्दै आइरहेका छन्। केन्द्रदेखि स्थानीय तह सम्मका सबै संस्थागत कार्यालयहरुमा तहगत र श्रेणीगत रुपमा विभिन्न कर्मचारीको संगठनात्मक दरबन्दीको व्यवस्था गरी प्रशासन सञ्चानल गर्ने , कार्यालय व्यवस्थापन गर्ने, कार्यालयको सेवा प्रवाह गर्ने र त्यसलाई निरन्तरता दिने र विद्यमान तमाम समस्याहरुको समाधान गर्ने कार्य भइरहेको छ। संविधान कार्यान्वयसंगै संस्थागत तथा संगठनात्मक संरचनामा फेरबदल भएता पनि हालसम्म कानूनहरु नबनिसकेकाले कसले,केकाम कसरी गर्ने? कसको जिम्मेवारी र अधिकार कति हुने भन्ने विषयले अन्यौलता पैदा गरेको छ।

शैक्षिक सुशासन प्रर्वद्धनका लागि तीनै तहका सरकार र राजनैतिक दलहरुले विद्यालय शिक्षा निःशुल्क हुने प्रावधान लागू गर्नुपर्ने देखि लिएर सार्वजनिक विद्यालयको भौतिक संरचना, पाठ्यक्रममा सुधार, स्थानीय पाठ्यक्रमको प्रभावकारी प्रयोग, शिक्षणको माध्यम भाषा, पाठ्यपुस्तकमा सुधार,सूचना प्रविधिको प्रयोग, आफ्ना विषयमा अब्बल ठहरिएका व्यक्तिलाई शिक्षकमा नियुक्ति, शिक्षण संस्थामा राजनीतिको प्रवेश निषेध गर्ने कुरामा प्रतिबद्धता समेत जनाउनु पर्नेमा जोड दिइएको छ। यसरी प्रतिवद्धता गएिका विषयवस्तुको उचित कार्यान्वयन गरी अनुगमन तथा सुपरीवेक्षणका आधारमा आवश्यक पृष्ठपोषण दिने कामलाई व्यवस्थित र प्रभावकारी बनाइनुपर्दछ भन्ने विषयलाई लेखमा जोड दिइएको छ। विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन र विद्यालयको समग्र व्यवस्थापन तथा सुशासन प्रवर्द्धनमा नेतृत्वदायी भूमिका बारेमा विस्तृतरुपमा व्याख्या गरिएको छ। विद्यालयमा प्र.अ, शिक्षक, अभिभावक र विद्यार्थी स्वयम्को पनि तत् स्थानमा विद्यालय सुशासनका लागि महत्वपूर्ण भूमिका हुने बारेमा व्याख्या गरिएको छ। विद्यालय सुशासनको विषय कुनै एक सरोकारवालाको मात्रै एकल जिम्मेवारी नभई विद्यालयका प्रत्यक्ष र अप्रत्यक्ष सरोकारवालाहरुको जिम्मेवारिता बोध तथा विद्यालय प्रतिको अपनत्वले मात्रै सम्भव हुने वास्तविकता समेटिएको छ। यसैगरी संघीय संरचनामा नागरिकको नजिक रहेको स्थानीय सरकारले सम्बन्धित गाउँपालिका र नगरपालिका अन्तर्गत संचालित आधारभूत तथा माध्यमिक तहको

शिक्षाको समग्र व्यवस्थापन हेर्ने संबैधानिक र कानूनी प्रावधानको कार्यान्वयनमार्फत शैक्षिक गुणस्तरका साथै समग्र शैक्षिक व्यवस्थापनमा गुणात्मक सुधार ल्याउन खेल्नुपर्ने भूमिकाहरुका बारेमा पनि यस पुस्तकमा छलफल गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी प्रावधान समावेश गरिएता पनि त्यसको कार्यान्वयन पूर्णरुपले हुन नसकेको उजागर गर्दै स्थानीय सरकारले आफूलाई प्राप्त संबैधानिक तथा कानूनी अधिकारको प्रयोग गर्न नीतिगत, कानूनी, संस्थागत र व्यवहारगत सुदृढीकरण जरुरी रहेको कुरामा पनि पुस्तकमा जोड दिइएको छ । हालसम्म भएका असल अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र मागको आधारमा आधारभूत र माध्यमिक तहको शिक्षामा नयाँ व्यवस्थापकीय शैली अवलम्बन गर्नुपर्छ साथै नागरिक समाजको सहकार्यमा स्थानीय सरकार उत्तरदायी, जिम्मेवार र पारदर्शी ढंगले काम गर्न सकेमा स्थानीय तहमा विद्यालय सुशासन कायम भई शैक्षिकलगायत आर्थिक, सामाजिक, साँस्कृतिक र राजनैतिक क्षेत्रको समग्र रुपान्तरण संभव हुने विषयलाई महत्वका साथ उल्लेख गरिएको छ

### ५.१.२ वर्तमान अवस्था

विद्यालयमा प्राप्त स्रोत र साधनको अधिकतम सदुपयोग गरी सबैले चित्तबुझ्दो र समयानुकुल गुणस्तरीय शिक्षा प्रयोग गर्न पाउनु आजको आवश्यकता रहेको छ । यसका लागि विद्यालयले कुशल व्यवस्थापन साथै असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सरोकारवालाहरुले पाउनुपर्ने आधारभूत सेवा पारदर्शिता तथा छिटो छरितो र कम खर्चिलो ढंगले पाउने अवस्था सिर्जना गर्नु नै विद्यालय सुशासन हो । बालबालिकाहरुले सहज वातावरणमा पढ्ने, पठनपाठन गर्ने गराउने व्यक्ति तथा निकायहरुले सहज ढंगमा सेवा उपलब्ध गराउने र गराउन पाउने वातावरण सिर्जना गर्ने, सबै कुराहरु व्यवस्थापकीय ढंगबाट प्रभावकारी भएको अवस्था नै सुशासन हो । सुशासनका प्रमुख खम्बाहरु जनसहभागिता, कानुनको शासन, सहमतीउन्मुख, समता र समावेशी, पारदर्शिता, जिम्मेवारिता , दक्षता, प्रभावकारिता र जवाफदेहिता हुन् । वर्तमान अवस्थामा सुशासनका सन्दर्भमा शिक्षा सरोकारवालाहरु आमरुपले सन्तुष्ट भएको अवस्था छैन । सुशासन कत्ति पनि छैन भन्दा पनि हुनुपर्ने जति नभएको अवस्था हो । विद्यालय सुशासनको पाटो कमजोर छ । जसले हाम्रो शैक्षिक कार्यक्रम जुन ढंगले अघि बढ्नुपर्ने हो त्यसो हुन सकेको छैन । सबैले जिम्मेवारी वहन गर्ने र त्यसप्रति अपनत्व स्वीकार गर्ने पाटो कमजोर देखिन्छ । कतिपय अवस्थामा नीतिगत सवालहरुले अल्मलिएको देखिन्छ । नयाँ काम गरेर नयाँ गति दिने अभ्यास नगरेको पनि होइन, नीति तथा कार्यक्रमहरु पनि राम्रा छन् तर कार्यान्वयनको पाटो कमजोर र फितलो रहेको देखिन्छ । शिक्षा सम्बद्ध कर्मचारी जिम्मेवार ढंगले अगाडि बढ्न नसकेको एकातिर देखिन्छ भने अर्कातिर विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरु पनि जिम्मेवारी नभएको अवस्था रहेको यसैगरी गाउँपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा गाउँसभाले शिक्षा सम्बन्धि नीति,योजना तथा कार्यक्रम पास गर्ने कार्य, गाउँ कार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्य, गाउँ शिक्षा समिति बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस,प्राप्त बजेटको बाँडफाँड,शिक्षा सम्बन्धि महत्वपूर्ण निर्णयहरु गर्ने, विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य, वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्ने कार्य, शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धि कार्य गर्दै आएका छन् । साथै सबै विद्यालयहरुमा विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ । तर विद्यालय व्यवस्थापन समिति, शिक्षक

अभिभावक संघ र प्रधानाध्यापकहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न नसक्दा शैक्षिक क्षेत्रका समस्याहरु बढदै गएको देखिन्छ।

उल्लेखित परिवेशमा यस योजना मार्फत हाल विद्यालयहरुमा विद्यमान सुशासनका अवस्था, गुणस्तरीय शिक्षा प्रत्याभुतिका लागि सुशासनको महत्व, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलम्बन गरिएका सुशासनका अभ्यास साथै शैक्षिक सुशासन प्रवद्र्धनका लागि सरोकारवालाहरुको भूमिकाबारे ब्याख्या गरिएको छ। विषेशगरी गुणस्तरीय शिक्षा भनेको व्यक्ति मात्र स्वावलम्वी वा सवल बन्ने होईन समाजको चौतर्फी विकास गर्न सक्ने व्यक्तिको सक्षमतासँग जोड्नु आवश्यक रहेको विषय उजागर गर्न खोजिएको छ। शिक्षाका प्रक्रिया, नीति निर्माण र अभ्यासहरु अर्थपूर्ण ढंगले सहभागितामूलक हुनुपर्ने, रैथाने वा स्थानीय परम्परागत संस्थाहरुद्वारा हुने प्रतिनिधिमूलक सहभागिता बढि वैधानिक र प्रभावकारी हुने विश्लेषण गर्दै रैथाने वा स्थानीय साँस्कृतिक अभ्यासहरुलाई सुशासनको रणनीतिहरु बनाउन सकेमा विद्यालयले समुदायसँग गाढा सम्बन्ध निर्माण गर्न, विद्यालय सुशासनको पश्चिमा विचार र अभ्यासहरु द्वारा निर्देशित नीति र अभ्यासहरुलाई परिवेश सान्दर्भिक बनाउन आवश्यक रहेको व्याख्या गरिएको छ। विषेशगरी यस गाउँपालिकाको हकमा कतिपय विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन नहुनाले वा भए पनि निधारण गरिएको मापदण्डको कम पालना गरएको देखिन्छ साथै सामाजिक लेखापरीक्षण, अभिभावक भेलाजस्ता कानुनी प्रावधान हुँदाहुँदै पनि अधिकांश सरकारी विद्यालयहरुले त्यसको मूलमर्म अनुसार कार्यान्वयन नगरेको अवस्थामा रहेको छ। यसै विषयवस्तुलाई केन्द्रबिन्दुमा राखेर यसको पुष्टिका लागि विभिन्न तथ्यांकहरु लगायत अन्य चुनौती जस्तैः दिर्घकालीन सोचको अभाव, अस्पष्ट नीति र कार्यान्वयनमा समस्या, फितलो अनुगमन प्रणाली, राजनीतिक हस्तक्षेप, शिक्षामा दोहोरो नीति, शैक्षिक व्यवस्थापनमा अन्यौलता आदिलाई विषेश जोड दिइएको छ। साथै समस्या समाधानका केही विकल्पहरुका बारेमा समेत चर्चा गरी सरोकारवालाहरुलाई सुसुचित गर्ने प्रयास गरिएको छ

### ५.१.३ चुनौती र अवसरहरु

नेपाल संघीय संरचनामा गएको ५ वर्ष वितिसक्दा पनि हालसम्म शिक्षा क्षेत्रमा अन्यौलता छरपष्ट हुनुले शैक्षिक सुधारमा विभिन्न चुनौतीहरु रहेको प्रष्टै देखिन्छ। दिने र लिनेका बीचको खाडलदेखिने, शैक्षिक अनियमितता वा पारदर्शिताको कमी (पुस्तक छपाई, वितरण, शुल्क, पीसीएफ, समाजिक ले खापरीक्षण, पुरस्कार र दण्डको व्यवस्था), गैरजिम्मेवार शिक्षक (छल्ने प्रवृत्ति, बृत्ति विकासको अभाव, सेवा सुविधाको न्यूनता, राजनैतिक आवद्धता, तालिमको कमी), अस्थायी, करार र आंशिकलगायतका धेरैथरी शिक्षक-कर्मचारी, जीवनोपयोगी, उत्पादनसँग जोड्ने तथा प्राविधिक शिक्षाको अभाव, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा राजनीतिकरण/दलीयकरण, पर्याप्त भौतिक सेवा सुविधाको कमी (कम्प्युटर ल्याव, विज्ञान ल्याव, पुस्तकालय, खेल मैदान आदि), जसमा शिक्षासम्बन्धी स्पष्ट कानूनको व्यवस्था गर्नु,शिक्षा शाखामा आवश्यकता अनुसार दरबन्दीको व्यवस्थापन गर्नु, नागरिक बडापत्र राख्नेतथागुनासो सुनुवाइ संयन्त्रको विकास गर्नु, शिक्षा शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुन नसक्नु तथा संविधानले व्यवस्था गरेबमोजिम तीनवटै सरकारका बिच सहसम्बन्ध,समन्वय र सहकार्य कायम गर्न नसक्नु जस्ता चुनौतीहरु शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरु हुन। यसैगरी यि चुनौतीहरुसँगै केहि अवसरहरु पनि यस क्षेत्रमा देखापरेका छन्। जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आउनु,विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्नु, स्थानीय तहको आफ्नै शिक्षा ऐन तथा नियमावली निर्माण हुनु, गाउँपालिकामा शिक्षाका कार्यक्रम हेर्ने गरी छुट्टै शाखाको व्यवसथापन हुनु , गाउँपालिका देखि विद्यालय

तहसम्म विभिन्न समितिहरुको व्यवस्था हुनु, शिक्षा शाखामा स्थायी दरबन्दिको व्यवस्थापन हुनुआदिलाई शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका अवसहरु मान्न सकिन्छ।

**५.१.४ उद्देश्य**

-स्थानीय तहको अधिकार क्षेत्र अनुसार शिक्षा क्षेत्रको संस्थागत संरचना बनाउनु,
-संघ,प्रदेश र स्थानीय सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ र बलियो बनाउनु,
-शैक्षिक प्रशासन सम्बन्धि गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्नु,
-कार्यसम्पादन स्तरमा सुधार गर्दै उपलब्ध जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
-आवश्यकता र परिवेश अनुकुल कार्यरत जनशक्ति र संस्थाको क्षमता अभिबृद्धि गर्नु ।

**५.१.५ रणनीतिहरू**

- शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कानून निमार्ण गर्ने।
- विद्यमान संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने।
- शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिहरुको क्षमता विकास गर्ने।
- पालिकास्तरमा गठित शिक्षक पेसागत सहयोग प्रणालीलाई थप प्रभावकारी बनाउने।
- वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकसँग करार सम्झौता गरी कार्यसम्पादनमा जिम्मेवार बनाउने।
- विद्यालय शिक्षासँग सम्बन्धित वि.व्य.सं., शि.अ.संतथा प्रधानाध्यापकहरुको क्षमता विकास गर्ने।
- संघ,प्रदेश र स्थानीय सरकारका बिच सहसम्बन्ध , सहकार्यर समन्वयको सिद्धान्त अनुसार कार्य गर्ने परिपाटी सुरु गर्ने।

**५.१.६ उपलब्धि तथा प्रमुख नतिजा**

**उपलब्धि**

शिक्षाका सबै क्षेत्रमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीको विकास भएको हुने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| प्रमुख नतिजा | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
|---|---|---|---|---|---|---|
| विद्यालयमा विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, गाउँ शिक्षा समिति र आमा समूह गठन भएका विद्यालय | १० | २८ | २८ | २८ | २८ | २८ |
| सामाजिक परीक्षण गराउने विद्यालय संख्या | २० | २८ | २८ | २८ | २८ | २८ |
| विद्यार्थी भर्ना अभियान, विद्यालयको बालमैत्री वातावरण, (बालमैत्री प्रारुप बमोजिमका सूचकमा | ४ | १० | १५ | २० | २८ | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आधारित), सहित सञ्चालन भएका विद्यालय। | | | | | | |
| वार्षिक सिकाइ उपलब्धिस्तर, विद्यार्थी तथा शिक्षक अभिलेख, नियमितता, शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइमा यसको प्रयोग गर्ने तथा अभिलेख राख्ने विद्यालय, | ९ | १४ | १९ | २४ | २८ | २८ |
| सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी विद्यालय संख्या | ० | १० | १५ | २० | २८ | २८ |
| भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थापन, भवन, उपयुक्त कक्षाकोठा, खेलमैदान, पानी सहितको शौचालय, पुस्तकालय आदि), विद्यालयको आम्दानी र खर्च विष्लेषण, गरेका विद्यालय | ० | १० | १५ | २० | २८ | २८ |
| शिक्षक विद्यार्थी, शिक्षक–शिक्षक, विद्यालय समुदाय विच सम्बन्ध सामुदायिक संघसंस्थाहरू सँगको सम्बन्ध र समन्वय, अनुगमन (विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था, प्राप्त सुझाव कार्यान्वयन आदि) गरेका तथा अभिभावक, सरोकारवाला, विद्यार्थीहरुलाई जानकारी दिने विद्यालय | ० | १० | १५ | २० | २८ | २८ |
| विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वय गर्ने विद्यालय | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

g

| प्रमुख क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| शिक्षा सम्बन्धी नीति कानून, मापदण्ड, योजनातर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमनमा स्थानीय सरकारको क्षमता विकास गर्ने | सङ्ख्या | ३ | १ | १ | | | १ | ३ | निरन्तर |
| योजना कार्यान्वयन तथा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | निरन्तर |
| अपाङ्ग बालबाललिकाहरुको लागि उनीहरुको क्षमता अनुसारको सिकाइ वातावरण सहितको विशेष शिक्षाको प्रबन्ध गर्ने | विद्यलय | २३ | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २३ | निरन्तर |
| संस्थागत संरचना अनुसार कार्यरत मानवीय संसाधनहरुको दक्षता वृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| गाउँपालिकाभित्रका कुनै पनि बालबालिका विद्यालयभन्दा बाहिर नरहुन् भनेर विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाउने र विद्यालयमा आइसकेका बालबालिकालाई उपयुक्त शिक्षण सिकाइ वातावरण प्रदान गरी टिकाउने तथा व्यवहारिक एवम् जीवनोपयोगी शिक्षा प्रदान गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिहरुसंग कार्यसम्पादन करार गरी सबैलाई सिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार बनाउने | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | २० | निरन्तर |
| पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली स्थापना गरी तिनीहरुको प्रभावकारी सञ्चालन तथा परिचालन (TLG, Expert Group) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरुको समन्वय मार्फत औपचारिक र अनौपचारिक शिक्षालाई सँगसँगै अगाडि बढाउन आवश्यक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गरी प्रभावकारी रुपमा परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कम्जोर आर्थिक अवस्था भएका विद्यार्थीको अभिभावकहरुलाई रोजगार तथा स्वरोजगार अवसर सृजना हुने किसिमका कार्यक्रम सृजना गरी बालबालिकालाई अनिवार्य विद्यालय पठाउने वातावरणको निरमार्ण गर्ने । | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |
| सम्पूर्ण विद्यालयहरुले वार्षिक रुपमा सबै अभिभावक तथा सरोकारवालाहरुको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरु सार्वजनिक गर्ने प्रद्धतिको विकास गर्ने | विद्यालय | २३ | | | | | | | निरन्तर |
| उत्कृष्ट कार्यसम्पादन गर्ने शैक्षिक जनशक्तिका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने (सम्मान,प्रसंशा, पुरस्कार,बढुवा, ग्रेडवृद्धि तथा दण्ड आदि) | विद्यालय | २३ | ० | ५ | ५ | ५ | ५ | २० | ८ |
| वार्षिक रुपमा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने र जनशक्तिको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने | पटक | ९ | १ | २ | २ | २ | २ | ९ | निरन्तर |
| बार्षिक रुपमा शिक्षामा न्यूनतम बजेट २० प्रतिशत छुट्याइ सोहिअनुसार योजना गरी कार्यन्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षा ऐनमा व्यवस्था भएअनुसार स्थानीय सान्दर्भिकता एवम् आवश्यकतामा आधारित भै स्थानीय पाठ्यक्रम तयार गर्ने र त्यसलाई लागू गराउने कुरामा पनि स्थानीय सरकारले अग्रसरता लिने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

विद्या विहीनो पशु ; विद्या विनाको मानिस पशुसमान हुन्छ भनेर हाम्रा धर्मशाश्त्रहरुमा पनि उल्लेख भएको पाइन्छ। शिक्षाको महत्वलाई वर्णन गर्न निकै कठिन छ। जतिसुकै व्याख्या गरे पनि कमी नै हुन्छ। तसर्थ मानिसको जीवनमा जसरी भौतिक शरिरको सुरक्षा र विकासको लागि वा बाँच्नको लागि हावा, पानी, अन्न, कपडा, आवास आवश्यक पर्छ त्यसै गरी व्यक्तित्व विकास र मानसिक स्वास्थ्यको लागि शिक्षा अपरिहार्य हुन्छ। मानिस र पशु छुट्याउने आधार नै शिक्षा हो। शिक्षाले नैतिकता, सदाचारिता, दया, करुणा सिर्जना गर्दछ। यसले मानिसको कल्याण, सुख र सम्बृद्धिका लागि आधार प्रदान गर्दछ। समानता, न्याय र नैतिकतामा आधारित कल्याणकारी राज्य एवम् समतामूलक समाजको सिर्जना गर्न शिक्षाबिना संभव छैन। नागरिकको नजिकमा, नागरिकको वरिपरि, नागरिकले सुन्न, देख्न र महशुस गर्न पाउने सरकार नै स्थानीय सरकार हो। जहाँ जनता छन्, त्यहीँ उनीहरुका समस्या सुन्न र जस्ताको तस्तै बुझ्न सकिन्छ। समस्याको सही समाधान पनि यहीँबाट गर्न सकिन्छ भन्ने मान्यताबाट स्थानीय सरकार निर्माण भएको हुन्छ। अर्थात जुन तहको सरकारले जुन काम सबभन्दा कुशल ढंगले निर्वाह गर्न सक्छ त्यो काम त्यही तहको सरकारलाई दिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतामा स्थानीय सरकारलाई अधिकारहरु सुम्पिएका छन्। निर्वाचित जनप्रतिनिधिहरु मार्फत सरकारको सबैभन्दा तल्लो, सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले यसको विशेष महत्व र खास भूमिका रहेको छ। स्थानीय सरकार अथवा गाउँपालिका र नगरपालिकाहरुले शिक्षा क्षेत्रमा अवलम्बन गर्ने व्यवस्थापकीय शैली जसले शिक्षा क्षेत्रमा गुणात्मक सुधार सम्भव बनाउँछ। सुशासन नागरिकको भलो हुने गरी सरकार र यसका अङ्गहरुले गर्ने व्यवहार हो। सुशासनमा मात्र नागरिक हितका लागि नागरिकप्रति सरकार समर्पित हुन्छ। उत्तरदायी, जिम्मेवार र पारदर्शी ढंगले काम गर्छ। नागरिक हित हुने कुरामा उनीहरुको अभिमत लिई कानून बमोजिम शासन व्यवस्था सञ्चालन भएको हुन्छ। पछाडि परेको वर्ग, क्षेत्र र लिङ्गको समन्यायिक विकासमा ध्यान दिन्छ भने शैक्षिक सुशासनले शिक्षा क्षेत्रको समग्र व्यवस्थापनमा सुशासनका अवयवहरुको अवलम्बन नै शैक्षिक सुशासन हो। यसमा शिक्षाको गुणस्तर सिर्जना गर्न शिक्षा प्रशासक, अविभावक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाबीच सिर्जनात्मक सहकार्य गरिन्छ।

यसै सन्दर्भमा नेपालको संघीय संरचनाले पनि स्थानीय सरकारलाई शासनको एक अभिन्न र अपरिहार्य तहको रुपमा स्थापित गरेको छ। संबैधानिक र कानूनी रुपमा बहुआयामिक अधिकार र भूमिका किटान भएको छ। नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताको रुपमा वर्गीकरण गरी सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको उल्लेख गरिएको छ। नेपालको संविधानको अनुसूचि ८ अन्तर्गत स्थानीय तहको अधिकारको सूचिमा आधारभूत र माध्यमिक शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई सुम्पिएको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ। यी अधिकार र कर्तव्यको कार्यान्वयन गर्दै शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको माध्यमको रुपमा विकास गर्नु परेको छ। सबै तहमा सबै वर्ग क्षेत्रको समतामूलक पहुँचको सुनिश्चिता अपरिहार्य भएको छ। शैक्षिक गुणस्तरमा सुधार गरी रोजगारमूलक र आयमूलक जीवन उपयोगी बनाउनु परेको छ। शैक्षिक क्षेत्रमा व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्दै

आर्थिक सामाजिक विकासका राष्ट्रिय लक्ष्यहरुका साथै दिगो विकासको विश्वव्यापी लक्ष्य हासिल गर्ने दिशातर्फ स्थानीय सरकार उन्मूख भएको छ जसलाई यस दश वर्षे शिक्षा योजनाले मार्ग प्रस्शत गर्ने भएकाले यस योजना कार्यान्वयको प्रवन्ध स्थानीय नियकालाई दिएको छ र सोही मुल्यमान्यतामा यस हिमा गाउँपालिकाको दश वर्षे शिक्षा योजना निर्माण गरिएको छ।

### ५.२.१ वर्तमान अवस्था

सन् २०३० सम्मका लागि विश्वव्यापी रुपमा तय गरिएका दिगो विकासका १७ लक्ष्यहरुमा लक्ष्य ४ गुणस्तरीय शिक्षामा केन्द्रित छ। लक्ष्य ४ विशेष गरी समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको पहुचँ सुनिश्चित गर्ने र जीवन पर्यन्त शिक्षाका अवसर उपलब्ध गराउने उल्लेख गरेको छ। यो लक्ष्य हासिल गर्न बिभिन्न प्रयासहरू भएतापनि उचित प्रतिफल देखा परेका छैन। शिक्षालाई यस रुपमा बुझ्न र सो अनुरुपको व्यवहार गर्न विद्यालय सुशासनमा सबै पक्षको न्यूनतम रुपमा भए पनि साझा धारणा बनाउनु आवश्यक हुन्छ, साझा सोच र प्रयास आवश्यक हुन्छ। यसका लागि विद्यालय सुशासनमा नयाँ नयाँ संरचना बनाउनेभन्दा पनि भएका संरचना र संयन्त्रमा सुधार गर्नु आवश्यक हुन्छ। यिनीहरुको क्षमता विकासमा जोड दिनुपर्छ। असहमतिका बीचमा सहमती खोजेर अगाडि बढ्नुपर्ने अवस्था छ। सुशासनमा न्यूनतम साझा धारणा तय गरी अगाडि बढ्न उपयुक्त हुने देखिन्छ। अबका दिनमा विद्यालय गभर्नेन्स कुनै एक कर्ताको एकल निर्णयबाट नभई बहुसहभागितामा आधारित भई साझा मतका आधारमा सञ्चालन हुनु आवश्यक हुन्छ । विद्यालय गभर्नेन्सको सन्दर्भमा सरकारका प्रतिनि निर्णयकर्ताका रुपमा भन्दा पनि एउटा कर्ताको रुपमा मात्र रहनु उपयुक्त हुन्छ। विद्यालय सुशासनमा सरोकारवालाहरूको सामूहिक र वैयक्तिक जवाफदेहिताले अत्यन्त महत्व राख्दछ (स्मिथ, २०१६)। यस्तो जवाफदेहिता विद्यार्थीको सिकाइ उपलब्धिमा मात्र हेर्ने पद्धति रहेको छ। विद्यार्थीको सिकाइ उपलब्धि बढाउने नाममा पाठ्यक्रमका अन्य अपेक्षा छाँयामा पर्ने हो कि भन्ने चिन्तालाई पनि स्वभाविक मान्नुपर्ने हुन्छ। किनकी यस्तो उपलब्धिमापन शिक्षकबाट तयार गरिएका औजारका आधारमा हुने गर्दछ जसको सकारात्मक प्रभाव मात्र छैनन्। विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन तर्जुमा गर्नुपर्ने नीति निर्माणमा पनि सबैको सहभागिता आवश्यक हुन्छ। सरोकारवालाहरूको व्यवहार र अभ्यासमा पनि परिवर्तन चाहिन्छ। सुधारका लागि सबैले दबाब महसुश गरेको हुनुपर्छ। विद्यालयमा जवाफदेहिता सबैले पालना गरेको हुनुपर्छ (हुग, २०१६) जुन विद्यालय गभर्नेन्समा अर्को महत्वपूर्ण पक्षको रुपमा रहेको हुन्छ। यस्तो जवाफदेहिता सामान्यतया समतलीय (Horizontal) र ठाडो (Vertical) हुन्छ भन्ने गरिन्छ। ठाडो (Vertical ) अन्तर्गत Regular School Accountability (जहाँ नियम कानूनको परिपालना र सो को प्रतिवेदन माथिल्लो निकायमा पठाउने विषय पर्छ) र School Performance accountability (जसमा विद्यालयको समग्र पक्षको मूल्याङ्कन पर्छ) जस्ता विषयहरु पर्दछन्। यसैगरी समतलीय जवाफदेहिता (Horizontal Accountability) अन्तर्गत Professional School Accountability/ Multiple School accountability पर्दछ। पहिलो अन्तर्गत विद्यालयका शिक्षक र अन्यका लागि पेशागत मापदण्ड पर्दछन् भने दोश्रो अन्तर्गत विद्यालयका समग्र गतिविधीहरु पर्छन्, जहाँ सबै सरोकारवालाहरूको संलग्नता, सहकार्य र समन्वय आवश्यक हुन्छ। सबै कर्ताहरुको जवाफदेहिता सुनिश्चित गर्न उनीहरूलाई कानूनतः कामको अवसर पनि दिनुपर्छ। अधिकार र काम दिनु भनेको सरोकारवालाहरूलाई खेलका लागि मैदान उपलब्ध गराउनु पनि हो। अधिकार दिएपछि सो पूरा गर्ने अपेक्षा राख्नु स्वभाविकै हुन्छ। र अन्तमा, सुशासनको

अवधारणा समयसँगै बदलिंदै गएको छ। शुरुमा यो शासन गर्ने पक्षसँग सम्बन्धित थियो। अहिले आएर सार्बजनिक सेवा र सुविधाको सुनिश्चितता गर्ने कार्यसँग सम्बन्धित गरिएको छ। कम शासन हुनुपर्छ भन्न थालिएको छ। सुक्ष्म ढंगबाट विश्लेषण गर्ने हो भने विगतमा जे जस्तो भए तापनि अहिले सरकार एक्लैले मुलुकको शासन सञ्चालन गर्ने अधिकार प्राप्त गरेको हुँदैन्। न्यायालय, संसद, कार्यपालिकाका साथमा विभिन्न संवैधानिक निकायहरु एवम् अन्य पक्षहरुको संयुक्तरुप नै समग्रतामा मुलुकको सुशासन हो। यसले सन्तुलन र नियन्त्रणको सिद्धान्तमा आधरित भई शासन गर्नका लागि आवश्यक अधिकार बाँडफाँड गरेको हुन्छ। विद्यालय एउटा सार्बजनिक निकाय हो। यसले प्रदान गर्नुपर्ने सेवा सुविधाको सहज र प्रभावकारी ढँगबाट प्रवाह हुने व्यवस्था सुनिश्चित गर्नका लागि विभिन्न संरचना र संयन्त्र बनाइएका छन्। यीनै संरचना र संयन्त्र मिलेर विद्यालयको सुशासन हुन उपयुक्त हुन्छ। अहिलेको सन्दर्भमा विद्यालय सुशासन एकल निकाय वा पदाधिकारीबाट हुन सम्भव छैन। आन्तरिक र बाह्य सरोकारवालहारुको संयुक्त सहभागिता र साझ अवधारणबाट विद्यालय सुशासन हुनु उपयुक्त हुने देखिन्छ। तसर्थ नेपालको सन्दर्भमा विद्यालय सुशासनसम्बन्धी सम्पूर्ण अधिकार न त स्थानीय सरकारमा रहेको छ न विद्यालय व्यवस्थापन समितिमा छ। यसको अलावा विद्यालय सुशासनको अधिकार त स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा अभिभावकको संयुक्त रुपमा रहेको हुन्छ।

तसर्थ, यस योजना हिमा गाँउपालिकाको शिक्षा क्षेत्रको आवश्यकता, अवसर र सम्भावनाको आँकलन गरी बनाइएको हुँदा यस गाउँपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्नेआधारमात्रको रुपमा हेरिएको छ। यसको प्रभावकारी कार्यान्वयनको लागि सम्पुर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ। पालिकाभित्रको विशिष्ठ परिवेश सापेक्ष शिक्षा नीति निर्माण गरी सोहीअनुरुप पको रणनीति र कार्यनीति तयार गरिएको हुँदा यस पालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हनु सक्छ। विगतमा संचालित शिक्षा क्षेत्रमा कार्यक्रमहरुले शिक्षाको पहुँच र सहभागीता समेट्न नसके को अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयन गर्न लागिएको हो । यस योजनासंग सम्बन्धित सम्पुर्ण पक्षहरूको समावेशी सहभागीता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा स्थानीय शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिती गठन गरिनेछ । उक्त समितीको सदस्य-सचिवमा पालिकाको शिक्षा शाखा प्रमुख लाई तोकिने छ । साथै यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरुपमा यही समितिले गर्नेछ । यो समितीको कार्य निम्न बमोजिम हुनेछ ।

- शिक्षा क्षेत्र योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरुप बार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकार र अन्य संघ-संस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुने शिक्षा क्षेत्रका कार्यक्रमरू बीच समन्वय गर्नेगराउने,
- समित सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमको अनगुमन गर्ने,

- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनगुमन र समीक्षा गर्ने
- अन्य सहयोगी निकार्यहरूबीच समन्वय गर्ने,
- शिक्षा अन्तरगतका गाउँपालिका क्षेत्र सम्बन्धि अध्ययन, अन्वेषण गर्ने गराउने र अन्य आवश्यक कार्यहरू गर्ने, गराउने,

### ५.२.२ उद्देश्य

- स्थानीय तहमा सञ्चालन हुनेशैक्षिक कार्यक्रमकार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरीयोजनालाईप्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु।
- योगाउँपालिका शिक्षा क्षेत्र योजना अन्तरगतका स्वीकृत कार्यक्रमकार्यान्वयनबाटबालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच , गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागि आवश्यक सहजीकरण गर्नु
- शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तरगत तर्जुमा गरिएका कार्यक्रमकोकार्यान्वयनमा एकरूपता कार्यम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्यउनु,
- बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह /निकार्यको भूमिका स्पष्ट गरी अपेक्ष नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु
- बार्षिक कार्यक्रमकार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्धतिलाई दिशानिर्देशनगर्नु /गराउनु

### ५.२.३ रणनीतिहरू

- नीति तर्जुमा आधाररत अनगुमन प्रणालीको माध्यमबाट कार्यक्रमकोप्रभावकारी कार्यान्वयन गरी शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने ।
- संघीय तथा प्रदेश तहबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त सर्शत अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रमतयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघ गठनगर्नेर विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना( SIP) निर्माण तथा अध्यावधिक गर्ने ।
- विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्राध्यानाध्यापकलाइ जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धि आवश्यक मापदण्ड तयार गरी लागुगर्ने ।

- अभिभावक तथा सरोकारवालाहरूसग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजीक परीक्षणलाई प्रभावकारी बनाउने ।
- समुदायिक सिकाई केन्द्र मार्फत सबैउमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाई केन्द्रका रूपमा समेत कार्य गर्ने।

**५.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

➢ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

यस योजनाको पहिलो ५ वर्षको अवधिमा निम्नअनुसारका नतिजाहरू प्राप्त गर्ने लक्ष राखिएको छ।

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- आधारभूत शिक्षामा सबैको पहुँच स्थापित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु जस्तोः दिवा खाजा, छात्रवृत्तिजस्ता कार्यक्रमहरु सञ्चालन
- दुर्गम, हिमाली तथा अति पीछडिएका क्षेत्र, वर्ग एवम् अपाङ्गता भएका बालबालिका समेतका लागि आवासीय विद्यालयहरु सञ्चालन
- निःशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गराउने
- स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागि आवश्यक सहजीकरण भएको हुनेछ।
- बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनेका हुनेछन्
- गुणस्तरीय शिक्षाको विकासका लागि शिक्षक तालिम, न्यूनतम सिकाइ वातावरण निर्माण, विद्यालयको भौतिक पूर्वाधार निर्माण, शिक्षक दरबन्दी मिलान, मातृभाषामा शिक्षा, बालमैत्री सिकाइ, प्रविधिको प्रयोग, अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार
- माध्यमिक शिक्षा अन्तर्गत निःशुल्क पाठ्यपुस्तक वितरण, विभिन्न छात्रवृत्तिहरु वितरण, आवासीय विद्यालय तथा घुम्ती विद्यालय सञ्चालन

- नमूना विद्यालयको विकास, प्रधानाध्यापकको छुट्टै दरबन्दी व्यवस्था,शिक्षक तालिम, विज्ञान प्रयोगशाला, पुस्तकालय, दूर शिक्षा कार्यक्रम, स्वयंसेवक परिचालनजस्ता कार्यक्रमहरु सञ्चालन
- अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाई साक्षर घोषणा गर्ने कार्यक्रम सञ्चालन
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन तथा विद्यालयको आय व्ययको वित्तीय अनुशासन कायम राख्नका लागि निरन्तर अनुगमन, सुपरीवेक्षण एवम् नियमन

### ५.२.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र स | क्रियाकलाप तथा प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | शिक्षा सम्बन्धी नीति कानून, निर्देशिका, कार्यविधि , मापदण्ड, निर्देशिका तथा कार्यविधि, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन, | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | निर्दिष्ट सूचकहरु तयार गरी आफ्नो क्षेत्रभित्रका उत्कृष्ठ प्रअ, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यालयसमेतलाई पुरस्कृत गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | निरन्तर |
| ३ | पुराना शिक्षकलाई नयाँ पाठ्यक्रम अनुरुप समायोजन गराउन तालिम र क्षमता विकासका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | निरन्तर |
| ४ | सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघको सहकार्यबाट विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक भई र कार्यान्वयनमा सहजीकरण गर्ने | ओटा | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | सामुदायिक र निजी विद्यालयमा देखिएको लैंगिक असमानता कम गर्न स्थानीय सरकारले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | पटक | १० | १ | १ | १ | १ | १ | ३ |
| ६ | उपलब्ध शिक्षा क्षत्रेगत कानुन निर्देशिका मापदण्डको छपाई तथा प्रबोधीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | निरन्तर |
| ७ | लगानीको लागि स्थानीय गैससहरूसंग साझेदारी तथा समन्वय | पटक | ५ | १ | १ | १ | १ | १ | निरन्तर |
| ८ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | २३ | निरन्तर |
| ९ | सम्बद्ध सबै संस्थाहरूको लागि सामाजीक परीक्षण | पटक | ५ | | | | | | निरन्तर |
| १० | अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | समुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरु सञ्चालन गर्ने | पटक | १० | २ | २ | २ | २ | २ | निरन्तर |
| १२ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास गर्ने | विद्यालय | २३ | ५ | ५ | ७ | ८ | ३ | निरन्तर |
| १३ | घोक्ने भन्दा सोच्ने, शिक्षण भन्दा सिकाइ, पाठ्यपुस्तक भन्दा सन्दर्भ सामग्री, एकल भन्दा सामुहिक, कक्षाकोठा भन्दा कक्षा बाहिर, विचारलाई स्विकार गर्ने भन्दा आलोचना गर्ने, लेक्चर भन्दा छलफल जस्ता अभ्यासहरुमा विद्यालयका कृयाकलापहरु केन्द्रित गर्ने | विद्यालय | २३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | विद्यालयको पारदर्शिता र सूचना प्रणालीलाई प्रभावकारी बनाउन परमपरागत अभ्यासलाई कार्यान्वयन गर्ने जस्तै ; कटुवाल प्रथा, चोहो प्रणालि (तामाङ्ग), रोधि आदी | विद्यालय | २३ | ० | ५ | ५ | ५ | ८ | |
| १५ | विद्यालयका योजना तथा कार्यक्रम, शैक्षणिक कृयाकलाप, आर्थिक गतिविधि जस्ता आम समुदायका सरोकारका विषयहरुलाई यस्ता रैथाने कार्यक्रमहरु मार्फत सार्वजनिक गरी सरोकारवालाहरुलाई सूचना प्रदान गर्ने र पारदर्शिता कायम गर्ने | विद्यालय | २३ | ५ | ५ | ५ | ५ | ३ | २८ |

# परिच्छेद: ६ लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

कुनैपनि योजना निर्माण गर्दैमा त्यसले प्रतिफल दिँदैन । योजनामा समावेश गरिएका लक्ष्य,उद्देश्य तथा सकारात्मक प्रतिफलको प्राप्तिका लागि त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । योजनाको पूर्णरुपमा कार्यान्वयन गरी त्यसको नतिजा प्राप्तिका लागि प्रयाप्त लगानीको आवश्यक्ता पर्दछ । लगानी गर्नका लागि स्रोतको खाँचो पर्दछ किनकी स्रोत योजनाको मुटु हो । योजनाको कार्यान्वयन स्रोत र लगानीसँग जोडिने हुनाले योजनाको कार्यान्वयनमा स्रोत व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको सन्दर्भमा शैक्षिक योजना तथा कार्यक्रमहरुको कार्यन्वयन गरी शैक्षिक सुधार गर्न आवश्यक पर्ने विभिन्न पक्षहरुको व्यवस्थापनका लागि संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारले आर्थिक स्रोतको प्रवन्ध गर्दै आएका छन । नेपालको संविधान, २०७२ अनुसार आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेतापनि हालको परिप्रेक्ष्यमा शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीय तहहरू परिपक्व हुन नसकेको अवस्था रहेकाले संघीय र प्रदेश सरकारले शिक्षाको क्षेत्रमा पर्याप्त लगानी गर्दै आएका छन् ।

विद्यमान संविधान बमोजिम आधारभूत र माध्यमिक शिक्षा निःशुल्क भएसंगै विद्यालय शिक्षाको सम्पूर्ण क्षेत्रमा सरकारले नै लगानी गरेको पाइन्छ । संघीय सरकारले वार्षिक ससर्त अनुदानको रुपमा शिक्षक/कर्मचारी तलब भत्ता, भौतिक पूर्वाधारका संरचनाहरुको निर्माण, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू, विभिन्न किसिमका आवासीय तथा गैरआवासीय छात्रवृत्ति, कक्षा ६-१२ का छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड, सार्वजनिक विद्यालयका कक्षा १-१२ का विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक, बालविकास कक्षा देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि दिवा खाजा अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, नमूना विद्यालयका लागि अनुदान, राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन र अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि अनुदान जस्ता कार्यक्रम शीर्षकका रकमहरु स्थानीय तहमा वित्तीय हस्तान्तरण गरी पठाउने र सो अनुदान रकमलाई स्थानीय आवश्यक्ता अनुसार विद्यालयहरु प्राथमिकीकरण गरी वितरण गर्ने व्यवस्था रहेको छ । यसैगरी प्रदेश सरकारले पनि विद्यालको भौतिक पूर्वाधार विकास,उच्च शिक्षाका लागि छात्रवृत्ति, शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरुमा प्रशस्त लगानी गर्दै आएको छ ।

नेपाल सरकारको सबैका लागि शिक्षा कार्यक्रम शीर्षक र विद्यालय क्षेत्र विकास कार्यक्रम SSDP अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयनका साथै हालै पछिल्लो समयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधार कार्यक्रम ( पुस्तकालय, विज्ञान प्रयोगशाला तथा आइ.सी.टी. ल्याव स्थापना) का लागि विद्यालयले पेश गरेको प्रस्ताव र स्थानीय तहको प्राथमिकीकरण एवं सिफारिसका आधारमा विद्यालय छनौट गरी स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि वजेट हस्तान्तरण गरी पठाउने कार्यको थालनी गरेको छ । यसैगरी स्थानीय तहहरुले पनि आफ्नो क्षेत्राधिकार भित्रको शैक्षिक प्रणालीमा सुधार गर्नका लागि विभिन्न कार्यक्रमका शीर्षकहरुमा बजेट बिनियोजन गरी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रयास गरिरहेका छन् । ग्रामीण क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयहरुमा बालबालिकाहरुको सहज पहुँच

विस्तार गर्न थप विद्यालय स्थापना र सञ्चालन, शिक्षक दरबन्दी अभाव रहेको सन्दर्भमा गाउँपालिका अनुदानका शिक्षक दरबन्दीको व्यवस्थापन विभिन्न किसिमका शैक्षिक भत्ताको व्यवस्था, शिक्षकहरूको क्षमता विकासका छोटा तालिमको सञ्चालन, विद्यार्थीको प्रतिभा विकासका लागि पालिकास्तरीय अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु सञ्चालन , आर्थिक तथा सामाजिक रुपले पछाडि परेका,अपाङ्गता भएका बालबालिकाहरुका लागि विषेश कार्यक्रम जस्ता विविध शैक्षिक कार्यक्रमहरुका लागि स्थानीय तहहरुले स्रोत पहिचान गरी शिक्षामा लगानी गरेको पाइन्छ ।

साथै शिक्षाको क्षेत्रमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु तथा साझेदार निकायहरुले पनि प्रशस्त लगानी गरेको पाइन्छ । त्यतिमात्र नभई शैक्षिक विकासका निमित्त आम अभिभावक,समुदाय, विभिन्न दाताहरुले पनि आर्थिक लगानी गरेको पाइन्छ । यसरी जुन तहको सरकार, संघसंस्था तथा निकायहरुले जसरी लगानी गरेतापनि सबैको लक्ष्य भनेको शैक्षिक गुणस्तर सुधार गरी समग्र शैक्षिक प्रणालीलाई बलियो बनाउनुमा केन्द्रित रहेको छ ।

यस खण्डमा हिमा गाउँपालिकाको दशवर्षीय शिक्षा योजनाको कार्यान्वयनको लागि विद्यमान अवस्था, चुनौती तथा अवसरहरुको समीक्षा गर्दै स्रोत र लगानी व्यवस्थापनका लक्ष्य, उद्देश्य,रणनीति तथा अपेक्षित नतिजा निर्धारण गरी योजना कार्यान्वयनका सम्भावित स्रोतहरुको आंकलन र तिनीहरुको शिक्षाका उपक्षेत्रगत शीर्षकहरुमा गरिने लगानीको खाका तयार पारी प्रस्तुत गरिएको छ ।

## ६.२ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले शिक्षालाई तिनवटै सरकारको अधिकारको साझा सूचीमा समावेश गरेसँगै विद्यालय शिक्षामा सबै तहका सरकारले आ-आफ्नो तवरबाट लगानी तथा स्रोत व्यवस्थापन गरेको पाइन्छ । नेपालको इतिहासमा शैक्षिक अवस्थाको अध्ययन गरी सुझाव दिनका लागि विभिन्न समयमा गठन भएका राष्ट्रिय शिक्षा आयोग तथा कार्यदलले सार्वजनिक गरेका प्रतिवेदनहरुले शिक्षा क्षेत्रमा कुल बजेटको कम्तिमा २० प्रतिशत रकम विनियोजन गर्नका लागि सुझाव दिएतापनि शिक्षा क्षेत्रको बजेट प्रत्येक आर्थिक वर्षहरुमा क्रमश ऋणात्मक रुपमा विनियोजन हुँदै गइरहेको तितो थयार्थ हामीमाझ छ । त्यसमा पनि विनियोजित बजेटको करीव ७६ प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता शिर्षकमा खर्च हुने गरेको छ भने बाँकी बजेट विद्यार्थी छात्रवृत्ति, पाठ्यपुस्तक, भौतिक पूर्वाधार निर्माण तथा विद्यालय सञ्चालन तथा व्यवस्थापन जस्ता क्षेत्रमा खर्च हुने गरेको छ । यसैगरी प्रदेश सरकारले विनियोजन गर्ने बजेटमा विद्यालयको भौतिक पूर्वाधार विकासका क्षेत्रमा खर्च हुने गरेको पाइन्छ । साथै हिमा गाउँपालिकाले विनियोजन गरेको बजेट हेर्दा कुल बजेटको ११ प्रतिशत देखिएको छ । त्यसमध्ये पनि ७० प्रतिशत बजेट शिक्षक तथा कर्मचारीहरुको तलव भत्तामा नै खर्च हुने गरेको छ । विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने शिक्षकको समय अनुकुलको क्षमता विकास,विद्यालयहरुको प्रविधिमैत्री विकास, सूचना तथा सञ्चार प्रविधिमा सबैको पहुँच, विद्यालयको शैक्षिक सामग्री व्यवस्थापन तथा विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि न्युन बजेट विनियोजन हुनुले शैक्षिक गुणस्तर सुधारमा चुनौती थपेका छन् ।

स्रोत र लगानी व्यवस्थापनको सन्दर्भ जोडदा हिमा गाउँपालिका जुम्लाले निर्माण गरेको यस दश वर्षिय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि वित्तीय व्यवस्थापनको मुख्य स्रोत सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार र हिमा गाउँपालिका जुम्ला रहनेछन् । यसका साथै शैक्षिक गुणस्तर सुधार तथा उन्नयनका लागि शिक्षा क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंग आवश्यक्ता अनुसार लागत साझेदारी गरिनेछ । साथै स्रोत व्यवस्थापनमा यस क्षेत्रका विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावकहरु र आम समुदायको अहम भूमिका रहनेछ । यसैगरी यस योजनाको कार्यान्वयन गर्दा वित्तीय व्यवस्थापनको पाटो अन्तर्गत मुख्यतया आर्थिक स्रोतहरुको खोजी तथा संकलन गर्ने, प्राप्त स्रोतलाई प्राथमिकताक्रम निर्धारण गरी आवश्यकता अनुसारका क्षेत्रमा लगानी गर्ने र लगानी भएका स्रोत साधनलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गर्ने मुख्य जिम्मेवारी हिमा गाउँपालिकाको हुनेछ ।

**६.३ चुनौती तथा अवसरहरुः**

शिक्षा योजनामा समावेश भएका शिक्षाका कार्यक्रमहरुको कार्यान्वयन गरी शैक्षिक गुणस्तर सुधारका लागि प्रयाप्त लगानीको प्रबन्ध गर्नु, संघीय सरकारबाट प्राप्त ससर्त अनुदान आवश्यक्तानुसार खर्च गर्नु, भौतिक पूर्वाधार निर्माणका कार्यहरु समयमै सम्पन्न गर्नु, शिक्षा क्षेत्रको लगानीमा आम अभिभावकहरुको सहभागिता वृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा प्रयाप्त लगानी गर्नु, आर्थिक नियमितता,कार्यकुशलता र पारदर्शीतामा विद्यालयलाई जवाफदेही र जिम्मेवार बनाउनु जस्ता चुनौतीहरु स्रोत लगानी व्यवस्थापनका क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरु हुन ।

यसैगरी विविध चुनौतीहरुका विच पनि नेपालको वर्तमान संविधानले शिक्षालाई तिनवटै सरकारको साझा अधिकार भित्र राख्नु, आधारभूत र माध्यमिक तह स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्नु, तिनै तहका सरकारले शिक्षामा लगानी वृद्धि गर्नु, विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था तथा दातृ निकायहरुले शिक्षामा साझेदारी गर्नु ,आम अभिभावकको विद्यालय शिक्षामा लगानीका लागि चासो र चिन्तन बढदै जानु ,संविधानले आधारभूत तथा माध्यमिक शिक्षालाई निःशुल्क लिन पाउने व्यवस्था गर्नु, विद्यालय शिक्षामा विभिन्न किसिमका छात्रवृतिको व्यवस्था हुनु जस्ता कुराहरुले विद्यालय शिक्षाको स्रोत र लगानीको क्षेत्रमा अवसर सिर्जना गरेका छन् ।

**६.४ लक्ष्य**

हिमा गाउँपालिकाको शिक्षा क्षेत्रमा सबैको पहुँच तथा गुणस्तर अभिबृद्धिका लागि प्रयाप्त लगानीको सुनिश्चितता हुने ।

**६.५ उद्देश्यहरू**

- योजना अवधि (२०८२ देखि २०९२ ) का लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- शिक्षा योजनामा पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतहरुको पहिचान गर्नु,
- विभिन्न निकायबाट उपलब्ध हुने स्रोतको आधारमा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- शिक्षाका कार्यक्रमहरुको सञ्चालन तथा व्यवस्थापनका लागि खर्चको प्रक्रिया,दायित्व र जिम्मेवारी स्पष्ट गर्नु,
- विद्यालय शिक्षाको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता र पारदर्शीता कायम गर्नु ।

### ६.६ रणनीतिहरू

- सङ्घीय सरकार र प्रदेश सरकारको लगानीको अनुपातमा गाउँपालिकाको स्रोतबाट पनि विद्यालय शिक्षामा लगानी वृद्धि गरिनेछ।
- यस गाउँपालिका भित्रका लक्षित वर्गको शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्नका लागि थप लगानीको व्यवस्था गरिनेछ।
- शैक्षिक विकासका लागि विनियोजित तथा वितरित र उपलब्ध स्रोतको उपयोग गर्नका लागि विद्यालयलाई जबाफदेही बनाइनेछ।
- पालिकाले विनियोजन गर्ने वार्षिक कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिनेछ।
- विद्यालय शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिनेछ।
- संघ,प्रदेश तथा स्थानीय सरकारले निर्धारण गरेको मापदण्डका आधारमा खर्च गर्ने र सोको प्रतिवेदन पेश गर्ने पद्धति अवलम्बन गरिनेछ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइनेछ।

### ६.७ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य

**उपलब्धिः**

शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ साथै विद्यालयको वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयन भएपश्चात शिक्षा क्षेत्रको लगानी र स्रोत व्यवस्थापनमा देहायबमोजिमका प्रमुख नतिजाहरुको प्राप्ति हुनेछः

- विद्यालय शिक्षाका कार्यक्रमहरुको कार्यान्वयनका लागि उपलब्ध हुने स्रोतको अनुमान र विश्लेषण हुने,
- विभिन्न स्रोत र निकायबाट प्राप्त बजेटको प्राथमिकताक्रम निर्धारण गरिएका क्षेत्रमा लगानी हुने,
- लगानी भएको बजेटका आधारमा विद्यालय शिक्षाको गुणस्तर सुधार भएको हुने,
- शिक्षा क्षेत्रमा कुल बजेटको २०% रकम विनियोजन भएको हुने,
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने,
- विभिन्न साझेदार निकायहरुसंग साझेदारी गरिएको हुने।

### ६.७ वित्तीय योजना

हिमा गाउँपालिकाको शिक्षा योजनाको कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने अनुमानित बजेट र बजेटको स्रोतलाई शिक्षाका उपक्षेत्रगत रुपमा देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छः

## शिक्षाका विभिन्न उप-क्षेत्रमा विभिन्न सरोकारवालाहरुबाट हुने लगानीको प्रक्षेपण (बजेट रू. हजारमा)

| क्र. सं. | शिक्षाका उपक्षेत्रहरु | कुल लागत | वार्षिक अनुमानित लागत (५ वर्ष) ( | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८३ | २०८४ | २०८५ | संघ | प्रदेश | पालिका | अन्य |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ४०००१ | ७१५० | ८१८० | ८३३३ | ८०८९ | ८२४९ | १८२०० | ८०० | १८९८५ | ३०१६ |
| २ | आधारभूत शिक्षा (कक्षा १ - ८) | ८१२६१ | १४८७३ | १६११२ | १६७९७ | १६२८९ | १७१९० | ३३२७५ | २५९५० | १२८८० | १०१६८ |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | ५८७८१ | १०७३९ | ११८६० | १२३७६ | ११८९३ | ११९१३ | ३४९५० | ११५५० | ११६५० | १२७२ |
| ४ | अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १०५२४ | २१०४ | १८०५ | २२०५ | १७०५ | २७०५ | ५५०० | २०० | ३६५० | १२७५ |
| ५ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | २३९१४ | ३९७४ | ६२१० | ५०६० | ४६१० | ४०६० | ४३५० | २६५० | ५२५० | ११७०० |
| ६ | पाठ्यक्रम र पाठ्यपुस्तक, सिकाई सामाग्री तथा मूल्याङ्कन | ३२३३३ | ६२५३ | ६२७० | ६७७० | ६२७० | ६७७० | २२३०० | २१५० | ७४५० | ९५० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ४८८६६ | १००१० | ९७६४ | ९६१४ | ९६१४ | ९८६४ | २८७९५ | २६०० | १४७४५ | २७०० |
| ८ | विद्यालय पोषण तथा स्वास्थय | ३३१७३ | ६२५३ | ६७३० | ६७३० | ६७३० | ६७३० | ३२३५० | २०० | ४०० | ७०० |
| ९ | शिक्षामा समता र समावेशीकरण | ६५७३ | १०९३ | १२४५ | १२४५ | १२४५ | १७४५ | ० | ३५० | ४०५० | २३२५ |
| १० | विद्यालय व्यवस्थापन | ९१४४ | १४८४ | २०६५ | १८१५ | १८१५ | १९६५ | ५५७५ | ० | २८७५ | १०४५ |
| ११ | विद्यालयमा भौतिक पूर्वाधार विकास | ९८०७४ | ११३९४ | २१२९५ | २१२९५ | २१२९५ | २२७९५ | ६३६२५ | १९५०० | २२९५० | १९०० |
| १२ | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | १३३२६ | २२७४ | ३१३८ | २६३८ | २६३८ | २६३८ | ९६४० | ५५० | २५०० | १००० |
| १३ | विद्यालयमा सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशिलता | १४८४९ | २४२९ | ३१८० | २९८० | ३०८० | ३१८० | २९०० | ४२५० | ७००० | १०५० |
| १४ | सुशासन र व्यवस्थापन | ७८५३ | १४७३ | १६४५ | १५४५ | १५४५ | १६४५ | १००० | ६०० | १५७५ | ४८५० |
| १५ | अनुगमन तथा मूल्याङ्कन | ५८२३ | १०८३ | ११८५ | ११८५ | ११८५ | ११८५ | २९२५ | ५०० | १९०० | ६०० |
| | कुल जम्मा | ४८४४९५ | ८२५८६ | १००६८४ | १००५८८ | ९८००३ | १०२६३४ | २६५३८५ | ७१८५० | ११७८६० | ४४५५१ |

# परिच्छेद -७ अनुगमन तथा मुल्याङ्कन

## ७.१ परिचय

योजना निर्माण गरेर मात्र हुँदैन । योजनाको प्रभावकारिता त्यतिबेला मात्र देखिन्छ जतिवेला योजनाको सफल रुपमा कार्यान्वियन हुन्छ । योजनाले राखेका लक्ष्य तथा उद्देश्यहरु पूरा गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वियन अनुगमन र मूल्याङ्कन तथा समन्वय र सहजीकरणको उपयुक्त व्यवस्था गर्नुपर्ने हुन्छ । योजनाको सफल कार्यान्वय ,अनुगमन र मूल्याङ्कन गर्नका लागि सङ्गठन तथा संरचना निर्माण, जनशक्ति,नीति,कानून तथा मापदण्डको तयारी , बार्षिक योजना निर्माण, क्रियाकलाप निर्धारण, वित्तीय व्यवस्थापन तथा जिम्मेवारी र उत्तरदायित्व बाँडफाँड जस्ता कुराहरुको उचित प्रबन्ध गर्नुपर्ने हुन्छ । यसैगरी शिक्षाका कार्यक्रमहरुमा स्रोत र साधनको वितरण कसरी भइरहेको छ, समुचित तरिकाले लगानीको प्रवाह भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न कार्यक्रम कार्यान्वयनको अवस्था र प्रगतिका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । अनुगमनले सञ्चालित कार्यक्रमको वर्तमान अवस्था तथा प्रगतिको बारेमा जानकारी गराउँछ । साथै शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता र प्रभावकारिताको बारेमा व्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कनको सम्बन्ध प्रतिफलसँग जोडिएको हुन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । शैक्षिक कार्यक्रमहरूलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउनका लागि अनुगमन र मूल्याङ्कनले महत्वपूर्ण सहयोग गर्दछन् ।

नेपालमा योजनाबद्ध विकासको सुरुवात भएसँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङकन गर्ने परिपाटी बसेको भएतापनि आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङकन गर्ने व्यवस्थाको सुरुवात भएको हो । यसैगरी २०४९ देखि अनुगमन तथा मूल्याङकनलाई योजना कार्यान्वयनको एउटा पद्धतिको रुपमा विकास गरियो । साथै आठौँ आवधिक योजनादेखि नै विगतका अनुगमन तथा मूल्याङकन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था, उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मूल्याङकनको व्यवस्था सहितको बलियो अनुगमन तथा मूल्याङकन प्रणाली लागू गरियो । यस परिच्छेदमा योजनाको महत्त्वपूर्ण पक्षका रूपमा रहेको योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, समन्वय तथा सहजीकरण सम्बन्धि वर्तमान अवस्थाको समीक्षा गर्दै आगामी समयका लागि उद्देश्य निर्धारण गरी त्यसको प्राप्तिका लागि रणनीति सहितको क्रियाकलापहरु प्रस्तुत गरिएको छ ।

## ७.२ वर्तमान अवस्था

यस हिमा गाउँपालिकाको शैक्षिक क्षेत्र सुधार तथा विकासका लागि मार्गदर्शकको रुपमा रहने यस शिक्षा योजनाको सफल कार्यान्वियन गर्नु हिमा गाउँपालिकाको प्रमुख जिम्मेवारी हुनेछ । यस योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा

समन्वय र सहजीकरणका लागि शिक्षा योजनाको बारेमा सबैलाई जानकारी गराउने, योजनामा समावेश भएका क्रियाकलापहरु सञ्चालनका लागि आवश्यक ऐन, नियम,कानून, मापदण्ड तथा कार्यविधि तयार पार्ने, बजेट विनियोजन गर्ने, सस्थागत संरचनाको तयारी र क्षमता विकास गर्ने, सम्बन्धित क्षेत्रका जनशक्तिहरुको व्यवस्थापन तथा तिनीहरुको क्षमता विकास गर्ने, शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरुको सहभागिता गराउने,साझेदार निकायहरुसँग समन्वय र सहकार्य गर्ने जस्ता कार्यहरु गरिनेछ । नेपालको वर्तमान परिप्रेक्षलाई हेर्दा यस शिक्षा योजनाको कार्यान्वयन, अनुगमन,मूल्याङ्कन,समन्वय र सहजीकरणका लागि तपसिल बमोजिमको संयन्त्र रहेको छः

तालिका नं. ६.१ कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण सयन्त्र तालिका

| क्र.स. | तह | संयन्त्र | प्रमुख जिम्मेवारी | प्रक्रिया तथा कार्य |
|---|---|---|---|---|
| १ | विद्यालय | वि.व्य.स. र शि.अ.सं. | प्र.अ./अध्यक्ष/संयोजक | सञ्चालन,व्यवस्थापन र रेखदेख |
| २ | समुदाय | आम अभिभावक | अभिभावक | अनुगमन, सहयोग र सहभागिता |
| ३ | वडा | वडा कार्यालय, वडा शिक्षा समिति | वडाध्यक्ष | बजेट व्यवस्था, समन्वय र अनुगमन |
| ४ | गाउँपालिका | गाउँसभा, गाउँ कार्यपालिका | अध्यक्ष, प्र.प्र.अधिकृत | नीति निर्माण, कार्यक्रम निर्माण,बजेट |
| | | गाउँ शिक्षा समिति | संयोजक/अध्यक्ष | विनियोजन, कार्यान्वयन, अनुगमन |
| | | शिक्षा युवा तथा खेलकुद शाखा | शाखा प्रमुख | मूल्याकंन, समन्वय र सहजीकरण |
| ५ | जिल्ला | शिक्षा विकास तथा समन्वय एकाइ | एकाइ प्रमुख | अनुगमन, मुल्याङ्कन , समन्वय र सहजीकरण |
| | | जिल्ला शिक्षा समिति | संयोजक/अध्यक्ष | सहजीकरण तथा निर्देशन |
| | | सामाजिक विकास कार्यालय | कार्यालय प्रमुख | अनुगमन, मूल्याङ्कन र समन्वय |
| ६ | प्रदेश | सामाजिक विकास मन्त्रालय | माननीय मन्त्री/सचिव | योजना, नीती तथा कार्यक्रम निर्माण |
| | | शिक्षा विकास निर्देशनालय | निर्देशक | अनुगमन,मूल्याङ्कन र सहजीकरण |
| ७ | केन्द्र | शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय | माननीय मन्त्री | नीति नियम र मापदण्ड निर्माण |
| | | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | महानिर्देशक | कार्यान्वयन, अनुगमन, मूल्याङ्कन |
| ८ | अन्य | नागरिक समाज, साझेदार निकाय | सरोकारवालाहरु | अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण |

**७.३ उद्देश्य**

- बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,
- शिक्षा,युवा तथा खेलकुद शाखाको क्षमता विकास गर्नु,
- आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास तथा परिमार्जन गर्नु,

- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयारी, समीक्षा र सुधार गर्नु,
- विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु,
- प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु,
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु

**७.४ रणनीतिहरू**

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ।
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ।
- एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली (IEMIS) लाई थप सुदृढीकरण गरिनेछ।
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिनेछ।
- योजनाका लागत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ।
- प्रमाण तथा नतिजामा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई शैक्षिक सुधारका लागि भरपूर रुपमा उपयोग गरिनेछ।
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ।
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन गरिनेछ।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ।
- पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ।

**७.५ प्रमुख उपलब्धि तथा परिमाणात्मक लक्ष्य**

**उपलब्धिः**

प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकता अनुरुपको योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यः**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,
- अनुगमनका आधारमा नतिजा सुधार हुने,

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

### ७.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१०) बर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | शिक्षा योजनाको प्रभावकारी प्रतिफल प्राप्तिका लागि अनुगमन पद्धति र संयन्त्रको विकास तथा कार्यान्वयन गर्ने | निरन्तर | २ | १ | १ | ० | ० | ० | २ | निरन्तर |
| २ | वस्तुगत तथा उपलब्धिमूलक अनुगमन एव मूल्याङ्कन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक गर्ने | निरन्तर | २ | ० | १ | ० | १ | ० | २ | निरन्तर |
| ३ | विद्यालय तथा शैक्षिक संस्था र कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | पटक | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |
| ६ | शैक्षिक कार्यक्रमहरुको समीक्षा गरी प्रतिवेदन प्रस्तुत गर्ने ( मासिक,चौमासिक तथा वार्षिक ) | पटक | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |
| ७ | वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयारी, प्रस्तुती तथा सम्प्रेषण गर्ने | पटक | ६ | १ | १ | १ | २ | १ | ५ | निरन्तर |
| ८ | क्रमस कक्षा ३,५,८ र १० को विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ६ | १ | १ | २ | १ | १ | ५ | निरन्तर |
| ९ | विद्यालयको कार्यसम्पादन परीक्षण गरी थप सुधारका योजना बनाई कार्यान्वयन गर्ने | पटक | ६ | १ | १ | २ | १ | १ | ५ | निरन्तर |
| १० | शिक्षा योजनाको कार्यान्वयन, अनुगमन,मूल्याङ्कन गर्ने मानव संसाधनको क्षमता विकास गर्ने | पटक | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |
| ११ | विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | ६ | १ | २ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | विद्यालयको लेखा परीक्षण चुस्त दुरुस्त र पारदर्शी बनाउनका समयमै लागि लेखापरीक्षण गरी सार्वजनिक सुनुवाई गर्ने | पटक | ६ | १ | १ | २ | १ | १ | ५ | निरन्तर |
| १३ | शैक्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयन र प्रभावकारिताका बारेमा अध्ययन तथा अनुसन्धान गर्ने | पटक | ५ | १ | १ | १ | ४ | १ | ८ | निरन्तर |
| १४ | हरेक शैक्षिक क्रियाकलापहरुको प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखीकरण गर्ने पद्धतिको विकास गर्ने | पटक | ६ | १ | २ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | स्थानीय तहद्धारा विद्यालयको कक्षा अवलोकन तथा अनुगमन गरी थप सुधारका लागि पृष्ठपोषण र आवश्यक सहयोग प्रदान गर्ने | पटक | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |

**सन्दर्भ सामाग्री**


१. नेपालको संविधान- २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन -२०७४
३. शिक्षा ऐन- २०७६
४. राष्ट्रिय पाठ्यक्रम प्रारुप- २०७५
५. विद्यालय क्षेत्र विकास योजना- (२०७३-०७४/२०७७–०७८)
६. सोह्रौ आवधिक योजना (२०८०/२०८१-२०८५/२०८६)
७. पन्ध्रौ आवधिक योजना
८. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५
९. राष्ट्रिय शिक्षा पद्धतिको योजना- २०२८
१०. दिगो विकास लक्ष्य- २०१६- २०३०
११. नेपाल जीवनस्तर मापन सर्वेक्षण- २०८०
१२. आर्थिक सर्वेक्षण- २०८०, शिक्षा विज्ञान तथा सञ्चार मन्त्रालय

**हिमा गाउँपालिकाको कार्यालय कालिकाखेतु, जुम्ला**

कर्णाली प्रदेश
" विकासका सम्पूर्ण पुर्वाधारहरुको मूल आधार"
"हिमा गाउँवासि लाई खुसि, सुखि र सम्वृद्धिको सपना पार्नुछ साकार